# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क १८ | २०७१ पुस १६-२९ | पूर्णाङ्क ७३२



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२१, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोतीलाल चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | १६ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | २ |
| **जम्मा** | **३२** |

| | |
|---|---|
| इजलास नं. ८ | ४ |
| इजलास नं. ९ | ४ |
| इजलास नं. १० | २ |
| इजलास नं. १२ | २ |
| **जम्मा** | **१२** |

**कूल जम्मा ३२ + १२ = ४४**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, पुस – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं.१** | | | **१ - १७** |
| १. | बन्दी प्रत्यक्षीकरण | उमा भुजेलको हकमा प्रतिमा भुजेल वि. इलाका प्रहरी कार्यालय, कञ्चनपुर, सप्तरीसमेत | १ |
| २. | बन्दी प्रत्यक्षीकरण | प्रमोदकुमार खड्का वि. काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत | २ |
| ३. | बन्दी प्रत्यक्षीकरण | भक्तपुर २७(ख १२) को हकमा भक्तपुर २७(ख १४) वि. भक्तपुर जिल्ला अदालत, भक्तपुर | ३ |
| ४. | बन्दी प्रत्यक्षीकरण | बबरमहल (ग) को हकमा युवराज परियार वि. उच्च अदालत पाटनसमेत | ४ |
| ५. | उत्प्रेषणसमेत | विदुर बस्नेत भन्ने विदुर बस्न्यात वि. उच्च अदालत पाटनसमेत | ५ |
| ६. | अंश दर्ता | कृत्यानन्द मिश्रसमेत वि. सुधिरकुमार मिश्र | ६ |
| ७. | जबरजस्ती करणी | लोहे पासी वि. नेपाल सरकार, नेपाल सरकार वि. राजेश पासी | ७ |
| ८. | डाँका चोरी | नेपाल सरकार वि. कुमार भन्ने रामकुमार नगरकोटीसमेत, केदार के.सी. वि. नेपाल सरकार | ९ |
| ९. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. फुलमाया राई | १० |
| १०. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. परिवर्तित नाम थर दाङ ५६(ब) समेत | ११ |
| ११. | बन्दी प्रत्यक्षीकरण | संजिव नेपालीको हकमा विशाल नेपाली वि. महानगरीय प्रहरी वृत्त, बालाजुसमेत | १३ |
| १२. | बन्दी प्रत्यक्षीकरण | नन्दबहादुर बोहोराको हकमा ललितजंग शाही वि. इलाका प्रहरी कार्यालय, धरानसमेत | १३ |
| १३. | आयकर (०६४।६५) | हेमन्त गोल्छा वि. आन्तरिक राजस्व कार्यालय, विराटनगर | १४ |
| १४. | लागु औषध (खैरो हेरोइन) | नरेश महत वि. नेपाल सरकार | १५ |

| | | | |
|---|---|---|---|
| १५. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. नरेश महतो | १६ |
| १६. | जबरजस्ती करणी | असरफ अलि शेष वि. नेपाल सरकार | १७ |
| **इजलास नं. २** | | | **१७ – १९** |
| १७. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. सुदास वाइवा | १७ |
| १८. | उत्प्रेषण, परमादेशसमेत | कृष्ण श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | १८ |
| **इजलास नं. ३** | | | **१९ – २४** |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चन्दरदेवी साह, चन्दरदेवी साह वि. नेपाल सरकार | १९ |
| २०. | मोही नामसारी | मोही प्रमाणपत्र, जीवछ दास तत्मा वि. दीलिपकुमार भट्टाचार्यसमेत | २० |
| २१. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. हिम्मत राना क्षेत्रीसमेत | २२ |
| २२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. श्यामलाल श्रेष्ठ | २३ |
| **इजलास नं. ४** | | | **२४ – ३२** |
| २३. | उत्प्रेषण | शम्भुप्रसाद पण्डित वि. पर्सा जिल्ला अदालतसमेत | २४ |
| २४. | बन्दी प्रत्यक्षीकरण | विशेश्वर भन्ने विशे खत्वे वि. कारागार कार्यालय सिराहा | २५ |
| २५. | अदालतको अवहेलना | अंजनी कुमार पोखरेल वि. कैलास सिरोहियासमेत | २५ |
| २६. | अंश दर्ता | शिवजीप्रसाद यादव वि. संझादेवी यादवसमेत, संझादेवी यादव वि. शिवजीप्रसाद यादव, मुनेश्वर यादव वि. शिवजीप्रसाद यादव | ३० |
| **इजलास नं.५** | | | **३२ – ३५** |
| २७. | उत्प्रेषण | धनश्याम आचार्य वि. स्वास्थ्य मन्त्रालयसमेत | ३२ |
| २८. | ठगी | नेपाल सरकार वि. विरू तामाङसमेत | ३३ |
| २९. | खोटा चलन | नेपाल सरकार वि. विकास भन्ने विषबहादुर गुरूङ | ३३ |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. यमबहादुर विष्टसमेत | ३४ |
| **इजलास नं.६** | | | **३५ – ३७** |
| ३१. | लिखत बदर दर्ता बदर दर्ता कायम | विष्णुप्रसाद गुप्ता वि. शंकरकुमार यादव | ३५ |

| | | | |
|---|---|---|---|
| ३२. | बन्दी प्रत्यक्षीकरण | लक्ष्मी खड्काको हकमा बलराम काफ्ले वि. उच्च अदालत पाटनसमेत | ३६ |
| **इजलास नं.८** | | | **३७ – ४०** |
| ३३. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. गोरका भन्ने गोरख महतो मुरीयारी | ३७ |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रेणुकुमार चौधरी | ३८ |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. एकबहादुर वि.क. | ३९ |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नरेश पुन, नेपाल सरकार वि. हिरा बलामी मगर | ३९ |
| **इजलास नं.९** | | | **४० – ४६** |
| ३७. | जबरजस्ती करणी | नेपाल सरकार वि. अब्दुल मिया भन्ने अब्दुल अहमद मोस्लीमसमेत | ४० |
| ३८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्तबहादुर थापामगरसमेत | ४२ |
| ३९. | उत्प्रेषणयुक्त परमादेश | हमीद अन्सारी, काठमाडौं वि. नेपाल सरकार, परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं | ४४ |
| ४०. | उत्प्रेषणसमेत | डोलिन्द्रप्रसाद शर्मा वि. नेपाल सरकार, शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं | ४५ |
| **इजलास नं.१०** | | | **४६ – ५०** |
| ४१. | जबरजस्ती करणी | सन्तोषकुमार चौधरी वि. नेपाल सरकार, अमिरकान्त चौधरीसमेत वि. नेपाल सरकार | ४६ |
| ४२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. पारस लोहनीसमेत | ४८ |
| **इजलास नं.१२** | | | **५० – ५२** |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चोकट सहनीसमेत | ५० |
| ४४. | जबरजस्ती करणी | पुजन बल वि. नेपाल सरकार | ५१ |

## इजलास नं.१

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७७-WH-००३३, बन्दीप्रत्यक्षीकरण, उमा भुजेलको हकमा प्रतिमा भुजेल वि. इलाका प्रहरी कार्यालय, कञ्चनपुर, सप्तरीसमेत

नेपालको संविधानले वैयक्तिक हक, स्वतन्त्रताको हक, यातना विरूद्धको हक एवं न्यायको हकलगायतका मौलिक हकहरूलाई विशिष्ट स्थान प्रदान गरेको देखिन्छ । कुनै पनि व्यक्तिलाई मनासिब आधार र कारण बिना बन्दी बनाउन नहुने र कुनै अभियुक्तलाई उसको अभियोग प्रमाणित नभएसम्म निज निर्दोष रहेको मानिने, अभियुक्तलाई आफूविरूद्धको अभियोगमा सफाइ पेस गर्न उचित मौका दिनुपर्नेलगायतका कुराहरू फौजदारी न्यायका प्रचलित मान्य सिद्धान्त हुन् । सोही कुराको मनन गरी नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता प्रदान गरेको छ । साथै संविधानको धारा १८ ले कानूनको दृष्टिमा सबै समान हुने, कानूनको समान संरक्षणबाट कसैलाई वञ्चित नगरिने र ऐ. संविधानको धारा २० ले कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा नराखिने र धारा २२ ले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिन नहुने कुराको संवैधानिक प्रत्याभूति गर्दै नागरिकको मौलिक हकउपरका गैरकानूनी क्रियाकलापका विरूद्ध संवैधानिक उपचारको हकको समेत सुनिश्चितता धारा ४६ ले गरेको छ । यसैगरी संविधानको धारा १३३ ले मौलिक हकको प्रचलनका निम्ति सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरेको छ भने सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिने ।

कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा हनन वा अङ्कुश लगाउनु हुँदैन सो कार्य कानूनी राज्यमा शोभनीय कार्य मान्न पनि सकिँदैन । कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी बिना आधार, कारण कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा सीमित गर्ने वा वैयक्तिक स्वतन्त्रता हरण गर्ने अधिकार संविधान र कानूनले कसैलाई प्रदान गरेको छैन । यी निवेदिका उमा भुजेलको फरक आस्था र विचार भएका कारण निजलाई पटकपटक पक्राउ गरी विभिन्न मुद्दामा पटकपटक अदालतबाट छुट्ने आदेश भएको देखिन्छ । अदालतबाट भएका आदेशलाई बेवास्ता गरी बिना आधार र कारण पक्राउ गर्ने, म्याद थप गर्ने गरी भएका विपक्षीका कार्यहरू कानूनसङ्गत देखिँदैन । प्रस्तुत निवेदनका सम्बन्धमा यी निवेदिकाउपर लागेको अभियोग एकातिर निजलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने प्रकृतिको देखिएको छैन भने निवेदिकाले प्रहरी कर्मचारीलाई अभद्र व्यवहार, गाली गलौज गरेकोले अभद्र व्यवहारको कसुरमा अनुसन्धानको क्रममा निजलाई थुनामा राखेको भन्ने विपक्षीहरूको जिकिर रहेको देखिए तापनि यी निवेदिकालाई जुन अभियोगको सम्बन्धमा मुद्दा अनुसन्धानको लागि भनी म्याद थपको माग गरिएको छ त्यसमा स्पष्ट आधार र कारण उल्लेख भएको नदेखिने ।

उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका रोहबाट हेर्दा, निवेदिकालाई बिना आधार र कारण पक्राउ गर्ने कार्यलाई कानूनसम्मत मान्न मिल्ने अवस्था

देखिएन। निजलाई विपक्षीहरूले बिना आधार र कारण केवल फरक आस्था र विचार राखेको आधारमा प्रवृत्त भावना राखी गैरकानूनी रूपमा हिरासतमा राखेको देखिएको अवस्थामा मुद्दा हेर्ने अधिकारीले विधिसम्मत पक्राउ गरी हिरासतमा राखिएको भन्ने विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः वस्तुनिष्ठ आधार र कारण बिना निवेदिकालाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य न्यायिक दृष्टिकोणबाट औचित्यपूर्ण नदेखिएको र निवेदिकालाई थुनामा राख्ने विपक्षीहरूको कार्य कानूनबमोजिमको नदेखिँदा निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल भाद्र १४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७७-WH-००२०, बन्दीप्रत्यक्षीकरण, प्रमोदकुमार खड्का वि. काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत

प्रसान्तकुमार जैसवालले यी निवेदक विरूद्ध बैंकिङ कसुर मुद्दामा जाहेरी दिई चलेको मुद्दामा उच्च अदालत पाटनबाट म्याद तामेल गर्दा यी निवेदक नबसेको ठाउँमा म्याद तामेल गरी यी निवेदकले सूचना नपाएको र प्रतिरक्षासमेत गर्न नपाई मुद्दा एक पक्षीय रूपमा फैसला भएको र सोही फैसला कार्यान्वयनको क्रममा थुनामा जानु परेको भन्ने जिकिर लिएको देखिन्छ। यी निवेदकले उच्च अदालत पाटनबाट जारी भएको म्याद कुन ठेगानामा तामेल भएको हो ? उक्त अदालतले म्याद तामेल गर्दा यिनको फरक ठेगानामा किन तामेल गर्यो वा के कसरी तामेल हुन पुग्यो ? भनी प्रस्ट रूपमा निवेदनमा खुलाएको देखिँदैन । म्याद तामेल गर्ने सम्बन्धमा सम्बन्धित व्यक्ति फेला नपरेमा निजको ठेगानामा साक्षीहरूको रोहबरमा घरदैलोमा म्याद टाँस गर्नुपर्ने हुन्छ । यो प्रक्रियामा के कुन रीत नपुगेको हो भनी निवेदनमा खुलाइएको छैन। अदालतले मुद्दामा समाह्वान म्याद जारी गरिसकेपछि उक्त म्याद रीतपूर्वक तामेल भएपश्चात् मात्र मुद्दाको प्रक्रिया अघि बढ्ने हुनाले सोहीबमोजिम उच्च अदालत पाटनबाट रीतपूर्वक म्याद तामेल भई फैसला भएको छ। त्यसैगरी यी निवेदकको घरदैलोमा म्याद टाँस गर्दा साक्षीहरूको रोहबरमा कार्य सम्पन्न गरिएको छ । रोहबरमा बस्ने साक्षीहरूले निवेदकको बसोबास नभएको ठाउँमा म्याद तामेल गर्दा साक्षी बसे भनी विश्वास गर्नसमेत सकिँदैन। त्यसैगरी त्यसो गर्दा निजहरूलाई कुनै फाइदा पुग्ने पनि देखिँदैन । निवेदकले उच्च अदालत पाटनबाट फरक ठेगानामा म्याद तामेल गरिएको भनी जिकिर लिए पनि त्यसको विश्वसनीय आधार देखाउन सकेका छैनन्। सो हुँदा निवेदकको नामको म्याद अन्यत्रै टाँस भएको भन्ने नदेखिई रीतपूर्वक निज बसोबास गर्ने ठाउँमा नै भएको भन्ने देखिने।

निवेदकले दिएको चेक बाउन्स भएपछि यिनका विरूद्ध बैंकिङ कसुर मुद्दामा प्रसान्त कुमार जैसवालले जाहेरी दिएका छन् । तत्पश्चात् यी निवेदकका विरूद्ध उच्च अदालत पाटनमा बैंकिङ कसुर मुद्दा दर्ता भएको र सो अदालतबाट उक्त मुद्दामा फैसला हुँदा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम १ महिना कैद र बिगो बमोजिम रू. २३,००,०००।- (तेइस लाख रूपैयाँ) जरिवाना भएको छ । उक्त फैसलाले लागेको जरिवानाबापत कैदमा बस्नुपर्दा कति अवधि कैदमा बस्नुपर्ने हो भन्ने सम्बन्धमा हेर्नुपर्ने देखिन्छ । बैंकिङ कसुर तथा सजाय ऐन,२०६४ को दफा ३(ग) ले आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटी दिने कार्यलाई कसुर कायम गरेको छ। सोही ऐनको दफा १५(१) मा कसैले दफा ३ बमोजिमको कुनै

कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र ३ महिनासम्म कैद सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यी निवेदकलाई कसुर कायम गर्दा सोहीअनुसार १ महिना कैद र रू. २३,००,०००।- (तेइस लाख रूपैयाँ) जरिवाना भएको छ । अब जरिवानाबापत कैदमा बस्नुपर्ने अवधीलाई हेर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ ले जरिवानाबापत कैद गर्न सकिने व्यवस्था गरेको छ । उक्त दफा ४६ को उपदफा (२)(क) मा कैद र जरिवाना दुवै सजाय हुने कसुरमा जरिवाना नतिरेबापतको कैद निर्धारण गर्दा दश वर्षभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ४६(२)(ख) मा कैद वा जरिवानामध्ये कुनै वा दुवै सजाय हुन सक्ने कसुरमा जरिवाना मात्रको सजाय भई त्यस्तो जरिवाना नतिरेबापतको कैद निर्धारण गर्दा त्यस्तो कसुरमा हुन सक्ने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको देखिने।

तसर्थ, निवेदकलाई जरिवानाबापत कैद गर्नुपर्दा निवेदकले जिकिर लिए जस्तो मुलुकी अपराध संहिता, २०७४ को दफा ४६(२)(ख) बमोजिम हुने नभई सोही ऐनको दफा ४६(२)(क) बमोजिम कैद निर्धारण गर्नुपर्ने देखिन आयो। उच्च अदालत पाटनले गरेको जरिवाना रू. २३,००,०००।- बापत कैद निर्धारण गर्दा दैनिक रू. ३००।- का दरले कट्टा हुनेमा दफा ४६(२)(क) बमोजिम बढीमा १० वर्ष मात्र कैद हुने व्यवस्थाअनुसार निज निवेदकलाई १० वर्ष कैद निर्धारण गरेकोलाई अन्यथा भन्न नसकिने।

अतः निवेदकलाई कानूनबमोजिम नै बैंकिङ कसुर मुद्दा चली उक्त मुद्दामा उच्च अदालत पाटनबाट १ महिना कैद र बिगोबमोजिम रू. २३,००,०००।- जरिवाना हुने गरी फैसला भएको र उक्त फैसलाको कार्यान्वयनको क्रममा निवेदकलाई लागेको कैद र जरिवानाबापतसमेत कैद निर्धारण गरी कैद भुक्तानका लागि थुनामा राखेको भन्ने देखिँदा निज निवेदकको थुना गैरकानूनी थुना भन्ने नदेखिएबाट निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने नदेखिने।

इजलास अधिकृत (उपसचिव): महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ साल श्रावण ३२ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७७-WH-००४३, बन्दीप्रत्यक्षीकरण, भक्तपुर २७(ख १२) को हकमा भक्तपुर २७(ख १४) वि. भक्तपुर जिल्ला अदालत, भक्तपुर

तल्लो निकायले आफ्नो क्षेत्राधिकारभित्र रहेर गरेको कानूनबमोजिमको आदेश कुनै महामारी वा प्रकोपको कारण देखाई गैरकानूनी भनी बदर गराउन माथिल्लो निकायमा जाने हो भने यस्तो प्रवृत्तिले समाजमा न्यायप्रतिको दृष्टिकोणमा नराम्रो प्रभाव पार्नेसमेत देखिन्छ। एकातर्फ जबरजस्ती करणीजस्तो जघन्य अपराधको अभियोग लागेको व्यक्तिलाई कोरोनाको कहर देखाई छोडिदिँदा समाजमा रहेका व्यक्तिहरू त्रसित हुने अवस्था हुन्छ भने अर्कोतर्फ जनमानसको न्यायप्रतिको आस्थासमेत गुम्न जाने हुन्छ । कोरोनाको सङ्क्रमणबाट थुनुवालाई बचाउनु सरकारको प्राथमिक कर्तव्य हुने नै हुँदा राज्यका साधिकार निकायले कानूनबमोजिम गरेको कार्य महामारी तथा कुनै प्रकोपको कारण देखाई कानूनविपरीत भयो भन्दै अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग हुन सक्ने नदेखिने।

बाल सुधार गृह बालबिज्याइँकर्ताहरूको हितको लागि स्थापना भएको हो । गृहले बालबालिकाहरूलाई समाजमा पुनःस्थापना हुन मद्दत गर्दछ । सुधार गृह बालबालिकाको सर्वोत्तम हित प्रवर्द्धन गर्न स्थापित संस्था भएकोले गृहमा रहँदा बालबालिकाको हित नहुने वा बालबालिकाको

वृत्तिविकास नहुने भन्न मिल्दैन । बालबालिकाको हितको खातिर संस्थापित निकायले बालबालिकाको हित नगरी राख्छ भनी बिना यथेष्ट आधार प्रमाण विश्वास गर्न नमिल्ने ।

यसरी निवेदकलाई तत्काल प्राप्त प्रमाणका आधारमा नै भक्तपुर जिल्ला अदालतबाट मिति २०७७।०५।०९ मा भएको आदेशमार्फत थुनामा राखिएको देखिँदा उक्त आदेश र सोबमोजिम गरिएको कार्य रीतपूर्वक नै देखियो । यस अवस्थामा प्रस्तुत निवेदनका विपक्षीहरूको काम कारबाहीबाट निवेदकको कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल भदौ २१ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७६-WH-०३७८, बन्दीप्रत्यक्षीकरण, बबरमहल (ग) को हकमा युवराज परियार वि. उच्च अदालत पाटनसमेत

बालबालिकाको हकमा बाल न्याय प्रणाली (Juvenile Justice) ले बालबालिकाहरूको सर्वोत्तम हितलाई ध्यानमा राखेर फरक कानूनी व्यवस्था वा दिशान्तरलाई अपनाएको हुन्छ । यस व्यवस्थाले बिज्याइँकर्तालाई सुधारात्मक दृष्टिकोणबाट लचिलो र फरक सजाय गर्ने गरेको हुन्छ । वयस्कलाई हुन सक्ने वा हुने सजायभन्दा कम सजाय गर्ने, कैद सजायलाई अन्तिम विकल्पको रूपमा लिने, कैदमा नराखी कैदको सट्टा सुधार गृहमा राख्ने, कानूनबमोजिम कैदको सजाय सुधार गृहमा बसेर कट्टा गर्न सकिने जस्ता प्रावधानलाई अपनाइएको हुन्छ । नेपालको बाल न्याय प्रणालीले बालबालिकाहरूको सर्वोत्तम हितलाई ध्यानमा राखेर सजाय गर्ने तथा सुधारात्मक कैदलगायतका विषयहरूलाई अपनाएको छ । प्रचलित सामान्य कानून र विशेष कानूनको रूपमा बालबालिकासम्बन्धी ऐन, २०७५ ले यी व्यवस्थाहरूलाई स्थापित गरेका छन् । कुनै बालक कानूनसँग द्वन्द्वमा परी सजाय गर्नुपर्दा कानूनले तोकेअनुसार गर्नुपर्नेमा अन्यथा छैन । यस्ता बिज्याइँकर्ताको हकमा सजाय गर्दा सुधारात्मक अवधारणा राखी सजाय गर्नुपर्ने हुन्छ । निजलाई सुधार गरी समाजमा असल तथा जिम्मेवार नागरिकको रूपमा विकास गर्नु यसको उद्देश्य रहेको हुन्छ । बिज्याइँकर्ता बालकको अवस्था, उमेर, निजबाट हुन पुगेको कसुरको प्रकृति र गाम्भीर्यसमेतलाई विचार गरी सुधारात्मक सजायका विभिन्न स्वरूपलाई अपनाउन सकिने हुन्छ । अभिभावकलाई जिम्मा लगाउनु वा बाल सुधार गृहमा राख्नु आदि विकल्प हुन सक्छन् । यस्तोमा अभिभावकलाई जिम्मा लगाउँदैमा निजको हितअनुकूल हुने र सुधार गृहमा राख्दा हितविपरीत हुने भन्ने होइन । निश्चित अवधि सुधार गृहमा बस्नुपर्ने बिज्याइँकर्तालाई अभिभावकको जिम्मा दिई छोड्ने भन्ने कानूनले व्यवस्था गरेको देखिँदैन । मिति २०७६।१२।७ गते सर्वोच्च अदालतको फुलकोर्टको निर्णयको मनसायसमेत सो रहेको होइन । बालकको सर्वोत्तम हितलाई ध्यान दिँदासमेत कानूनले निश्चित गरेको सुधार गृहमा बस्नुपर्ने व्यवस्थालाई अन्यथा गर्न सकिँदैन । वर्तमान स्वास्थ्य जोखिमको अवस्थामा बाल सुधार गृहमा रहेका बिज्याइँकर्ताहरूको अवस्था, कसुरको प्रकृति, हुन सक्ने वा भएको सजायको मात्रा र आवश्यकता हेरी तथा निजहरूको सर्वोत्तम हितसमेतलाई दृष्टिगत गरी अभिभावकको जिम्मामा छोड्न सकिने अवस्थालाई सुविधा दिन सकिने भन्ने फुलकोर्टको निर्णय रहेको देखिन्छ । यसले काठमाडौं जिल्ला अदालतले गरेको आदेश र उक्त आदेशलाई सदर गरेको उच्च अदालत पाटनको आदेशले बालबालिकाको सर्वोत्तम हितलाई दृष्टिगत नगरेको

भनी अर्थ गर्नु मिल्ने नदेखिने।

कानूनबमोजिम सक्षम निकायबाट भएको आदेशबमोजिम पुर्पक्षको लागि बालसुधार गृहमा रहेका यी निवेदकलाई सर्वोच्च अदालतको मिति २०७६।१२।७ को फुलकोर्टको निर्णयानुसारको सुविधाका लागि परेको निवेदनमा संरक्षकको जिम्मामा छाड्न नसकिने भन्ने काठमाडौं जिल्ला अदालतको आदेशलाई उच्च अदालत पाटनसमेतबाट सदर भएको छ । बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा बन्दीलाई त्यस्तो थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने। यी निवेदकलाई कसुरजन्य कार्यको प्रकृति, कसुरको गम्भीरता र निजलाई हुन सक्ने सुधारात्मक कैद सजायको मात्रासमेत दृष्टिगत गरी निजलाई अभिभावकको जिम्मा लगाउन मिल्ने नदेखिएको भनी सक्षम अदालतहरूबाट निर्णय भई निवेदक बाल सुधार गृहमा नै रहेको हुँदा निज निवेदक बबरमहल (ग) को बाल सुधार गृहको बसाइ कानूनसम्मत नै रहेको देखिँदा कानूनबमोजिम भएको कामकारबाहीबाट निवेदकको संविधान एवं कानूनप्रदत्त हक अधिकार हनन भएको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

अतः निवेदक बबरमहल (ग) को बाल सुधार गृहको बसाइ गैरकानूनी नदेखिएको र मिति २०७६।१२।७ को सर्वोच्च अदालत फूल कोर्टको निर्णयको आधारमा निज निवेदकलाई अभिभावकको जिम्मामा दिलाइपाउँ भन्ने निवेदनमा निज निवेदकलाई अभिभावकको जिम्मामा दिन नसकिने भनी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७६।१२।१६ को आदेश र उक्त आदेशलाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७७।१।१४ को आदेश उक्त फुल कोर्टको निर्णयसँग बाझिएको देखिँदैन। सो हुँदा निज निवेदक गैरकानूनी रूपमा थुनामा रहेको भन्ने नदेखिई गैरकानूनी थुनाबाट मुक्त गरिपाउन बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदन मागबमोजिमको आदेश जारी हुने नदेखिएको हुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ साल असार ८ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७६-WO-१०५९, उत्प्रेषणसमेत, विदुर बस्नेत भन्ने विदुर बस्न्यात वि. उच्च अदालत पाटनसमेत

उच्च अदालत पाटनबाट बैंकिङ कसुर मुद्दामा मिति २०७६।३।१७ मा अभियुक्त विदुर बस्नेत भन्ने विदुर बस्न्यातको नाममा जारी भएको समाह्वान म्याद मिति २०७६।५।१५ मा दोलखा जिल्ला अदालतबाट निवेदकको घर दैलोमा टाँस गरी एकप्रति म्याद दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. ३ को वडा कार्यालयको सूचना पाटीमा टाँस गरेको देखिन्छ । घर दैलोमा टाँस गर्दा र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्दासमेत रीतपूर्वक साक्षीहरूलाई रोहबरमा राखी कार्य सम्पन्न गरिएको छ । त्यसैगरी वडा कार्यालयको सूचना पाटीमा टाँस गर्दा वडा नं. ३ का वडा अध्यक्षसमेत रोहबरमा रहेको देखिन्छ। यसले रोहबरमा बस्ने जनप्रतिनिधिलगायतका साक्षीहरूले निवेदकको बसोबास नभएको ठाउँमा म्याद तामेल गर्दा साक्षी बसे भनी विश्वास गर्न सकिँदैन। त्यसैगरी त्यसो गर्दा निजहरूलाई कुनै फाइदा पुग्ने पनि देखिँदैन। सो हुँदा निवेदकको नामको म्याद अन्यत्रै टाँस भएको भन्ने नदेखिई रीतपूर्वक निज बसोबास गर्ने ठाउँमा नै भएको भन्ने देखिने।

निवेदकले उच्च अदालत पाटनबाट जारी गरिएको सूचना म्याद आफ्नो नागरिकताको ठेगानाअनुरूपको ठेगानामा टाँस नगरिएको भनी लिएको जिकिरका सन्दर्भमा कतिपय अवस्थामा

घर दुई ठाउँमा हुने र नागरिकता लिँदा एक ठाउँको बसोबासको वतन खुलाई नागरिकता लिइएको हुन्छ भने कतिपय अवस्थामा नागरिकता लिइसकेपछि बसोबास परिवर्तनसमेत भएको अवस्था रहन्छ । तसर्थ यस सम्बन्धमा नागरिकतामा उल्लेख ठेगानामा म्याद टाँस हुनु एउटा अवस्था रहन्छ भने प्रतिवादीको बसोबासको स्थानमा म्याद टाँस हुनु अर्को अवस्था रहन्छ । बसोबासको स्थानमा म्याद टाँस भएको अवस्थामा पनि रीतपूर्वक म्याद टाँस भएको भनी मान्नुपर्ने हुन्छ। उच्च अदालत पाटनको लिखित जवाफ हेर्दा उक्त अदालतबाट मिति २०७६/५/१५ गते कानूनबमोजिम म्याद तामेल भई प्रतिवादी विदुर बस्नेत भन्ने बिदुर बस्न्यातलाई १५ दिन कैद र रू.२१,५१,०००/- (एक्काइस लाख एकाउन्न हजार) जरिवाना हुने ठहरी यस अदालतबाट मिति ०७६/८/९ मा फैसला भएको हो । त्यसपश्चात् प्रतिवादीलाई महानगरीय प्रहरी वृत्त बौद्धले पक्राउ गरी यस अदालतमा दाखिला गरेको हुँदा फैसलाबमोजिम लागेको कैद र जरिवानाबापत यस अदालतबाट थुनामा राख्न पठाएको हो भनी उल्लेख गरेको देखिन्छ भने विपक्षी ईश्वर गुरूङले निवेदकको ठेगाना म्याद तामेल भएकै ठाउँमा हो । निजको सोही ठाउँमा हालसम्म बसोबास रही रहेको छ । निजको आमा, बाबु, पत्नी र छोरीहरूको समेत त्यही ठाउँमा बसोबास छ । निवेदकले अदालतको म्याद घरमा टाँस हुँदासमेत मतलब नगरी बसेका हुन् भनी जिकिर लिएको देखिन्छ । सो हुँदा यी निवेदक तथा बैंकिङ कसुर मुद्दाका प्रतिवादी विदुर बस्नेत भन्ने विदुर बस्न्यातको बसोबास रहेको स्थानमा रीतपूर्वक उच्च अदालत पाटनबाट म्याद जारी भई घर दैलो तथा सम्बन्धित वडा कार्यालयमा समेत म्याद टाँस भएको भन्ने देखिएको हुँदा उक्त म्याद र त्यसपश्चात् सोही म्याद तामेलीका आधारमा भएको उच्च अदालत पाटनको मिति ०७६/८/९ मा भएको फैसला बदर गर्नुपर्ने देखिन आएन। मलाई प्रतिवादी बनाइएको बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट मेरो घर ठेगानामा रीतपूर्वक म्याद टाँस नभएको र मेरो बसोबास नरहेको ठेगानामा म्याद टाँस भएको हुँदा आफ्ना कानून तथा संविधान प्रदत्त हकहरू हनन हुन पुगी प्रतिरक्षाको मौकासमेत नपाई थुनामा गएको अवस्था हुँदा उक्त म्याद र उच्च अदालत पाटनबाट भएको फैसला उत्प्रेषणलगायतको आदेशले बदर गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः निवेदकलाई प्रतिवादी बनाइएको बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट जारी भएको समाह्वान म्याद रीतपूर्वक नै मिति २०७६/५/१५ मा प्रतिवादीको घर दैलोमा टाँस भएको र आवश्यक कानूनी प्रक्रिया पूरा गरी उच्च अदालत पाटनबाट मिति ०७६/८/९ मा फैसला भएको हुँदा सो मुद्दामा तामेल भएको म्याद र फैसला बदर हुने अवस्था रहेन । सो हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): महेन्द्र प्रसाद पौड्याल
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ साल भाद्र ३ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७६-WH-०४०९, बन्दीप्रत्यक्षीकरण, विदुर बस्नेत भन्ने विदुर बस्न्यात वि. उच्च अदालत पाटनसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-१३०९, अंश दर्ता, कृत्यानन्द मिश्रसमेत वि. सुधिरकुमार मिश्र

यस मुद्दामा, लिखितरूपमा अंश बन्डा गरेको देखिँदैन । लिखित रूपमा बन्डा नगरे पनि घरसारमा नरमगरम मिलाई अचल सम्पत्ति बन्डा गरी दाखेल

खारेज गरी भोग बिक्री व्यवहारसमेत अलग अलग भएको पुनरावेदक प्रतिवादीहरूले सो पुष्टि हुने गरी कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । जग्गा हदबन्दीको कारणले छुट्टाछुट्टै भरेको ७ नं. फाँटवारीलाई मुलुकी ऐन, अंशबन्डा महलको ३० नं. को प्रयोजनार्थ गरिएको हो भनी भन्न सक्ने अवस्था पनि नरहने ।

पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीहरूबिच विधिवत्‌रूपमा अंश बन्डा नभई २००६ सालमा डोर सकार गरेको, मिति २०२२/६/२९ मा अंशियारहरूबिच कागज गरेको जसमा २१ वर्षको दिने र ११ वर्षको लिने, ७ नं. फाँटवारी भर्ने प्रयोजनार्थ मात्र केही जग्गाहरूको कागज गरेको भन्ने पुष्टि भइरहेको अवस्था रहेको ।

अंशियारको सम्बन्धमा नातामा विवाद नभएपछि वादीले अंश पाउनुपर्ने कुरालाई कानूनबमोजिम प्राप्त जन्मसिद्ध हक अधिकारको रूपमा लिनुपर्ने हुन्छ । सम्पत्तिसम्बन्धी हक व्यक्तिको नैसर्गिक तथा मौलिक हक हो । कानूनत: पाउने अंश हक कसैले बढी वा कसैले कम पाउन पनि सक्दैनन् । यस्तो अवस्थामा मुलुकी ऐन अंश बन्डाको महलको ३० नं. लाई अनदेखा गरी सुरू सुनसरी जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला त्रुटिपूर्ण रहेको भन्नेसमेत पुनरावेदक प्रतिवादीहरूको जिकिरमाथि प्रकरणहरूमा उल्लेख गरिएका तथ्य तथा स्थापित सिद्धान्तहरूविपरीत रहे भएकाले सो पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार कारण, नजिर सिद्धान्त तथा मिसिल संलग्न कागजातको अध्ययन गरी हेर्दा ७ नं. फाँटवारी र भोटरलिष्टमा अलग वासस्थान भएको तथ्यले मात्र अंशबन्डाको ३०नं. को कानूनी व्यवस्थाबमोजिमको अंशबन्डा पुष्टि नगरेको, वादीहरूले अंश लिए पाएको नदेखिँदा वादी दाबीबमोजिम अंश पाउने गरी सुरू सुनसरी जिल्ला अदालतको मिति २०६८/७/१ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६९/१२/२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनुजा शर्मा

इति संवत् २०७७ साल पौष ८ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७३-CI-१३१०मिलापत्र दा.खा. टिप्पणी आदेश लिखत दर्ता बदर दर्ता कायम, बस्नतकुमार मिश्रसमेत वि. सुधिरकुमार मिश्र भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७२-CR-१५३५, ०७२-CR-१९९६, जबरजस्ती करणी, लोहे पासी वि. नेपाल सरकार, नेपाल सरकार वि. राजेश पासी

कुनै व्यक्तिले आफ्नो सामाजिक इज्जत, सम्मान र प्रतिष्ठामा आँच आउने गरी जबरजस्ती करणी जस्तो जघन्य अपराधमा झुट्ठा बेहोरा लेखाएको तथा अदालतसमक्ष बकपत्र गरेको भनी अनुमान लगाउनु सर्वथा न्यायोचित नहुने हुँदा पीडितको भनाइका सम्बन्धमा पुनरावेदक प्रतिवादीले व्यक्त गरेको कुरा न्यायोचित र औचित्यपूर्ण नभई अपराधपछि सजायबाट बच्न व्यक्त गरेको दूषित विचार मात्र मान्नुपर्ने देखियो । प्रतिवादी लोहे पासीसमेत भई पीडितलाई जबरजस्ती करणी गरेको तथ्य स्थापित भएकाले निजलाई सो कसुरमा सजाय हुने नै देखिँदा सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा मान्न नसकिने ।

अब वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादी राजेश पासी (वर्ष २०) लाई कसुरबाट सफाइ दिने गरी भएको फैसला उल्टी गरिपाउँ भनी पुनरावेदन दायर गरेको देखिन्छ । जाहेरवालाले मौकामा जाहेरी दिँदा निज

राजेश पासी (वर्ष २०) समेत उक्त वारदातमा संलग्न रहेको भनी जाहेरी दिएको पाइन्छ भने अदालतसमक्ष निज जाहेरवालाले वारदात नै नभएको भनी बकपत्र गरेको देखिन्छ । यी प्रतिवादी राजेश पासी अनुसन्धान र अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेका छन् । स्वयं पीडित सी कुमारीले मौकामा मेरो भाइ नाता पर्ने राजेश पासीले मलाई केही गरेनन् । निजले बोलाई लगेका मात्र हुन् । निज राजेश पासीको भिनाजु राजेश पासी र लोहे पासीले मलाई जबरजस्ती करणी गरेका हुन् भनी लेखाएकी र अदालतमा बकपत्र गर्दासमेत यी राजेश पासी (वर्ष २०) लाई उक्त कसुरमा किटानी गरेको पाइँदैन । यस अवस्थाबाट यी प्रतिवादी राजेश पासी (वर्ष २०) ले मामाको छोरी नाताकी पीडितलाई आफ्नो घरमा बोलाएको भन्नेसम्म देखिन्छ । निज प्रतिवादी राजेश पासी (वर्ष २०) ले पीडितलाई जबरजस्ती करणी गर्न अन्य प्रतिवादीहरूलाई सहयोग गर्ने मनसायले जानीजानी लगेको र करणी गर्नमा सहयोग पुर्‍याएको भन्ने कुरा कुनै स्वतन्त्र तथा विश्वसनीय प्रमाण मिसिल संलग्न कागजातहरूबाट पुष्टि भएको नदेखिँदा निजलाई कसुरदार ठहर गरी सजाय गर्नु न्यायोचित नहुने भनी सुरू अदालतबाट भएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको फैसला अन्यथा मान्न नसकिने ।

जबरजस्ती करणी मुद्दाको सर्वोत्तम प्रमाण भनेको पीडित स्वयं हुने हुन्छ । कुनै पनि महिलाले अदालतसमक्ष उपस्थित भई आफूउपर प्रतिवादीले गरेको अन्याय (यौन हिंसा) को विवरण खुलाई दिएको अवस्थालाई सर्वोत्तम प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । यसै सम्बन्धमा ने.का.प. २०७५, अङ्क ५, नि.नं.१०००७ मा ''जबरजस्ती करणीको कार्य लुकीछिपी गरिने आपराधिक कार्य भएकाले त्यसमा प्रत्यक्षदर्शी साक्षी हुन सक्दैन । यस्तो अपराधमा पीडित महिलाको भनाइलाई अन्यथा नभएसम्म सर्वमान्य प्रमाणको रूपमा लिनुपर्दछ । अन्य वस्तुगत प्रमाणले पीडितको भनाइलाई गलत साबित नगराएसम्म त्यसलाई स्वीकार गर्नुपर्ने ।'' भन्ने साथै ने.का.प. २०६५ अङ्क १, नि.नं. ७९२३ मा "जबरजस्ती करणी मुद्दामा सामान्यतया प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुने हुँदा पीडित नै घटनाको आधारभूत गवाह हो । निजले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(ख) (क) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रूपमा लिनुपर्ने ।'' भन्ने सिद्धान्त प्रतिपादित भएको अवस्था छ । उक्त सिद्धान्तसमेत प्रस्तुत मुद्दामा आकर्षण हुने नै देखिन आउने ।

तसर्थ, प्रतिवादी लोहे पासीलाई जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३ नं. को देहाय ५ बमोजिम कैद वर्ष ६(छ) र सामूहिक जबरजस्ती करणी गरेतर्फ सोही महलको ३क. नं. बमोजिम थप ५ (पाँच) वर्ष गरी जम्मा ११ (एघार) वर्ष कैद र निजबाट पीडितलाई उक्त महलको १० नं. र १०ग. नं. बमोजिम रू.१,००,०००।– (एक लाख) क्षतिपूर्ति भराइदिने र प्रतिवादी राजेश पासी (वर्ष २०) ले आरोपित कसुरबाट सफाइ पाउने र झुठा बकपत्र गर्ने जाहेरवाला स कुमारलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८ (२) (क) बमोजिम तीन महिना कैद र रू.३,०००।- (तीन हजार) जरिवाना तथा वादी पक्षका साक्षी बिन्दु श्रीस र रवी पौडेललाई जनही रू.१००।- (एक सय) जरिवाना हुने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०५।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादी लोहे पासीको र राजेश पासी (वर्ष २०) लाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ

भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल असोज ८ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७४-CR-०२७२, ०७४-CR-१४०६, डाँका चोरी, नेपाल सरकार वि. कुमार भन्ने रामकुमार नगरकोटीसमेत, केदार के.सी. वि. नेपाल सरकार

मुलुकी ऐन, चोरीको महलको १३ नं. ले चोरीमा पटक कायम गर्दा जतिसुकै पटकमा साबित भए पनि अड्डाबाट कसुरदार ठहराई फैसला भएको प्रत्येक पटकलाई एक पटकको हिसाब गरी कायम गर्नुपर्छ भन्ने व्यवस्था गरेको छ। उक्त व्यवस्थाअनुसार पटक कायम गरी सजाय गर्दा अगाडिका प्रत्येक पटकमा कसुरदार कायम भई फैसला भएको हुनुपर्ने भन्ने देखिन्छ। यसबाट प्रतिवादीहरूलाई यस मुद्दामा पाँचौं पटकको पटके कायम गर्नका लागि यस अगाडिका चार वटा मुद्दामा कसुरदार कायम भई फैसला भएको हुनुपर्ने भन्ने देखिन्छ। यस सम्बन्धमा हेर्दा पुनरावेदन अदालतबाट पाल्देन लामाको जाहेरी रहेको मुद्दामा दोस्रो पटक भई यस मुद्दामा तेस्रो पटकको पटके कायम भएको छ। वादी नेपाल सरकारले अभियोग दाबी तथा पुनरावेदन जिकिर लिएका यस अगाडिका भागो तुलाधरको जाहेरी परेको र राजेश गुरूङको जाहेरी परेको डाँका मुद्दामा पुनरावेदन अदालतको फैसलामाथि यस अदालतमा पुनरावेदन परेको वा नपरेको तथा उक्त मुद्दाहरूमा के कस्तो फैसला भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन पत्र तथा बहसमा उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहसमा समेत खुलेको देखिँदैन। त्यसैगरी पटक दाबीको श्रृङ्खलामा पाल्देन लामाको जाहेरी रहेको मुद्दामा समेत पटक दाबी नपुगेकोमा सो मुद्दामा पुनरावेदन परे नपरेको समेत खुलेको देखिँदैन। यस मुद्दामा पाँचौ पटकको पटके कायम हुन पाल्देन लामाको मुद्दामा चौथो पटकको पटके कायम भएको हुनुपर्ने देखिन्छ। सो हुँदा अगाडिका सबै मुद्दाहरूमा कसुर ठहर नभएको तथा कसुर ठहर भएका मुद्दाहरूमा समेत पटक दाबीको श्रृङ्खला नमिलेको हुँदा प्रतिवादीहरूलाई यस मुद्दामा पाचौं पटकको पटके कायम गर्न मिल्ने देखिन आएन। पुनरावेदन अदालत पाटनबाट तेस्रो पटकको पटके कायम गरी भएको फैसला मिलेकै देखिने।

दिपेस राई, राजु खड्का, राजेश खड्का, आले भन्ने व्यक्ति र मससमेत जाहेरीमा उल्लिखित मानिसहरू डाँका गर्नको लागी कमला लामाको घरमा डाँका गर्ने योजना अनुसार आले भन्ने व्यक्तिले रिभल्वर ल्याएका थिए भने राजेश खड्का तथा निजका साथीहरूले खुकुरी रड वोकेका थिए। राति ००:०० बजेको समयमा जाहेरवालीको घरमा पुगी आफ्नो साथमा वोकेको रडले ढोका फोडि जाहेरीमा उल्लिखित भएका नगद तथा अमेरिकी डलर सुनको औंठि, सिक्री समेतका धनमालहरू डाँका गरी लगेका थियौँ। उक्त डाँका गरी लगेको सामानहरू भाग बन्डामा दिपेस राई, राजु खड्का र राम कुमार नगरकोटीलाई राजेश खड्काले जनही रू. १,८०,०००।- र प्रत्येकलाई ४००।- अमेरिकी डलर दिएका थिए भन्ने निज प्रतिवादीहरूको एकै मिलान बेहोराको अनुसन्धानका क्रममा भएको बयान रहेको देखिन्छ। वादी नेपाल सरकारको अभियोग दाबीमा १३,६१,०००।- बराबरको धनमाल डाँका भएको भनी सोही बिगोको मागदाबी गरीएको देखिन्छ। यसमा प्रतिवादीहरूले डाँका गरेकोमा अन्यथा नभए तापनि वादी दाबीबमोजिमको बिगो बराबरको धनमाल चोरी भएको भन्ने देखिने कुनै आधार प्रमाण मिसिल संलग्न रहेको देखिएन। केवल जाहेरवालाको जाहेरी बेहोरालाई मात्र आधार लिएर उक्त बिगो मागदाबी गरीएको देखिन्छ। मागदाबीबमोजिमको बिगो

प्रमाणित गर्ने कुनै प्रमाण पेस हुन आएको नदेखिँदा केवल जाहेरवालाको जाहेरीका आधारमा मात्र अभियोग दाबीबमोजिमको बिगो कायम गर्दा प्रमाणको एक पक्षिय रूपमा मात्र मूल्याङ्कन हुन जाने खतरा रहन्छ। अतः जाहेरी बेहोरालाई मात्र आधारमा लिई सोहीबमोजिम बिगो कायम गर्न मिल्ने देखिन आएन। सो हुँदा सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूलाई जनही रू.२५३,८७५।- जरिवाना हुने गरी भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने।

सहप्रतिवादीको पोलमा परी वारदात भएको धेरै समयपछि पक्राउ परेका यी प्रतिवादीको हकमा सहप्रतिवादीको अनुसन्धानका क्रममा भएको पोल बयान र सनाखत कागज स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । शंकाले प्रमाणको स्थान ग्रहण गर्न नसक्ने र फौजदारी कसुरमा शंकारहित तवरबाट कसुर पुष्टि हुनुपर्ने हुन्छ। केवल शंकाको भरमा कसुरदार कायम गर्न नमिल्ने र शंकाको सुविधासमेत प्रतिवादीले पाउने हुँदा शंकारहित रूपमा कसुर पुष्टि हुने प्रमाणको अभाव रहेको देखिन्छ । सहअभियुक्तका पोलका सम्बन्धमा सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन, यो त केवल न्याय निक्यौंल गर्न वा कुनै प्रमाणित तथ्यलाई पुनः पुष्टि गर्ने वा अझ बल प्रदान गर्ने एउटा थप आधार मात्र हुने (ने.का.प. २०६३, अङ्क ८, नि.नं. ७७४९) भन्ने नजिरसमेतका आधारमा प्रतिवादीउपरको आरोपित कसुर पुष्टि हुन आएको नदेखिने।

प्रतिवादी केदार के.सी. अनुसन्धानको क्रममा सहप्रतिवादीहरूको पोलमा परेको र सहप्रतिवादीहरूले सनाखतसमेत गरेको भए तापनि अदालतमा सहप्रतिवादीहरूले बयान गर्दा कुनै पोल नगरेको, अनुसन्धानका क्रममा सहप्रतिवादीहरूले गरेको सनाखत स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको, जाहेरवालाले यी प्रतिवादीलाई सनाखत गरेको नदेखिएको, यी प्रतिवादी तथा घर कोठाबाट चोरीसँग सम्बन्धित धनमाल बरामद हुन नसकेको, यी प्रतिवादी अनुसन्धानको क्रममा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको समेतका आधार प्रमाणबाट यी प्रतिवादीले आरोपित कसुरमा सफाइ पाउने।

प्रतिवादीहरू रामकुमार नगरकोटी, राजु खड्का, आशिष भन्ने दिपेस राई, सोल्टी भन्ने भिमकुमार घर्तीमगर र केदार के.सी. ले डाँका चोरीको कसुर गरेकोमा मुलुकी ऐन चोरीको महलको १ र ६ नं बमोजिमको कसुरमा सोही महलको १४(४) नं. बमोजिम १२ वर्ष कैद र रू. २,५३,८७५।- जरिवाना सजाय हुने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।६।१९ र उच्च अदालत पाटनको मिति २०७४।१०।९ को फैसला प्रतिवादी केदार के. सी. को हकमा मिलेको नदेखिँदा पुनरावेदन अदालत पाटनको फैसला केही उल्टी र उच्च अदालत पाटनको फैसला उल्टी भई निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने र अन्य प्रतिवादीहरूको हकमा पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूका विरूद्ध चोरीको कसुरमा कम बिगो कायम गरेको तथा तेस्रो पटकको पटके कायम गरी भएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म बदर गरी अभियोग दाबीबमोजिम बिगो कायम गरी पाँचौं पटकको पटके कायम गरी फैसला गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति सवंत् २०७७ साल असोज ६ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७६-CR-१९०२, मानव

बेचिबखन तथा ओसारपसार, नेपाल सरकार वि. फुलमाया राई

प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई समर्थन हुने गरी प्रतिवादीले आरोपित कसुर गरेकी होइनन्; पीडितले नै आफूखुसी वैदेशिक रोजगारीको लागि विदेश गएकी हुन् निजले मानव बेचबिखनको कसुर नगरेकी हुँदा निर्दोष यी प्रतिवादीलाई अभियोग मागदाबीबाट सफाइ पाउनुपर्छ भनी प्रतिवादीका साक्षी माया राईले अदालतसमक्ष बकपत्र गरेको देखिने।

प्रमाण ऐन, २०३१ को दफा १०(१) (ख) अनुसार घटनाबाट पीडित भएको भनिएको व्यक्तिले व्यक्त गरेका कुरालाई प्रमाणको रूपमा ग्रहण नगर्नुपर्ने अन्य कुनै अवस्था पनि देखिँदैन। पीडित (जाहेरवाली) स्वयंले यी प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेको होइन भनी मौकाको आफ्नो बयान बेहोरालाई समेत खण्डित हुने गरी बकपत्र गरेको अवस्थाका सन्दर्भमा पुनरावेदक वादी नेपाल सरकार विरूद्ध प्रत्यर्थी प्रतिवादी विष्णुकुमार याख्खा राईसमेत भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतबाट ने.का.प. २०७६, अङ्क ४, नि.नं. १०२४६ मा "घटना र वारदातसँग प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयम् वा निजका परिवारले कसुरदारलाई नै उन्मुक्ति दिएर अदालतमा आफ्नो कथन / अभिव्यक्त गरिदिएको र अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षण प्रतिवेदनहरूले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले पनि शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने" भन्ने सिद्धान्तसमेतको परिप्रेक्ष्यमा पीडित उमेर पुगेकी आफ्नो कार्य र परिणामको जानकारी लिन सक्ने वयस्क महिला रहेकी र पीडितकै अनुरोधमा प्रतिवादीले कुवेतसम्म पुर्याइदिने भनेको अवस्थासम्म वादी पक्षले जाहेरवाली (पीडित) बाहेक कुनै पनि साक्षी प्रमाण अदालतमा पेस गर्न नसकेको र अदालतमा उपस्थित गराइएकी पीडितले समेत आफ्नो मौकाको जाहेरी र अदालतबाट प्रमाणित भएको निजको मौकाको बयान प्रतिकूल (Hostile) हुने गरी गरेको बकपत्रसमेतबाट निजको मौकाको जाहेरी र प्रमाणित बयानलाई वस्तुनिष्ठ र विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था पनि नरहेको देखिँदा यी प्रतिवादीउपरको अभियोग दाबीबमोजिमको कसुर शंकारहित तवरले पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत विराटनगरबाट भएको फैसला मनासिब नै देखिँदा सुरू अभियोग मागदाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम दश वर्ष कैद र पचास हजार रुपियाँ जरिवाना हुने ठहर गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७५।१२।२६ मा कसुर ठहर गरी मिति २०७६।१।१६ मा सजाय निर्धारण गरेको फैसला उल्टी गरी निज प्रतिवादीले अभियोग माग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत विराटनगरबाट मिति २०७६।०५।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रकाश सुवेदी

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल मङ्सिर ३ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७६-CR-१८५४, लागु औषध

(ब्राउन सुगर), नेपाल सरकार वि. परिवर्तित नाम थर दाङ ५६(ब) समेत

प्रतिवादी दुर्गाराम खत्रीले एक अपरिचित व्यक्तिसँग भेट भई निजले लागु औषध मसँग छ, चाहिएको छ भने म दिन्छु भनेपछि मैले उक्त लागु औषध (ब्राउन सुगर) रू.१४,०००।– मा ४ ग्राम किनेको हुँ। उक्त लागु औषध मैले सेवन गर्न भनी घोराही ल्याएको छु। म पहिलेदेखि नै लागु औषध सेवन गर्ने गर्दथेँ भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरे तापनि निजले अदालतसमक्ष कसुरमा इन्कारी बयान गरेको देखिने।

अर्का प्रतिवादी परिवर्तित नामथर दाङ ५६(ब) ले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा चिनजान भएको दाइ दुर्गाराम खत्रीसँग गाडीमा कोहलपुर दिदीको घरमा गई सोही दिन घर सँगै फर्कने क्रममा बाटोमा खाजा खाँदा निजसँग लागु औषध सेवन गरेको हुँ भनी बयान गरेको तथा बरामद भएको लागुऔषध गाडीमा ल्याएको आफूलाई थाहा नभएको र आफूले सेवन तथा वितरणसमेत गरेको छैन भनी अदालतसमक्ष बकपत्र गरेको मिसिल संलग्न देखिने।

प्रतिवादी दुर्गाराम खत्री र परिवर्तित नामथर दाङ ५६(ब) ले अनुसन्धान अधिकारीसमक्ष आफू सेवनकर्ता हुँ भनी बयान गरेको देखिन्छ । निज प्रतिवादी दुर्गाराम खत्रीले ब्राउन सुगर सेवन गर्ने कुरा बसपार्कमा काम गर्ने कर्मचारीबाट थाहा पाएको भनी घटना विवरण कागज गर्ने रविना के.सी.ले अदालतमा आई बकपत्रसमेत गरेको अवस्थामा निज प्रतिवादी दुर्गाराम खत्रीको अनुसन्धान अधिकारीसमक्ष भएको बयानलाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादीहरू दुर्गाराम खत्री र परिवर्तित नामथर दाङ ५६(ब) ले लागु औषध सेवन गर्ने गरेको भनी अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, सो कुरालाई पुष्टि हुने गरी घटना विवरण गर्ने व्यक्ति अदालतसमक्ष आई गरेको बकपत्रसमेतबाट निज दुर्गाराम खत्री सेवनकर्ता देखिएकोले दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गर्ने गरी र अर्का प्रतिवादी परिवर्तित नामथर दाङ ५६(ब) ले बरामद भएको लागु औषध कहाँबाट ल्याएको थाहा नभएको र आफू सेवनकर्ता पनि नभएको भनी अदालतसमक्ष बयान गरेको अवस्थामा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद, रू.१०,०००।– जरिवाना गरी निज १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा मुनीको नाबालक भएको देखिँदा निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले सो कैद अवधि आधा ६ महिना कैद सजाय र रू.५,०००।– जरिवाना गरी सो कैद सजाय निज प्रतिवादीले बालसुधार गृह भक्तपुरमा बसी भुक्तान गर्नुपर्ने ठहरी सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसलालाई सदर गरी उच्च अदालत तुलसीपुरबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत: प्रतिवादी दुर्गाराम खत्रीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ)(च) र (छ) बमोजिमको कसुरमा ऐ. ऐनको दफा १४(१)(छ)(१) नं. बमोजिम ५ वर्ष कैद र रू.५,०००।– जरिवानाका साथै प्रतिवादीबाट बरामद भएको रकम रू.४९,६१५।– जफत हुने र अर्का प्रतिवादी परिवर्तित नामथर दाङ ५६(ब) को हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ६ महिना कैद र रू.५,०००।– जरिवाना सजाय हुने र सो कैद सजाय निज प्रतिवादीले बालसुधार गृह भक्तपुरमा बसी भुक्तान गर्नुपर्ने ठहरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भई प्रतिवादी दुर्गाराम खत्रीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद सजाय र प्रतिवादी परिवर्तित नामथर दाङ ५६(ब) को हकमा सुरू फैसला

सदर हुने गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७६।१०।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रकाश सुवेदी

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल मङ्सिर ३ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा. न्या. श्री सुष्मालता माथेमा,** ०७७-WH-०१६७, बन्दीप्रत्यक्षीकरण, संजिव नेपालीको हकमा विशाल नेपाली वि. महानगरीय प्रहरी वृत्त, बालाजुसमेत

निवेदक संजिव नेपालीलाई थुनामा राख्ने कार्य कानूनअनुकूल नरही गैरकानूनी थुना रहेको देखिँदा कुनै पनि निकाय वा अधिकारीद्वारा व्यक्तिलाई गैरकानूनी थुनामा राखेको अवस्थामा सो थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने नै देखिँदा यस अदालतका रजिस्ट्रारको रोहबरमा निवेदक बन्दीलाई आजै थुना मुक्त गरिदिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदक संजिव नेपालीको हकमा यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएपश्चात् पनि अदालतको आदेशलाई कुनै वास्ता नराखी पटकपटक पक्राउ गर्ने कार्य गरी निवेदकको नेपालको संविधान प्रदत्त मौलिक हक तथा प्रतिपादन कानूनी सिद्धान्तविपरीत कार्य गरेको देखिँदा विपक्षीहरूबाट यस अदालतबाट भएको आदेश अवज्ञा गरेको।

रिट निवेदक संजिव नेपालीलाई मिति २०७७/०८/०५ गते पक्राउ गरिएकोले मिति २०७७/०८/२८ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोमा निवेदकलाई पुनः सोही मितिमा पक्राउ गरी सोउपर मिति २०७७/०९/०८ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोमा उक्त आदेशलाई पालना नगरी यी निवेदकलाई पटकपटक पक्राउ गरी थुनामा राख्दा बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कानूनी कार्यविधि पालना नगरिएको, थुनामा राख्न अनुमति माग गर्दा र दिँदा के कुन प्रयोजनका लागि थुनामा राख्नुपर्ने हो सोको आधार र कारण खोलिएको नपाइएको केवल फरक विचार र आस्थाका कारण यी निवेदकलाई थुनामा राख्ने गरी भएका सम्पूर्ण कामकारबाहीहरू कानूनअनुरूप भएको देखिएन । निवेदक संजिव नेपालीलाई थुनामा राख्ने कार्य बदनियत र प्रवृत्त भावना लिई गैरकानूनी रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ। निजलाई यस अदालतका रजिस्ट्रारको रोहबरमा तत्काल थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: ऋतु राई

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल पौष २९ गते रोज ४ शुभम्।

१२

**मा.न्या.श्री दीपककुमार कार्की र मा. न्या. श्री सुष्मालता माथेमा,** ०७७-WH-०१७०, बन्दीप्रत्यक्षीकरण, नन्दबहादुर बोहोराको हकमा ललितजंग शाही वि. इलाका प्रहरी कार्यालय, धरानसमेत

निवेदकलाई थुनामा राख्ने कार्य कानूनअनुकूल नरही गैरकानूनी रहेको देखिँदा कुनै पनि निकाय वा अधिकारीद्वारा व्यक्तिलाई गैरकानूनी थुनामा राखेको अवस्थामा सो थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने नै हुन्छ । मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ दफा ८(९) समेतको विपरीत हुने गरी निवेदकलाई विभिन्न अदालतबाट माग गरिएको धरौट रकम बुझाएपश्चात् लगत्तै पक्राउ गरी गैरकानूनी रूपमा

थुनामा राखिएको भन्ने अवस्था मिसिल संलग्न प्रमाणहरूबाट देखिइरहेको अवस्थामा निवेदकको थुना कानूनबमोजिमको नै रहेको भन्ने विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग समेत सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारणबाट निवेदकलाई फरक विचार र आस्था राखेकै कारण वस्तुनिष्ठ आधार र कारणविना पक्राउ गर्ने र अनुसन्धानको क्रममा पनि थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ विपरीत बदनियत र प्रवृत्त भावनाबाट कानूनको उचित पालना नगरी थुनामा राखेको देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम विपक्षीको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: ऋतु राई

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल पौष २९ गते रोज ४ शुभम्।

१३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०७४-RB-०३९१, आयकर (०६४।६५), हेमन्त गोल्छा वि. आन्तरिक राजस्व कार्यालय, विराटनगर

विवादका रूपमा रहेको संशोधित कर निर्धारण आदेश आन्तरिक राजस्व कार्यालयबाट मिति २०६९/०६/२६ मा भएको पाइन्छ। सो कर निर्धारण आदेश निज रमेशराज गौतमबाट भएको पाइँदैन र मिसिल संलग्न उक्त समयमा आन्तरिक राजस्व कार्यालयबाट प्रकाशित सूचना, गरिएका पत्राचार आदिमा पनि निज रमेशराज गौतमको दस्तखत रहे भएको देखिएको छैन । निज रमेशराज गौतम विवादित कर निर्धारण हुँदाको समय अर्थात् मिति २०६९/०६/२६ मा आन्तरिक राजस्व कार्यालयमा रहेको देखिने अन्य कुनै कागज प्रमाण पेस भएको र मिसिल संलग्न रहेभएको पाइँदैन । २०७२/२/२५ को राजपत्रमा आन्तरिक राजस्व कार्यालयमा कार्यरत रहेका भनी उल्लेख भएको मात्र आधारमा करिब तीन वर्ष अगाडिदेखि नै अर्थात् २०६९/०६/२६ मा पनि निज रमेशराज गौतम सोही कार्यालयमा रहेको भनी मान्न मिल्दैन । त्यसैले राजस्व न्यायाधिकरणबाट प्रस्तुत फैसला गर्दा राजस्व सदस्य रहेका रमेशराज गौतम विवादित कर निर्धारण गर्दा आन्तरिक राजस्व कार्यालय विराटनगरमा कार्यरत रहेकोले उक्त फैसला प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल भएको भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अब पुनरावेदकका कानून व्यवसायीले निज रमेशराज गौतमलाई मिति २०७२/२/२५ को राजपत्रमा प्रकाशित सूचनाले राजस्व न्यायाधिकरण विराटनगरको राजस्व सदस्यमा तोकेकोमा सो अगावै अर्थात् मिति २०७२/०१/२७ मा निजसहितको इजलासबाट प्रस्तुत फैसला भएको देखिएको भनी प्रश्न उठाएतर्फ विचार गर्दा राजस्व न्यायाधिकरण विराटनगरबाट मिति २०७२/०१/२७ मा भएको प्रस्तुत फैसला राजस्व सदस्यको रूपमा रमेशराज गौतमसमेतको इजलासबाट भएको देखिन आएको छ । निजलाई राजस्व सदस्यको रूपमा तोकिएको भनी मिति २०७२/२/२५ को राजपत्रमा मात्र सूचना प्रकाशित गरिएको पाइन्छ । उक्त सूचना प्रकाशित भएको मितिभन्दा पहिलादेखि नै लागु हुने गरी तोकिएको भनेर पनि राजपत्रमा उल्लेख भएको पाइँदैन । सामान्यतया राजपत्रले यो मितिदेखि लागु हुने गरी तोकिएको भनी उल्लेख नगरेको अवस्थामा राजपत्रमा सूचना प्रकाशित भएको मितिदेखि लागु हुने गरी तोकेको भनी बुझ्नुपर्ने हुन्छ । यसमा निजलाई

फैसला हुनुभन्दा अगावै राजस्व न्यायाधिकरण, विराटनगरको राजस्व सदस्यका रूपमा तोकिएको भन्ने देखिने कुनै कागज प्रमाण मिसिल संलग्न रहेको पाइँदैन र मिति २०७२/२/२५ को राजपत्रमा प्रकाशित सूचनामा पनि निजलाई पहिलेको मितिबाट लागु हुने गरी तोकिएको भन्ने उल्लेख नगरी केवल "राजस्व न्यायाधिकरण विराटनगरको राजस्व सदस्यमा आन्तरिक राजस्व कार्यालय, विराटनगरका प्रमुख कर अधिकृत श्री रमेशराज गौतमलाई तोकेको छ" भन्ने मात्र उल्लेख गरिएको छ। यसबाट सो मिति २०७२/२/२५ बाट लागु हुने गरी मात्र निजलाई राजस्व न्यायाधिकरण विराटनगरको राजस्व सदस्यको रूपमा तोकिएको भनी मान्न मिल्ने हुन्छ। सो मितिभन्दा अगाडिदेखि नै लागु हुने गरी अर्थात् प्रस्तुत फैसला हुँदा निज राजस्व सदस्यको रूपमा राजस्व न्यायाधिकरणमा रहेका थिए भन्ने देखिने प्रमाणको अभावमा उक्त राजपत्रको सूचना प्रकाशित भएको मितिभन्दा अगाडि निजले राजस्व सदस्यका रूपमा गरेका कामकारबाहीहरूले मान्यता पाउन सक्ने देखिन आएन । तसर्थ, निजसमेतको इजलासबाट भएको उक्त फैसलालाई मान्यता दिन मिल्ने नदेखिएकोले प्रस्तुत मुद्दामा राजस्व न्यायाधिकरण विराटनगरबाट भएको फैसला बदरयोग्य देखिने।

मिति २०७२/०२/२५ को राजपत्रको सूचनाबाट मात्र राजस्व न्यायाधिकरण, विराटनगरमा राजस्व सदस्य तोकिएका रमेशराज गौतमसमेतको इजलासबाट सो राजपत्रको सूचना प्रकाशित हुनुअगावै मिति २०७२/०१/२७ मा भएको फैसलालाई मान्यता दिन नमिल्ने देखिएकोले सो राजस्व न्यायाधिकरणको फैसला बदर गरिदिएको।

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७८ साल साउन १८ गते रोज २ शुभम्।

१४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०७५-CR-२४८०, लागु औषध (खैरो हेरोइन), नरेश महत वि. नेपाल सरकार

प्रतिवादीले अनुसन्धानको क्रममा मौकामा बयान गर्दा उक्त लागु औषध बिक्रीको लागि ल्याएको भनी स्वीकार गरेको देखिन्छ भने अदालतमा बयान गर्दा आफूले उक्त लागु औषध बिक्री वितरण गर्ने प्रयोजनार्थ नभई सेवनको लागि आफूसँग राखेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । यी प्रतिवादी स्वयंले लागु औषध बरामद भएको कुरालाई अदालतमा समेत अन्यथा भन्न सकेको पाइँदैन। लागु औषधको साथै निजबाट दुई थान विद्युतीय तराजु र ६ थान मोबाइल बरामद भएको भनी खडा गरिएको बरामदी मुचुल्का रीतपूर्वक रही यी प्रतिवादीसमेतले रोहबरमा बसी सहीछाप गरेको देखिने।

बरामदित लागु औषध बिक्री वितरणको लागि नभई सेवन प्रयोजनार्थ हो; सोबमोजिमको सजाय हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको जिकिरतर्फ विचार गर्दा बरामदित लागु औषधको परिमाण ७० ग्रामको रहेको र साथबाट नापतौल गर्ने तराजुसहित पक्राउ परेको अवस्था देखिन्छ। यस सम्बन्धमा "सेवन प्रयोजनलाई खरिद गर्ने र बिक्री वितरण गर्नेलाई खरिद हुने अवस्था छुट्याउन लागु औषधको परिणामलाई हेरिनुपर्ने हुन्छ । सेवन प्रयोजनको लागि एक दुई डोजसम्मको लागि खरिद हुने हुँदा बरामद लागु औषध अत्यधिक मात्रामा देखिएकाले सेवनसम्मको लागि खरिद गरेको हो भन्न नमिल्ने" भनी नेपाल सरकार विरूद्ध जीतबहादुर खत्री (ने.का.प. २०६९, अङ्क ११, नि.नं. ८९२३) भएको लागु औषध मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत सिद्धान्तको रोहमा समेत हेर्दा निज प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाण र सम्बद्ध प्रमाणको आधारमा उक्त

लागु औषध सेवनको रूपमा मात्र थियो भन्न सक्ने स्थिति नदेखिने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले प्रमाणको भार प्रतिवादीमा राखेको छ। त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने व्यवस्था गरेको छ। यस प्रकार लागु औषधको कसुर जस्तो निरपेक्ष दायित्व (Strict Liability) भित्र पर्ने विषयमा यी प्रतिवादी नरेश महतोको साथबाट लागु औषध र तराजु बरामद भएको तथ्य रहेको देखिन्छ। निज प्रतिवादीले लागु औषध सेवनको जिकिर लिए पनि त्यसलाई स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित गर्न सकेको देखिँदैन। यसरी प्रतिवादीले आरोपित कसुरमा अनुसन्धान अधिकारीसमक्ष साबित भई बयान गरेका र सो साबिती बयान बरामदी मुचुल्कासमेतको स्वतन्त्र प्रमाणबाट समर्थित हुनुका साथै बरामद भएको लागु औषधको परिमाण र सम्बद्ध प्रमाणबाट निज प्रतिवादी लागु औषध सेवनकर्ता मात्र हुन् भन्न सकिने अवस्था नदेखिँदा आफूलाई सेवनको कसुरमा सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: पुनरावेदक प्रतिवादी नरेश महतोलाई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम निज प्रतिवादीलाई १२ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहर गरी सुरू बारा जिल्ला अदालतको फैसलालाई सदर गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७५।११।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी नरेश महतोको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : शिवबहादुर थापा

इति संवत् २०७७ साल कार्तिक १८ गते रोज ३ शुभम्।

१५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०७५-CR-२३१४, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. नरेश महतो

प्रतिवादीहरू सत्यन्द्रकुमार साह सोनार र राकेश साहलाई लागु औषध बिक्री गरेको भनी प्रतिवादी नरेश महतोउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र खण्ड (च) को कसुरमा सजायको मागदाबी लिएको देखिन्छ। प्रतिवादीहरू सत्यन्द्रकुमार साह सोनार र राकेश साहले प्रतिवादी नरेश महतोबाट लागु औषध खरिद गरेको भनी कसुरमा आफू साबिती रही यी प्रतिवादी नरेश महतोलाई पोल गरी बयान गरेको भए तापनि अदालतमा गरेको बयानमा यी प्रतिवादीहरूले प्रतिवादी नरेश महतोलाई चिन्दै नचिनेको भनी बयान गरेको र यी प्रतिवादीसमेतले पनि अदालतमा कसुरमा इन्कारी बयान गरेको देखिने।

प्रतिवादी नरेश महतोबाट लागु औषध बरामद भएको देखिँदैन। यी प्रतिवादी नरेश महतोका हकमा अभियोजन पक्षले अन्य प्रतिवादीहरूलाई बिक्री गरेको भन्ने ठोस सबुत प्रमाण देखाउन सकेको छैन। अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोप शंकारहित तवरले प्रमाणित हुन नसकेको अवस्थामा त्यसको लाभ अभियुक्तले पाउने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त नै हो। यसरी प्रमाणको रोहमा हेर्दा प्रतिवादी नरेश महतोलाई लागु औषध बिक्री जस्तो गम्भीर प्रकृतिको अभियोगमा मागदाबीबमोजिम सजाय गर्दा न्यायपूर्ण हुने नदेखिने।

अत: प्रतिवादी नरेश महतोलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को खण्ड (छ) बमोजिम ५ वर्ष कैद र रू.५,०००।- जरिवाना गर्ने गरी सुरू बारा जिल्ला अदालतबाट मिति २०७४।०९।१८ मा भएको फैसला उल्टी गरी प्रतिवादी नरेश महतोलाई अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत

जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।११।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : शिवबहादुर थापा

कम्प्युटर: कृष्णमाया खतिवडा

इति सवंत् २०७७ कार्तिक १८ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७४-CR-०४०६, जबरजस्ती करणी, असरफ अलि शेष वि. नेपाल सरकार

प्रतिवादीले आरोपित कसुर गरेको भन्ने स्पष्ट रूपमा प्रमाणित भइरहेको देखिँदा निजलाई अभियोग दाबीबमोजिम सजाय हुने गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मनासिबै देखिँदा सो फैसला त्रुटिपूर्ण भएकाले बदर हुनुपर्छ भन्ने प्रतिवादी असरफ अलि शेषको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग समेत सहमत हुन सक्ने अवस्था नरहेकाले प्रस्तुत मुद्दामा प्रत्यर्थी झिकाइरहनुपर्ने नदेखिने ।

तसर्थ, पुनरावेदक प्रतिवादी असरफ अली शेषले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. ले परिभाषित कसुर गरेको देखिँदा निजलाई सोही ऐन, महलको ३ नं. को देहाय २ बमोजिम १० वर्ष कैद सजाय हुने र पीडितले यी प्रतिवादी असरफ अली शेषबाट सोही महलको १० नं. र १०ग नं. बमोजिम रू.१,००,०००।– (एक लाख) क्षतिपूर्तिसमेत भराई लिन पाउने गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।१२।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: नबिन आचार्य

इति संवत् २०७८ साल वैशाख १४ गते रोज ३ शुभम् ।

## इजलास नं.२

१७

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CR-०४७७, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. सुदास वाइवा

प्रतिवादीले धारामा भाँडा माझ्न बसेकी पीडितलाई जबरजस्ती उठाई एकान्त ठाउँ मकैबारीमा लगी डर, त्राससमेत देखाई जबरजस्ती करणी गर्न लागेको अवस्थामा पीडित भाग्न सफल भएको भन्ने पीडितको भनाइ रहेको र निजको भनाइ, जाहेरी दरखास्त, अदालतमा भएको जाहेरवालाको बकपत्र, निजकी आमाको मौकाको कागज एवं अदालतमा भएको बकपत्रसमेतबाट वारदात पुष्टि भइरहेको स्थिति देखिने ।

साथै, वारदातमा वारदात भएको देखिएको मकैबारीको छेउमा ३ वटा मकैको बोट भाँचिएको सुरू मिसिल संलग्न घटनास्थल मुचुल्काबाट देखिन आई वारदात पुष्टि भएको देखिएको छ र पीडितको मौकाको कागज एवं अदालतमा भएको निजको बकपत्रसमेतबाट सो स्थानमा निज रहेको र यी प्रतिवादी सुदास वाइवाले डर, त्रासमा पारी जबरजस्ती करणी गर्न लागेको अवस्था देखिएको, पीडक प्रतिवादीको ध्यान अन्त गएको मौका पारी आफू बारीका कान्लामुनि हाम फाली भागी पीडकको पञ्जाबाट उम्केको भन्ने पीडितको भनाइबाट देखिन्छ । यसबाट प्रतिवादीले पीडितलाई बल प्रयोग गरी जबरजस्ती उठाई एकान्त ठाउँ

मकैबारीमा लगी डर, त्राससमेत देखाई पीडितको मुख थुनी निजको संवेदनशील अङ्ग, छाती निचोर्ने गरेको भन्ने पीडितकै भनाइबाट देखिएकाले पीडितलाई जबरजस्ती करणी गर्ने निज प्रतिवादीको दुराशय स्पष्ट देखिएको र तत्क्षण पीडित भाग्न सफल भएबाट प्रतिवादीले पीडितलाई जबरजस्ती गर्न नपाएको देखिएबाट प्रस्तुत घटनाको प्रकृति हेर्दा जबरजस्ती करणी गर्ने कार्यले पूर्णता प्राप्त गर्न नसकेको भन्ने स्पष्ट देखिएकोले यी प्रत्यर्थी प्रतिवादीले पीडित परिवर्तित नाम भुग्देउ-२ लाई जबरजस्ती करणी गर्ने उद्योग गरेको देखिई रहेको स्थितिमा प्रस्तुत वारदातलाई आसय करणीको वारदातमा परिणत गरी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिन नआउने।

अतः अभियोग दाबीअनुसार यी प्रत्यर्थी प्रतिवादीले पीडित परिवर्तित नाम भुग्देउ-२ लाई जबरजस्ती करणी गर्ने उद्योग गरेको देखिन आएकाले जबरजस्ती करणी गर्ने उद्योग गरेको ठहऱ्याएको सुरू फैसला उल्टी गरी प्रस्तुत वारदात आसय करणीको महलअन्तर्गत पर्ने भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आसय करणीमा परिणत गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।११।०१ को फैसला उल्टी भई यी प्रतिवादी सुदास वाइवालाई जबरजस्ती करणीको उद्योगमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५नं. अनुसार ऐ. को ३(१) नं. ले हुने सजायको आधा ५(पाँच) वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०६८।११।०४ को फैसला सदर हुने।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७७ साल फागुन १४ गते रोज ६ शुभम्।

१८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७६-WO-०३६६, उत्प्रेषण, परमादेशसमेत, कृष्ण श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

कुनै कर्मचारीको नियुक्ति, सरूवा, बढुवा प्रचलित कानूनबमोजिम हुने गर्दछ । मुलुक सङ्घीय प्रणालीमा गइसकेपछि तत्काल आवश्यक पर्ने कर्मचारीहरूको व्यवस्थापन गर्न समायोजन ऐन, २०७५ जारी भई सोहीबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहहरूमा कर्मचारीहरूको समायोजन भएको देखिन्छ। हाल प्रचलनमा रहेको नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ बमोजिमको व्यवस्था हेर्दा कविराज निरीक्षक र वैद्य निरीक्षक दुवै पद नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूहअन्तर्गतका छैठौं तहका पद भनी स्पष्ट रूपमा उल्लेख भएको देखिन्छ भने निजहरूले प्राप्त गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।४।१४ को समायोजन गरिएको पत्र हेर्दा पनि कविराज निरीक्षक र वैद्य निरीक्षक दुवै पद एउटै सेवा समूहका समान तह अधिकृत छैठौं तहका पद भनी उल्लेख भएकोले नेपालको प्रचलित कानूनबमोजिम निजहरूले प्राप्त गर्ने सेवा सुविधा पनि समान हुने देखिन्छ। निवेदकहरूलाई नेपाल स्वास्थ्य सेवा आयुर्वेद समूहअन्तर्गतको कविराज निरीक्षक अधिकृत छैठौं तहको पदबाट सोही सेवा समूहअन्तर्गतकै वैद्य निरीक्षक अधिकृत छैठौं तहको पदमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।०४।१४ को समायोजन गरिएको पत्रमा एउटै सेवा समूहको समान पद र तहको अधिकृत छैठौं तह भनी उल्लेख गरिएबाट एउटै सेवा समूहको कविराज निरीक्षक अधिकृत छैठौं तहबाट सोही सेवा समूहको वैद्य निरीक्षक अधिकृत छैठौं तहमा समायोजन गर्नु पद घटुवा गरी समायोजन गरेको भनी दाबी लिनु उचित र

न्यायसङ्गत हुँदैन। एउटै सेवा समूहअन्तर्गतको समान तहको पदमा समायोजन गर्दा निजहरूले प्राप्त गर्ने सेवा, सुविधा असमान र विभेदपूर्ण नहुने र निजहरूले प्राप्त गरेको पदको कानूनी हैसियत पनि समान हुने समान तहमा समायोजन गरेको अवस्था देखिँदा पद घटुवा गरी समायोजन गरेको भन्नु तर्कसङ्गत पनि नदेखिने।

उत्प्रेषण रिट भन्नाले न्यायिक, अर्धन्यायिक, प्रशासनिक वा विधायिकी कार्य वहन गर्ने कुनै व्यक्ति वा निकायले आफूलाई प्राप्त अधिकारको दुरूपयोग गरी अधिकार नै नभएको विषयमा अधिकार प्रयोग गरी वा आफूलाई प्राप्त अधिकारभन्दा बढी अधिकार प्रयोग गरी गरेको निर्णयलाई बदर गर्न माथिल्लो अदालतद्वारा दिइने आदेश हो। कुनै पनि निकायलाई अधिकारक्षेत्र बाहिर जान नदिनु र क्षेत्राधिकार नाघी गरेको निर्णय बदर गर्न सक्षम निकायमा दिइने निवेदनमा जारी गरिने उपचारात्मक आदेश उत्प्रेषणको आदेश हो। यो आदेश प्रशासनिक, अर्धन्यायिक र न्यायिक निकायले गरेको कार्यसम्पादनको सिलसिलामा गरिएको कुनै गैरकानूनी कार्यलाई बदर गर्न जारी हुने हो। उत्प्रेषणको आदेश जारी हुन आफूलाई नभएको अधिकारक्षेत्र ग्रहण गरेमा, आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई निर्णय गरेमा, अधिकारक्षेत्रको प्रयोग कानूनसङ्गत ढङ्गले नगरेमा, तोकिएको कार्यविधि पूरा नगरेमा, कानूनको प्रयोग तथा व्याख्यामा देखादेखी त्रुटि गरेमा, प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेमा, निर्णयमा मनासिब आधार र कारण नखुलाएमा, पश्चात्दर्शी असर पर्ने गरी निर्णय गरेमा, कानूनको अख्तियारी नभएको अवस्था र कानूनको अख्तियारीमा आधारित नभई स्वेच्छाचारी, गैरकानूनी तथा विभेदकारी तरिकाले निर्णय गरेको अवस्थामा सामान्यतया उत्प्रेषणको आदेश जारी गरिने हुन्छ। प्रस्तुत सन्दर्भमा कविराज निरीक्षक र वैद्य निरीक्षक दुवै पद आयुर्वेद समूहअन्तर्गतका समान अधिकृत छैठौं तहका पदहरू देखिएकाले समान पदमा समायोजन गरिएको देखिएबाट समान तहमा गरेको समायोजनको निर्णय स्वेच्छाचारी, विभेदकारी र अन्यायपूर्ण नभई कानूनसम्मत नै भएको देखिन आएको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उक्त मिति २०७६।४।१४ को समायोजनको निर्णय र समायोजन गरिएको पत्रसमेत बदर गर्न उत्प्रेषणको आदेश जारी गर्न मिल्ने देखिन नआउने।

अतः साबिकमा कविराज निरीक्षक अधिकृत छैठौं तहमा कार्यरत रिट निवेदकहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।४।१४ को समायोजनपश्चात् समान पद र तह वैद्य निरीक्षक अधिकृत छैठौं तहमा नै समायोजन गरिएको हुँदा पद घटुवा गरी गरिएको समायोजन खारेज गरिपाउँ भन्ने माग दाबी औचित्यपूर्ण र कानूनसम्मत नदेखिएकाले निवेदन मागबमोजिम उत्प्रेषणसमेतका आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ध्रुवबहादुर कुँवर

कम्प्युटर: समी नेपाली

इति संवत् २०७७ साल चैत १ गते रोज १ शुभम्।

## इजलास नं.३

### १९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७५-CR-०२३६, ०७५-CR-०५८०, कर्तव्य ज्यान, नेपाल सरकार वि. चन्दरदेवी साह, चन्दरदेवी साह वि. नेपाल सरकार

प्रतिवादीले आफ्नो श्रीमान्को विभत्स हत्या भएको घटना सम्बन्धमा छिमेकका मानिस, घरमा पाहुना बसेका भारतीय नागरिक र छोराछोरी समेतलाई थाहा जानकारी नदिई मुन्सी महेन्द्र चौधरीलाई फोन गरी डाँकाले गुरूशरण साहको कर्तव्य गरे भनी बोलाएको कुरा मिसिल संलग्न प्रतिवादीको बयान र

मुन्सी महेन्द्र चौधरीको बकपत्रसमेतका कागजबाट देखिन्छ । त्यसरी नजिकका छिमेकी, घरमा भएका मानिस कोही कसैलाई घटनाको बारेमा जानकारी नदिई मुन्सी महेन्द्र चौधरीलाई फोन गरी बोलाउनुको युक्तियुक्त आधार र कारण प्रतिवादीले स्थापित गर्न सकेको देखिँदैन । प्रतिवादीले मुन्सी महेन्द्र चौधरीलाई भने जसरी निजको घरमा ५/७ जनाको समूहका मानिस डाँका गर्न आएको देखिँदैन । एउटै वारदातको सम्बन्धमा प्रतिवादीले फरक-फरक कुरा व्यक्त गरेको देखिन्छ । अनुसन्धानको क्रममा सरोजकुमार यादवसमेतले कर्तव्य गरेको भनेकोमा अदालतमा रातिको समयमा को कसले गुरूशरणको कर्तव्य गरे मलाई थाहा भएन, मेरो संलग्नता छैन भनी बयान गरेको देखिन्छ । उच्च अदालतमा गुरूशरणको कर्तव्य हुँदै छ भन्ने कुरा थाहा पाएर पनि कोही कसैलाई नभनेको आफ्नो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ को कसुर भनी पुनरावेदन गरेकोमा र यस अदालतमा उक्त महलको १६ नं. बमोजिमको कसुर कायम गर्ने फैसला बदर गरिपाउँ भनी पुनरावेदन गरेको देखिन्छ । त्यसरी प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दादेखि यस अदालतमा पुनरावेदन गर्दासम्म जे जसरी फरक-फरक बेहोरा र जिकिर प्रस्तुत गरेको भए पनि अधिकारप्राप्त अधिकारीसमक्षको बयान अन्यथा प्रमाणित नभएसम्म निजको सो बयान निजको विरूद्ध प्रमाण लाग्ने कुरामा विवाद हुन नसक्ने ।

प्रतिवादीले वारदातको दिन मृतक गुरूशरण साहको कर्तव्य गर्न सरोजकुमार यादवसमेत घरमा आउँदा ढोका मात्र खोली गुरूशरण साहको हात, खुट्टा र शरीर समात्ने जस्ता क्रियाकलाप गरेको नदेखिए पनि निज प्रतिवादीले पहिलेदेखि नै गुरूशरण साहको कर्तव्य गर्न सतदेव यादवसँग मिलेर योजना बनाई सतदेव यादवले रकम दिने सर्तमा सरोजकुमार यादवलाई कर्तव्य गर्न लगाएको र सरोजकुमार यादवसमेत गुरूशरणको कर्तव्य गर्न आउँदा प्रतिवादी आफैँले ढोका खोली सरोजकुमार यादवलाई घरभित्र पस्न र बाहिर निस्कन सहयोग पुऱ्याएको वारदातमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ आकर्षित हुन सक्दैन । सतदेव यादव नेपालमा रहँदादेखि नै प्रतिवादीले श्रीमान् गुरूशरण साहको कर्तव्य गर्न षड्यन्त्र गरेको कारण सतदेव यादव र प्रतिवादीले आपसी मिलेमतोमा योजना बनाई सतदेव यादव विदेश गएपछि गुरूशरण साहको कर्तव्य गर्ने योजना सफल बनाउन सतदेव यादव र सरोजकुमार यादवको सम्पर्कमा निज सरोजकुमार यादवसमेत गुरूशरणको कर्तव्य गर्न आउँदा राति आफैँले मूल ढोका खोलिदिई निजहरूलाई घरभित्र प्रवेश गराई आफ्नै उपस्थितिमा श्रीमान्को कर्तव्य गराएको वारदातमा ऐ. महलको १६ नं. आकर्षित हुने हुँदा प्रतिवादीलाई सुरू र उच्च अदालत जनकपुर, राजविराज इजलासले सोही १६ नं. बमोजिम कसुरदार ठहर गरेको फैसला अन्यथा नदेखिने ।

अतः प्रत्यर्थी / प्रतिवादी चन्दरदेवी साहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम १३ वर्ष कैद सजाय हुने ठहर गरेको सिराहा जिल्ला अदालतको मिति २०७२।१२।२८ को फैसला सदर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७४।७।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक / वादी नेपाल सरकार र पुनरावेदिका / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: भीमबहादुर निरौला
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ भदौ १७ गते रोज ५ शुभम् ।

२०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-०६७०, मोही नामसारी, मोही

प्रमाणपत्र, जीवछ दास तत्मा वि. दीलिपकुमार भट्टाचार्यसमेत

प्रत्यर्थी / प्रतिवादीमध्येका दीलिपकुमार भट्टाचार्यले दुहवी गा.वि.स. वडा नं.९ को १-१३-१९ जग्गाको मोहीको १ नं. लगत वादीका पिता स्व. सौखिदास तत्माले २०२२ सालमा भरी सोहीबमोजिम २ नं. अनुसूचीसमेत प्रकाशित भएको भन्ने तथ्यलाई आफ्नो प्रतिउत्तरपत्रमा स्वीकार गर्नुभएको पाइन्छ । उक्त जग्गाको सर्भे नापी हुँदा जिल्ला धनुषा, दुहवी वडा नं.९(क) कि.नं.१२६ को ०-२-१७, ऐ.ऐ. कि.नं.१२५ को ०-९-२, ऐ.कि.नं.१२८ को ०-३-१३, ऐ.कि. नं.१३५ को ०-४-० जग्गा कायम भएको भन्नेमा पनि विवाद रहेको पाइँदैन । वादीका पिता स्व.सौखिदास तत्माले उक्त जग्गाहरूको कुतबाली रमेशचन्द्र भट्टाचार्य र यिनै प्रतिवादी दीलिप भट्टाचार्यलाई समेत बुझाएको मिसिलसंलग्न भरपाईहरूबाट देखिन्छ । यसरी भूमिसम्बन्धी ऐन, २०२१ लागु हुनुभन्दा अगाडिदेखि वादीका पिताले जग्गा कमाई आएकोबाट भूमिसम्बन्धी ऐन लागु भएपश्चात् १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भएको र प्रतिवादीमध्येका दीलिपकुमार भट्टाचार्यसमेतले मोही स्वीकार गरी भरपाई गरिदिएको अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(१) अनुसार मोहीको हकप्राप्त हुनसक्ने देखिन्छ । सर्भे नापीमा मोही नलेखाएको भन्ने आधारमा मात्र मोही होइन रहेछ भनी मान्न मिल्ने नदेखिने ।

पुनरावेदक वादीका पिता स्व.सौखिदास तत्माको नाममा विवादित जग्गाको मोही कायम हुने स्थिति देखिएकोमा यी पुनरावेदकको नाममा मोही नामसारी हुने हो या होइन भन्ने सम्बन्धमा हेर्दा, विवादित जग्गाका मोही स्व.सौखी दास तत्माको मिति २०५९।०९।१९ मा र निजको पत्नी सोनावतीदेवी तत्माको मिति २०६३।१२।३० मा मृत्यु भइसकेको मिसिल संलग्न मृत्युदर्ता प्रमाण पत्रको प्रतिलिपिबाट देखिएको र निजहरूको मृत्युपश्चात् उक्त जग्गाहरूमा मोहीको हक खाने एक मात्र छोरा जीवछ दास तत्मा भएकाले निजका नाममा मोही नामसारी गरिदिन भनी गाउँ विकास समितिको कार्यालय, दुहवीबाट सर्जमिन मुचुल्कासहित मिति २०६५।६।१० मा सिफारिससमेत भएको सुरू मिसिलबाट देखिएको र सौखिदास तत्माको हक खाने एक मात्र छोरा यी पुनरावेदक / वादी जीवछदास तत्मा भएको भन्ने तथ्यमा कुनै विवाद नभएको अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को कानूनी व्यवस्थाबमोजिम जीवछ दास तत्माका नाममा मोही नामसारी हुनसक्ने अवस्था रहेको पाइने ।

प्रत्यर्थी प्रतिवादीमध्येका दीलिपकुमार भट्टाचार्यले अन्य प्रतिवादीहरूलाई विवादित कि.नं.१२५, १२६, १२८ र १३५ का जग्गाहरू यी पुनरावेदक वादीले मिति २०६५।६।१५ मा भूमिसुधार कार्यालय, धनुषामा मोही प्रमाणपत्र नामसारी मुद्दा दायर गरेपश्चात् मुद्दा चल्दाचल्दैको अवस्थामा हक हस्तान्तरण गरिदिएको पाइयो। जग्गाधनीले आफ्नो कुनै जग्गा बेचबिखन, दानदातव्य वा अंशबन्डा गर्दा मोहीको नाम, थर, वतन र प्रमाणसमेत समावेश गर्नुपर्ने कर्तव्य जग्गावालालाई भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(७) ले गरेको छ भने जसलाई जग्गा हस्तान्तरण गरेको हो सो व्यक्तिको नामथर वतन खुलाई मोही वा गाउँ विकास समिति वा नगरपालिकालाई दिनुपर्ने कर्तव्य ऐ.को उपदफा (८) ले जग्गावालालाई तोकेको छ । यसबाट जग्गाको हकहस्तान्तरण हुँदा मोहीको हक समाप्त हुन नसक्ने ।

त्यसर्थः दीलिपकुमार भट्टाचार्यले प्रतिउत्तर लगाउँदा पेस भएका भरपाईहरूको सम्बन्धमा कुनै प्रश्न उठाएको नपाइएकोले फिरादसाथ पेस भएका भरपाईहरूलाई सही मान्नुपर्ने देखियो। सो भरपाईहरूमा

यी विवादित कित्ताहरूसमेत उल्लेख गरी यी प्रतिवादीले समेत भरपाई गरिदिएको पाइयो । विवादित जग्गाको मोहीको १ नं. लगत र २ नं.अनुसूचीसमेत प्रकाशित भएको पाइने साथै मोही प्रमाणपत्र नामसारी मुद्दा दायर भएपश्चात् मात्र यी जग्गाहरू अन्य व्यक्तिहरूलाई बिक्री गरिदिएको देखिँदा मुद्दा पर्दापर्दैको अवस्थामा गरेको बिक्रीलाई सद्दे भन्न नमिल्ने हुँदा बिक्री गरेको आधारमा मोहीको हक समाप्त हुन नसक्ने भएकाले मोही कायम हुने गरी सुरू भूमिसुधार अधिकारीबाट मिति २०६८।११।१ गते उल्लिखित जग्गामा मोही लगत कायम भई मोही हक नामसारी हुने ठहर्दछ भनी गरेको निर्णय उल्टी हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।१२।११ मा भएको फैसला मिलेको नदेखिँदा पुनरावेदन अदालतको उक्त फैसला उल्टी भई उल्लिखित विवादित कि.नं.१२५, १२६, १२८ र १३५ का जग्गाहरूमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(१) बमोजिम वादीका स्व.पिता सौखी दास तत्माको नाउँमा मोही कायम भई सोही ऐनको दफा २६(१) बमोजिम पुनरावेदक वादी जीवछ दास तत्माको नाउँमा मोहियानी हकको नामसारी हुने ।

इजलास अधिकृत: टीकाबहादुर थापा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ चैत्र १२ गते रोज ५ शुभम् ।

२१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०७६-CR-१२१४, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. हिम्मत राना क्षेत्रीसमेत

प्रतिवादी कमलप्रसाद गोडियाको साथबाट ब्राउन सुगर लागु औषध फेला परेकै कारणबाट मात्र उसलाई लागु औषधको कारोबारी ठहर गर्न मिल्ने देखिँदैन । दुर्व्यसनीले साथमा रहेको लागु औषध खाँदैनन् भन्न मिल्दैन । बरामदित लागु औषधको मात्रा थोरै छ बरामद भएको मात्रालाई नै अदालतले आधारको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । बरामदित मात्रा थोरै छ बरामद भएको मात्रालाई पन्छाएर हचुवाको भरमा बरामद थोरै भए पनि कारोबारी नै हुन् भनी भन्न पनि मिल्दैन । प्रतिवादी कमलप्रसाद गोडिया लागु औषधको ओसार पसार गर्ने व्यक्ति होइनन् निजले सेवन मात्र गर्ने हुन् भनी प्रतिवादीको साक्षी प्रेमसागर गोडियाले गरेको बकपत्रसमेतबाट प्रतिवादी कमलप्रसाद गोडिया कारोबारी नभई सेवनकर्ता रहेको भन्ने थप पुष्टि हुन आएको देखिन्छ । प्रतिवादीबाट बरामद भएको लागु औषध न्यून मात्राको रहेको र बरामद भएको परिमाणअनुसार खरिद बिक्रीको लागि नै सञ्चय गरेको भन्नेसम्मको देखिन आएन । तसर्थ, यी प्रतिवादी कमलप्रसाद गोडियाले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुर गरेको देखिन आएको हुँदा अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने नेपाल सरकारको पुनरावेदनसँग सहमत हुन नसकिने ।

त्यसैगरी अन्य प्रतिवादीहरू हिक्मत राना क्षेत्री, सुरज कुमार वि.क., सुधन भन्ने मधुसुदन पुलामी, उषा शाही (पुलामी), र कृष्ण मल्लको हकमा विचार गर्दा, निजहरूको साथबाट लागु औषध बरामद भएको देखिँदैन । प्रतिवादी कमलप्रसाद गोडियालाई पक्राउ गर्दा निजको साथमा रहेको २ ग्राम लागु औषध फेला परेको हो । अन्य प्रतिवादीहरूबाट कुनै पनि चिज फेला नपरेको र अन्य दुई जना वारदात स्थलदेखि करिब ५० मिटरको दुरीमा फेला पारेका हौँ । तत्काल प्रतिवादी कमलप्रसाद गोडियाले अन्य प्रतिवादीहरूले मसँग लागु औषध किनबेच गर्न आएको भनी खुलाएको हुनाले जाहेरी प्रतिवेदनमा त्यो कुरा लेखिएको ठिक हो । तर मैले आफ्नै आँखाले किनबेच बिक्री वितरण गरेको नदेखेको भनी प्रतिवेदक प्र.ना.नि. राजु पुरीको बकपत्र देखिन्छ । प्रतिवादी कमलप्रसादले यी प्रतिवादीहरूको संलग्नता देखाउन सकेको पाइँदैन ।

निजले आफ्नो सेवनको लागि भारतबाट खरिद गरी ल्याएको भनी कसुरमा साबिती देखिएको र अन्य प्रतिवादीहरूलाई पोल नगरेको अवस्था देखिन्छ । कमलप्रसाद गोडिया बाहेकका यी प्रतिवादीहरूबाट लागु औषध खरिद गर्न गएको कुनै तथ्ययुक्त सबुद पेस दाखेल हुन सकेको छैन । यस स्थितिमा यी प्रतिवादीहरूलाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था नदेखिने ।

प्रतिवादीमध्येका कमलप्रसाद गोडियाको हकमा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) छ (१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू.५,०००।- (पाँच हजार) रूपैयाँ जरिवाना गरेको सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७५/०६/०१ मा भएको फैसला मिलेको नदेखिँदा निजको हकमा सम्म केही उल्टी भई बरामदित लागु औषधको परिमाणसमेतको आधारमा निज प्रतिवादीलाई सोही ऐनको दफा १४(१) को (ङ) बमोजिम कैद वर्ष १ (एक) र जरिवाना रू.१०,०००।- (दश हजार) हुने तथा अन्य प्रतिवादीहरू हिक्मत राना क्षेत्री, सुरजकुमार वि.क., सुधन भन्ने मधुसुधन पुलामी, उषा शाही पुलामी र कृष्ण मल्ललाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट मिति २०७६/०३/१७ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको आरोपित कसुर गरेको तथ्य पुष्टि हुन आएको नदेखिएकोले प्रतिवादीमध्येका कमलप्रसाद गोडियालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू.५,०००।– (पाँच हजार) जरिवाना हुने र अन्य प्रतिवादीहरूलाई आभियोग दाबीबाट सफाइ पाउने गरी सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७५/०६/०१ मा भएको फैसला मिलेको नदेखिँदा प्रतिवादी कमलप्रसाद गोडियाको हकमा सम्म केही उल्टी भई बरामदित लागु औषधको परिमाणसमेतको आधारमा निज प्रतिवादीलाई सोही ऐनको दफा १४(१) को (ङ) बमोजिम कैद वर्ष १(एक) र जरिवाना रू.१०,०००।- (दश हजार) हुने तथा अन्य प्रतिवादीहरू हिक्मत राना क्षेत्री, सुरजकुमार वि.क., सुधन भन्ने मधुसुधन पुलामी, उषा शाही पुलामी र कृष्ण मल्ललाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट मिति २०७६/०३/१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७७ कार्तिक १९ गते रोज ४ शुभम् ।

२२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०७६-CR-१४३७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. श्यामलाल श्रेष्ठ

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम प्रतिवादीले जाहेरवालालाई अमेरिका पठाउन भनी प्रलोभन र आश्वासन दिएको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट नदेखिँदा प्रतिवादीउपर लगाएको अभियोग शंकारहित तवरबाट पुष्टि हुने प्रमाणको अभाव रहेको देखिँदा निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७६/०५/०२ मा भएको फैसला मिलेको देखिएकोले अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

प्रतिवादी श्यामलाल श्रेष्ठले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसुर गरेको पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारका

तर्फबाट पेस हुन सकेको नदेखिएकोले प्रतिवादी श्यामलाल श्रेष्ठले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७६/०५/०२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल कार्तिक १९ गते रोज ४ शुभम्।

## इजलास नं.४

### २३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०५३०, उत्प्रेषण, शम्भुप्रसाद पण्डित वि. पर्सा जिल्ला अदालतसमेत

रिट निवेदक र प्रत्यर्थीबिच चलेको लेनदेन मुद्दामा भएको फैसलाबमोजिम लेनदेन मुद्दाका प्रतिवादी यी निवेदक शम्भुप्रसाद पण्डितले तिर्नु बुझाउनुपर्ने ठहरेको बिगो लेनदेन मुद्दाका वादी तथा प्रत्यर्थी महेशराम चौरसियाले भराइपाउन पर्सा जिल्ला अदालतमा दरखास्त दिँदा निवेदक शम्भुप्रसाद तथा निजको परिवारका सदस्यको नाममा कुनै चलअचल सम्पत्ति नभएकोले बिगोबापत निवेदक शम्भुप्रसाद पण्डितलाई कैदमा राखिपाउँ भन्ने बेहोराको दरखास्त दिएको, सो दरखास्तबमोजिम बिगोबापत कैदमा राख्दा लाग्ने सिधा खर्च दाखिल गर्न आदेश भई, सिधा खर्च दाखिला भएपछि निवेदकका नाउँमा ३५ दिनभित्र बिगो दाखिला गर्न ल्याउनु, नल्याए मुलुकी ऐन, लेनदेन व्यवहारको १९ नं. तथा दण्ड सजायको ४२ नं. बमोजिम कैदमा राख्न इजलाससमक्ष पेस हुने भनी सूचना म्याद जारी भई, म्यादभित्र बिगो दाखिला नगरेकाले निजका नाउँमा पक्राउ पुर्जी जारी भएको पाइन्छ। यसरी निवेदक तथा निजका परिवारसमेतका नाउँमा चलअचल सम्पत्ति नभएका कारण बिगोबापत कैदमा राख्ने कुराको सूचनासहित बिगो बुझाउन निवेदकलाई समय दिई फैसला कार्यान्वयनको कार्य अघि बढाएकोमा फैसला कार्यान्वयनलाई सहयोग पुर्‍याउनुपर्ने कर्तव्य भएका यी निवेदकले उक्त बिगो दाखिला नगरी, फैसला कार्यान्वयनमा ढिलाई गर्ने उद्देश्यले म्याद सूचना पाएपछि रौतहट जिल्लाअन्तर्गत नदी कटानको कमसल भन्ने विवाद रहेको जग्गा श्रीमतीको नाममा खरिद गरी अदालतमा जेथा देखाउन ल्याएको कार्यलाई न्यायोचित मान्न नमिल्ने।

तसर्थ, मिति २०७१।०७।१७ मा पर्सा जिल्ला अदालतबाट भएको फैसलाबमोजिम प्रत्यर्थीले भराइपाउने ठहरेको बिगोबापत यी निवेदकलाई कैदमा राखिपाउँ भनी प्रत्यर्थीले पर्सा जिल्ला अदालतमा दिएको दरखास्त, सो दरखास्तका आधारमा निवेदक शम्भुप्रसाद पण्डितलाई कैदमा राख्नको लागि लाग्ने सिधा खर्च दाखिल गराई निवेदकका नाउँमा फैसलाबमोजिमको बिगो रकम लिई हाजिर हुन आउनु, नआए कैदमा राख्न इजलाससमक्ष पेस हुने भनी ३५ दिने म्याद दिएकोमा सो म्यादभित्र बिगो दाखिल नभएपछि लेनदेन मुद्दाका प्रतिवादी यी निवेदकलाई कैदमा राख्नको लागि पक्राउ पुर्जी जारी गरिएकोसमेतका फैसला कार्यान्वयनका सन्दर्भमा पर्सा जिल्ला अदालतका तहसिलदारबाट मिति २०७२।१२।१९ मा भएको आदेश समर्थन गरी पर्सा जिल्ला अदालतका जिल्ला न्यायाधीशबाट मिति २०७३।०६।०७ मा भएको आदेश सदर हुने ठहर गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७३।०८।२३ मा भएको आदेश त्रुटिपूर्ण नदेखिई रीतपूर्वकको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन दाबी पुग्न

सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर: देबिमाया खतिवडा (देविना)

इति संवत् २०७८ साल मङ्सिर १७ गते रोज ६ शुभम्।

२४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७८-WH-००८१, बन्दीप्रत्यक्षीकरण, विशेश्वर भन्ने विशे खत्वे वि. कारागार कार्यालय सिराहा

निवेदकले प्रस्तुत रिट निवेदन मिति २०७८।०७।२३ गते यस अदालतमा दर्ता गरेको पाइन्छ। तत्पश्चात् निवेदकलाई प्रचलित कानूनबमोजिम कार्यान्वयन हुने जरिवानाबापत हुनसक्ने कैदसमेत खुलाई प्रत्यर्थी सिराहा जिल्ला अदालतबाट मिति २०७८।०७।३० मा भएको आदेशानुसार जरिवाना रकम नतिरेमा जरिवानाबापत मिति २०७७।०६।२७ गतेदेखि मिति २०७८।१०।०८ गतेसम्म कैदमा राखी मिति २०७८।१०।०९ गते कैदबाट मुक्त गरिदिनु भनी सिराहा जिल्ला अदालतबाट जारी भएको च.नं. ७५९२ मिति २०७८।०७।३० को संशोधित कैदीपुर्जीबाट देखिने।

निवेदकका कानून व्यवसायी विद्वान् अधिवक्ता मोहनबहादुर बन्जारा क्षेत्रीले प्रत्यर्थी सिराहा जिल्ला अदालतबाट कैदीपुर्जी संशोधन भई, प्रचलित कानूनबमोजिम हुने जरिवाना तिरी निवेदक विशेश्वर भन्ने विशे खत्वे मिति २०७८।०८।०४ मा कैद मुक्त भइसकेकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी मिति २०७८।०८।१२ मा यस अदालतमा निवेदनसमेत दिएको देखिने।

तसर्थः निवेदकले आफूलाई लागेको कैद भुक्तान गरी लागेको जरिवाना तिरी कैदबाट मुक्त भई गइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कृतिबहादुर बस्नेत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल मङ्सिर १५ गते रोज ४ शुभम्।

२५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-MS-०००३, अदालतको अवहेलना, अंजनी कुमार पोखरेल वि. कैलास सिरोहियासमेत

प्रेस स्वतन्त्रताको सीमाभित्र अदालतको अवहेलना गर्न नपाइने कुरा पनि रहेको भए तापनि के कस्तो विषयवस्तु प्रकाशन गर्दा अदालतको अवहेलना हुने र कुनै विषयवस्तुको प्रकाशनबाट अदालतको अवहेलना भयो वा भएन भन्ने कुराको निर्धारण गर्दा अवहेलनाजन्य कार्य भएको भनी उठाइएको विषयवस्तुको सम्बन्धमा अदालतले विश्लेषण गरी न्यायिक निष्कर्ष निकाल्दै आएको देखिन्छ। वस्तुतः यो वा यस्तो कार्य गरेमा अदालतको अवहेलना हुने भनी स्पस्ट परिधि निर्माण गरिँदा अपूरो हुन जाने भएर नै न्यायिक व्याख्याको माध्यमबाट यस सम्बन्धमा सैद्धान्तिक आधारको विकास गरी सो आधारहरूलाई अनुशरण गर्दै आएको न्यायिक अभ्यास रहेको छ। सामान्यतः प्रेस तथा सञ्चार माध्यमले आफ्नो प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिजाइँ अनास्था पैदा गरी काण्ड मच्चाउने (Scandalize) कार्य गर्दछन् भने त्यस प्रकारको कार्यलाई अवहेलनाजन्य कार्य मानिन्छ। न्यायपालिकाको शक्ति भनेको यसप्रतिको नागरिकको आस्था र विश्वास हो तर जब कुनै प्रकारको भ्रामक र कपोलकल्पित हल्ला फिजाइँ यसका कामकारबाहीको सम्बन्धमा गलत प्रचार गरी जनआस्था घटाउने र कार्यरत न्यायाधीश तथा कर्मचारीहरूको मानहानि वा बदनामी गर्ने कार्य गरिन्छ त्यस प्रकारको कार्यलाई अदालतको अवहेलना

मान्नुपर्ने हुन्छ तर सञ्चार माध्यमले प्रकाशन गरेको कुनै सामग्री वा समाचारले अदालतको अवहेलना भयो वा भएन भन्ने सम्बन्धमा निर्क्यौल गर्दा अत्यन्त सतर्कता र संयमता अपनाउनुपर्ने हुन्छ । थोरै मात्र पनि असावधानी भयो भने त्यसले नागरिकको अभिव्यक्तिको स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सूचनाको हक जस्ता महत्त्वपूर्ण हकहरू अधिकार कुण्ठित हुने । यस सम्बन्धमा विभिन्न देशहरूको अभ्यास तथा अदालती व्याख्या हेर्दा बेलायतको अदालतले Scandalization लाई अत्यन्तै असहनशील (Extremely Intolerable) र गलत आरोपमा (False Cases) मा अदालतको मानहानि ठहराउने गरिएको पाइन्छ । यसै सन्दर्भमा R. v. Metropolitan Police Commissioner, ex parte Blackburn मा Salmond LJ ले “No criticism of a judgment, however, vigorous, can amount to Contempt of Court if it keeps within the limits of reasonable courtesy and good faith” भनी व्याख्या गरेको पाइन्छ । यो मुद्दाले पनि अदालतको काम कारबाहीको टीकाटिप्पणीबाट कानूनको उल्लङ्घन, सार्वजनिक हित वा न्याय प्रशासनमा अवरोध नपुर्याएको अवस्थालाई अवहेलनाजन्य कार्य नमानिने भन्ने धारणालाई आत्मसात् गरेको पाइने ।

प्रेस स्वतन्त्रता र अदालतको गरिमा दुवै अत्यन्त संवेदनशील प्रकृतिका विषयहरू हुन् । प्रेस स्वतन्त्रताको अभ्यासको नाममा अदालतको मर्यादा, स्वतन्त्रता तथा काम कारबाहीलाई प्रभावित पार्ने कार्य स्वीकार्य हुन सक्दैन भने अदालतको अवहेलनाको नाममा प्रेस स्वतन्त्रतालाई नियन्त्रित गर्ने कार्य पनि लोकतान्त्रिक प्रणालीको लागि हितकर हुन सक्दैन । यी दुवै संस्थाहरू आआफ्नो सीमाभित्र बस्नुपर्छ । अदालत एक सार्वजनिक निकाय भएकाले केही सीमित अपवादबाहेक यसका कामकारबाहीहरू प्रेसको पहुँचभन्दा बाहिर रहन सक्दैनन् । अदालतको काम कारबाहीहरूको सम्बन्धमा नागरिकको सूचना प्राप्त गर्ने हक रहेको हुन्छ जसको प्रत्याभूतिका लागि प्रेसले यससम्बन्धी समाचारहरू सम्प्रेषण गर्नुपर्छ । अझ कतिपय अवस्थामा त अदालतका कामकारबाहीहरूको आलोचना वा टिप्पणी पनि हुन सक्छ तर अदालतको काम कारबाहीको आलोचना वा टिप्पणी गर्दैमा अदालतको अवहेलना चाहिँ हुँदैन । यदि गरिएको आलोचना कुनै दूषित मनसायबाट निर्देशित नभई सत्य तथ्यमा आधारित छ र अदालतको सुशासन र हितको लागि गरिएको छ भने त्यस प्रकारको आलोचनालाई अदालतको अवहेलना भनी मान्न नमिल्ने । तर अदालतको मर्यादा तथा यसप्रतिको जनआस्थामा प्रतिकूल प्रभाव पार्ने दूषित मनसायले अदालतका काम कारबाहीहरूको आधारहीन रूपमा आलोचना गर्ने, यसको विरूद्ध भ्रामक हल्ला फिँजाई अदालतमा कार्यरत न्यायाधीशको मानमर्दन गर्ने र न्याय सम्पादनको कार्यमा हस्तक्षेप वा अवरोध सिर्जना गर्ने जस्ता काम कारबाही गरिन्छ भने अभिव्यक्ति स्वतन्त्रताको नाममा प्रेसले उन्मुक्ति पाउन सक्दैन र अदालतको अवहेलनामा कारबाही गर्नुपर्ने हुन्छ । न्यायपालिकालाई अवाञ्छित रूपमा होच्याएर वा विवादमा मुछेर जनसाधारणमा अदालतप्रति अनास्था उत्पन्न गराउने प्रयासले न्यायिक उपचारको प्रयोगमा हतोत्साही हुने तथा विचाराधीन मुद्दामा निष्पक्ष रूपमा न्याय सम्पादन गर्न नसक्ने स्थितिमा पुर्याउने र अदालतको फैसला वा आदेशको पालना हुन नसक्ने अवस्थाको सिर्जना हुन जान्छ र यसले कानूनको शासन र लोकतन्त्रमा नै असर पार्दछ । त्यसको दुष्परिणाम अदालत वा न्यायाधीशले मात्र होइन सम्पूर्ण देशले भोग्नुपर्ने हुँदा यस अवस्थामा मात्र अदालतले अवहेलनासम्बन्धी कारबाहीलाई अस्त्रकै रूपमा चलाउन बाध्य हुन्छ । यद्यपि अदालतको

अवहेलना भएको छ वा छैन भन्ने परीक्षण गरी निष्कर्ष निकाल्दा अदालतले अत्यन्त आत्मसंयमता चाहिँ अपनाउनुपर्ने।

अदालत यसै समाजभित्रको एउटा निकाय हो भने अदालतमा कार्यरत न्यायाधीश यसै समाजका सदस्यहरू हुन् । अदालतमा कार्यरत रहँदा हुने सार्वजनिक पद र जिम्मेवारीको अलावा न्यायाधीशहरूको व्यक्तिगत र पारिवारिक जीवन पनि रहेको हुन्छ । न्यायाधीशको पनि अन्य नागरिकको सरह गोपनीयताको हक तथा वैयक्तिक स्वतन्त्रताको हक रहेको हुन्छ । जसलाई पनि सदैव विचार र सम्मान गरिनुपर्छ । न्यायाधीशहरूले गरेका कामकारबाहीहरूमध्ये के कस्ता कामहरू न्यायाधीशको हैसियतमा गरिएका हुन् र के कस्तो कार्यहरू निजको व्यक्तिगत र पारिवारिक जीवनसँग मात्र सम्बन्धित हुन् भन्ने सम्बन्धमा पनि सचेततापूर्वक विचार गरिनुपर्छ । फेरि एउटा व्यक्तिको निजी आत्मसम्मान र संस्थागत आत्मसम्मानको बिचमा समेत दायराहरू निर्धारण गर्नुपर्दछ । न्यायाधीशले व्यक्तिगत हैसियतमा गरेका हरेक व्यक्तिगत वा पारिवारिक विषयहरू सबै सार्वजनिक चासो वा जानकारीको विषय नै हो भनी भन्न नसकिए तापनि न्यायाधीशको हैसियतमा गरेका कामकारबाहीहरू अदालतको मर्यादा र प्रतिष्ठासँग जोडिने विषय भएकाले त्यस प्रकारको कामकारबाहीको सम्बन्धमा भएको आलोचनाबाट अदालतको अवहेलना भयो वा भएन भन्ने सम्बन्धमा प्रश्न गर्न सकिने।

निवेदकले अदालतको अवहेलना भएको भनी जिकिर लिएको मिति २०७०।१।२८ शनिवारको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ ३ मा प्रकाशित विपक्षी विजय कुमार पाण्डेद्वारा लेखिएको "पद र पहिचानबिचको महान् अन्तर" लेखको विषयवस्तुलाई हेर्दा अदालतको कुनै अमुक न्यायाधीशउपर कुनै प्रकारको नकरात्मक टीकाटिप्पणी गरेको वा अदालतको सम्बन्धमा कुनै प्रकारको अफवाह फैलाउने हेतुले भन्दा पनि लेखक नेपालको एक वरिष्ठ पत्रकार तथा स्तम्भकार भएकोमा तत्कालीन अवस्थामा अदालतको सम्बन्धमा भएका चर्चा परिचर्चाको आधारमा विश्लेषणात्मक रूपमा लेखेको देखिन्छ । अदालत पनि सार्वजनिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने संस्था भएको हुनाले यसका काम कारबाहीहरू तथा यसले गर्ने गरेका अभ्यासहरू सार्वजनिक चासोका विषय हुन् र यस सम्बन्धमा सार्वजनिक रूपमा टीकाटिप्पणी वा विश्लेषण हुन सक्छ । जबसम्म अदालतको विरूद्धमा भ्रम छर्ने वा कुनै न्यायाधीशको नाम उल्लेख गरी गलत तथ्य छाप्ने काम हुँदैन तबसम्म त्यस प्रकारका आलोचना वा विश्लेषणलाई लोकतान्त्रिक समाजमा अन्यथा भन्न मिल्दैन । वास्तवमा यस प्रकारको स्वस्थ आलोचना तथा टिप्पणीले नै न्यायापालिकालाई अझ सुदृढ र सक्षम हुन सहयोग पुग्ने । विजयकुमार पाण्डेद्वारा लिखित उक्त लेखमा पनि अदालतको सम्बन्धमा तत्कालीन अवस्थामा चलेका चर्चाहरूको सम्बन्धमा एउटा सचेत नागरिक र पत्रकारको हैसियतमा चासो र चिन्तासम्म व्यक्त गरेको पाइने।

विपक्षीहरूले यस अदालतमा पेस गरेको लिखित जवाफको अध्ययन गरी हेर्दासमेत अदालतको मर्यादा र प्रतिष्ठाको सन्दर्भमा पूर्ण रूपमा सचेत रहेको देखिन्छ । उक्त लेखका लेखक विजयकुमार पाण्डेले आफूले अदालतको वा माननीय न्यायाधीशको मान मर्दन गर्ने आशयले उक्त लेख नलेखेको, सम्मानित अदालतको मान मर्दन गर्न आफ्नो कुनै मनसाय कहिल्यै नरहेको, कुनै माननीय न्यायाधीशसँग आफ्नो कुनै व्यक्तिगत रूपमा आग्रह वा पूर्वाग्रह नरहेको र आफूले स्वतन्त्र पत्रकारको रूपमा तत्कालीन अवस्थामा वस्तुगत परिस्थितिको आधारमा लेखिएको उक्त लेख लेखेको भनी उल्लेख गरेको देखिन्छ । त्यसैगरी निजले आफ्नो लिखित जवाफमा आफूले यसअगाडि पनि

विभिन्न लेखहरू लेखी स्वतन्त्र न्यायालयको पक्षमा उभिएको भनी विभिन्न दृष्टान्तहरू समेत दिएको देखिन्छ । निवेदकले कान्तिपुर दैनिकका सम्पादक तथा प्रकाशकहरूलाई समेत विपक्षी बनाएको सन्दर्भमा निज विपक्षीहरूको लिखित जवाफमा कान्तिपुर पब्लिकेसनका प्रबन्ध निर्देशक कैलास सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया तथा सम्पादक सुधिर शर्माले समेत आफूहरू स्वतन्त्र न्यायालयको पक्षमा रहेको, अदालतको अवहेलना गर्ने आफूहरूको कुनै मनसाय नरहेको र भविष्यमा समेत आफूहरू स्वतन्त्र न्यायपालिकाको पक्षमा रहने भनी प्रतिवद्धता व्यक्त भएको पाइन्छ । जसबाट निज विपक्षीको अदालतको अवहेलना गर्ने उद्देश्य थियो र उक्त उद्देश्यबाट अभिप्रेरित भएर उक्त लेख लेखेका हुन् भन्ने कुरामा यस इजलास सहमत हुन नसकिने ।

विपक्षी कान्तिपुर दैनिक समाचार पत्रको २०७०।१।१७ गतेको समाचार पत्रको पृष्ठ ७ विविधमा "श्रीमान्लाई टी-सर्ट मन नपरेपछि..." भन्ने शीर्षक राखी विपक्षीमध्येका घनश्याम खड्काले लेखेकोमा उक्त दिन माननीय न्यायाधीशको च्याम्बरमा घटित घटनाको सम्बन्धमा के कस्तो जानकारी छ, सो घटनाको विवरण प्रतिवेदन र सो दिनपश्चात् कान्तिपुर समाचार पत्रमा अदालतका सम्बन्धमा प्रकाशित विभिन्न सामग्रीहरूको कटिङसमेत प्रशासन शाखामार्फत प्राप्त गरी साथै राखी नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०७०।२।१ मा आदेशसमेत भएकामा उक्त आदेशबमोजिम यस अदालतको प्रशासन शाखाले उक्त दिन घटेको घटनाको सम्बन्धमा प्रतिवेदन तयार गरी मिसिल साथ संलग्न गरेको देखिन्छ । उक्त प्रतिवेदनको अध्ययन गरी हेर्दा मिति २०७०।१।१६ गतेका दिन यस अदालतको इजलास नं. ३ मा सुनुवाइ भइरहँदा विपक्षी घनश्याम खड्का पनि त्यहाँ पुगेको र निजले लगाएको पोसाक इजलासको मर्यादा स्वरूप नभएको भनी माननीय न्यायाधीशले इजलासबाहिर जान भनेकोमा इजलासपछि निज घनश्याम खड्का आफूलाई बाहिर निकालेको विषयमा विवाद गर्न माननीय न्यायाधीशको च्याम्बरमा प्रवेश गरेको भनी उल्लेख भएको पाइन्छ । यसरी सो दिन विपक्षी घनश्याम खड्का र माननीय न्यायाधीशका बिचमा विवाद भएको भनिए तापनि विपक्षी घनश्याम खड्काले आफ्नो लिखित जवाफमा आफूले वादविवाद नगरेको, कुनै प्रकारको अशिष्ट, अमर्यादित, अशोभनीय र आपत्तिजनक कुरा नगरेको र आइन्दा त्यस्तो अवस्था सिर्जना हुन नदिनको लागि सदैव सचेत रहने विश्वास सम्मानित अदालतलाई दिन चाहन्छु भनी उल्लेख गरेको देखिन्छ । यसरी विपक्षी घनश्याम खड्काले आफ्नो लिखित जवाफमा यस अदालतप्रति सम्मान व्यक्त गरेको र भविष्यमा यस प्रकारको कुनै पनि अवस्था सिर्जना हुन नदिन प्रतिद्धतासमेत व्यक्त गरेको तथा निज लामो समयदेखि निरन्तर रूपमा न्यायपालिकासम्बन्धी समाचारको रिपोर्टिङमा संलग्न रहँदै आएका जिम्मेवार व्यक्ति भएकोमा यस अदालत निजप्रति आग्रह वा दुराग्रही हुन उचित नहुने ।

अदालत स्वतन्त्र छ भन्दैमा न्यायालयको सम्पूर्ण कामकारबाही, न्याय सम्पादन प्रक्रिया र अदालतले गरेको फैसला वा आदेश सार्वजनिक छलफल वा सरोकारको विषय नै बन्न नसक्ने भन्ने हुँदैन । त्यसैगरी न्यायाधीशले व्यक्तिगतरूपमा गरेका अनैतिक काम, व्यक्तिगत स्वार्थ तथा अनुचित महत्त्वकांक्षाको ढाकछोप र संरक्षण गर्ने हतियारको रूपमा न्यायिक स्वतन्त्रताको अवधारणाको प्रयोग हुन नसक्ने ।

वस्तुतः आजको एक्काइसौं शताब्दीको लोकतान्त्रिक समाजमा अदालतको काम कारबाही, फैसला, आदेश र न्यायाधीशउपर स्वच्छ एवं पूर्वाग्रहरहित सकारात्मक आलोचना तथा

टीकाटिप्पणी गर्न रोक लगाउने अस्त्रको रूपमा अदालतले अवहेलनाको कारबाही चलाउँदैन । आजको खुला समाज भएको लोकतान्त्रिक व्यवस्थामा नै विचार तथा अभिव्यक्ति एवं प्रकाशनसम्बन्धी हकको व्यापक रूपमा प्रयोग भएको हुन्छ । यस्तोमा अदालतका काम कारबाही, फैसला, आदेश सम्बन्धमा वास्तविकतामा (Factual and Truth) आधारित भएर स्वच्छ (Fair) चर्चा, परिचर्चा, प्रकाशन, प्रसारण भएमा त्यसलाई अदालतको अवहेलना मान्न नमिल्ने । अतः विपक्षीहरूले यस अदालतको काम कारबाहीको सम्बन्धमा टिप्पणी गरी प्रकाशन गरेको समाचार तथा लेखले यस अदालतको अवहेलना भयो भन्ने निवेदकको जिकिरसँग यो इजलास सहमत हुन सकेन । विपक्षीहरूको काम कारबाहीबाट यस अदालतको अवहेलना भएको नदेखिने ।

अदालतबाट भएका फैसला आदेश एवम् अन्य न्यायिक काम कारबाहीको स्वस्थ रूपमा समाचार सम्प्रेषण तथा टीकाटिप्पणी गरिएको कार्यलाई अदालतको जनआस्था घटाउने कार्य भएको भन्न मिल्ने हुँदैन । स्वस्थरूपमा गरिएको टीकाटिप्पणीले सुधारको बाटो खोज्दछ । अन्ततः यसबाट न्यायपालिकाको गरिमा एवम् आस्था वृद्धि गर्न सघाउ पुर्याउँछ । यसर्थ, सञ्चारकर्मीले just, fair and reasonable भई न्यायालयको रचनात्मक टिप्पणी गर्दा अदालतको अवहेलना नहुने भन्ने अन्तर्राष्ट्रिय अभ्यासको मान्यतालाई यस अदालतले पनि विचार गर्नुपर्ने हुन्छ । त्यसैगरी विपक्षीहरूले आफ्नो लिखित जवाफमा तथा यस अदालतमा बहसको क्रममा अदालतको अवहेलना गर्ने सोच वा मनसायबाट कुनै कार्य गरेको छैन, भविष्यमा पनि अदालतप्रतिको जनआस्था वृद्धि गर्ने गराउने कार्यमा कटिबद्ध रहने भनी उल्लेख गरेबाट समेत विपक्षीहरूले न्यायालयको जनआस्थामा चोट पुर्याउने नियत राखेको देखिन नआएकोले विपक्षीहरूलाई निवेदकको मागबमोजिम कारबाही हुनुपर्ने ठहर्दैन । प्रस्तुत निवेदन खारेज हुने ।

प्रस्तुत निवेदन खारेज हुने ठहरे तापनि निवेदकले उठाएको प्रश्न अत्यन्त महत्त्वपूर्ण र न्यायिक प्रशासनसँग जोडिएको विषय हो । माथिल्ला प्रकरणहरूमा विवेचना गरिए जस्तै प्रेस स्वतन्त्रता निरपेक्ष स्वतन्त्रता होइन । सञ्चार माध्यमका पनि आफ्नो आचरण र नैतिकता (Code of Conduct and Ethics) रहेको हुन्छन् । सञ्चार माध्यमले अदालतसँग सम्बन्धित समाचार प्रकाशन प्रसारण गर्दा संविधानको सीमा र पेसागत मर्यादा तथा व्यक्तिगत दायित्वलाई मनन गरी अदालतको निर्णयमा वा निर्णय प्रक्रियामा प्रभाव नपर्ने । सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा न्यायपालिका र न्यायाधीशको बारेमा टीकाटिप्पणी गर्दा वा न्यायिक प्रक्रियाअन्तर्गतका आदेश र फैसलाहरूको सम्बन्धमा टीकाटिप्पणी गर्दा त्यस्तो टीकाटिप्पणीले अदालतमा विचाराधीन मुद्दामा प्रभाव परी स्वच्छ र स्वतन्त्र निर्णयमा प्रभाव पर्न सक्ने अवस्था छ, छैन अत्यन्त गम्भीरताका साथ विचार गर्नुपर्छ । सञ्चार माध्यमले प्रकाशन गरेका समाचारहरू हचुवा, अनुमान वा आग्रहप्रेरित नभई सत्य तथ्यमा आधारित हुनुपर्छ र प्रकाशन प्रसारणपूर्व समाचारको सत्यताको परीक्षण गरिएको हुनुपर्छ । मुद्दाको अवस्था र आदेशको प्रकृति आदिलाई पनि विचार गर्नुपर्दछ । गलत समाचार सम्प्रेषणले न्यायकर्मी हतोत्साही भएमा न्याय ढिला हुने वा न्याय कमजोर हुने वा न्याय सम्पादन गर्न उदासीन रहने मनोवैज्ञानिक प्रभाव रहन सक्ने सम्भावनाहरू आउन सक्ने र परिणाम न्यायमा अवरोध (Obstacles to Justice) को स्थिति सिर्जना हुन सक्दछ । जसले समग्र न्याय र न्याय प्रशासनमै असर पर्ने । यसैगरी सञ्चार माध्यमले न्यायाधीशको व्यक्तिगत जीवन र संस्थागत जिम्मेवारी र कर्तव्यबिचको सीमा बुझ्न र निर्धारण गर्न आवश्यक

हुन्छ । न्यायपालिकाको यस प्रकारको संवेदनशीलता र सीमालाई सञ्चार माध्यमहरूले गम्भीरताका साथ लिनपर्ने ।

आमजनताको सुसूचित हुन पाउने हक, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता एवंम अदालती प्रक्रियाको तथ्यपरक रिपोर्टिङ गरी अदालतको जनआस्था वृद्धि गर्नसमेत सञ्चार माध्यमले प्रभावकारी भूमिका निर्वाह गर्ने हुँदा न्यायालय तथा सञ्चार माध्यमबिच स्वस्थ सम्बन्ध हुनु अपरिहार्य हुन्छ । यसका लागि सञ्चार जगतको संवेदनशीलता र व्यावसायिकता तथा अदालतको तर्फबाट समेत आवश्यक तथ्य र सूचना प्रदान गरी सहकार्य गर्न आवश्यक देखिन्छ । तसर्थ, सञ्चार माध्यममा प्रकाशित सामग्रीबाट अदालतको अवहेलना भएको भन्ने सम्बन्धमा अदालतले सधैँ दण्डात्मक हिसाबले मात्र हेर्नुभन्दा निरोधात्मक तरिकाले समेत हेरिनु वाञ्छनीय हुने देखिन्छ । यस निरोधात्मक तरिका (Preventive Approach) को मुख्य पक्ष भनेको सञ्चार क्षेत्रका जनशक्तिको अदालतसम्बन्धी रिपोर्टिङका लागि विशेष विषयवस्तुको क्षमता अभिवृद्धिको उपाय (Educational Measure) तथा अदालत प्रशासन र सञ्चार जगत्‌बिचको सहकार्यको उपाय (Co-operative Measure) हो । जसको लागि सञ्चार माध्यममा अदालतसम्बन्धी समाचार हेर्ने जनशक्तिलाई न्यायिक प्रक्रिया, न्यायिक मर्यादा, कानूनी शब्द तथा यससम्बन्धी अवधारणाहरूको बारेमा पर्याप्त जानकारी हुनसमेत आवश्यक छ । यसको लागि अदालतको रिपोर्टिङ गर्ने पत्रकारहरूलाई यस सम्बन्धमा आवधिक रूपमा प्रशिक्षित गराई सन्दर्भ तथा सहयोगी सामग्रीहरूको (Guides/ Manuals and Reference Materials) उपलब्धता सुनिश्चित गरी सही समाचार सम्प्रेषण गर्ने गराउने जिम्मेवारी सम्बन्धित सञ्चार माध्यमको अतिरिक्त अदालत प्रशासनसमेतको रहन्छ । यी तथ्यहरूतर्फ यस इजलास विपक्षीहरूको तथा सर्वोच्च अदालत प्रशासनको समेत ध्यानाकर्षण गराउन चाहने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ / सन्देश श्रेष्ठ
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल माघ २० गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०६८-CI-०११७, अदालतको अवहेलना, रत्नकुमारी श्रेष्ठ वि. सुधिर शर्मासमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-CI-१३०१, ०६८-CI-१३०२, ०६९-CI-००४४, अंश दर्ता, शिवजीप्रसाद यादव वि. संझादेवी यादवसमेत, संझादेवी यादव वि. शिवजीप्रसाद यादव, मुनेश्वर यादव वि. शिवजीप्रसाद यादव

प्रतिवादी मुनेश्वर यादवले २०३७ साल माघ महिनादेखि मा.वि. शिक्षकको रूपमा शिक्षण सेवामा प्रवेश गरी मिति २०४३।८।१५ गतेदेखि त्रि. वि. सेवामा प्रवेश गरी हालसम्म प्राध्यापन सेवामा संलग्न भई हाल उप-प्रध्यापकमा कार्य गरी आएको भन्ने देखिँदा निज लामो समयदेखि अध्यापन पेसामा संलग्न रहेको पाइन्छ । निजले नोकरीको दौरानमा त्रि.वि.वि. बाट क.सं. कोष क्रमाङ्क ११४५४ को नाममा मिति २०५०।११।५ मा रू.१८,५००।–, मिति २०५१।६।१८ मा रू.२२,३००।-, मिति २०५३।९।९ मा रू.३८,५००।– क.सं. कोष सापटी लिएको र मिति २०५४।१।१७ मा डेढ वर्षे ऋण रू.३२,०४०।– लिएको लगायतका पटकपटक ऋण सापटी लिएको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । क.सं. कोष समेतको रकमबाट खरिद गरेको कि.नं.३६ र मिति २०५३/७/२३ मा खरिद गरेको गाउँ

ब्लकभित्रको ०-१-६१/२ जग्गा, मिति २०५३/७/२८ मा खरिद गरेको गाउँ ब्लकको ०-०-४१/४ जग्गासमेत निजी जग्गा हो भनी निजले जिकिर लिएको देखियो। त्यसैगरी प्रतिवादीमध्येकी रितादेवीले आफ्नो माइती भारतबाट पाएको दाइजोको जग्गा बिक्री गरी आएको रकम र अन्य चल सम्पत्तिसमेतबाट सिरहा जिल्ला, हरकट्टी वडा नं. ५ को कि नं. २५१ को १-१२-६१/२ जग्गा र धनुषा जिल्ला, जनकपुर वडा नं. ४ को कि.नं. ३०० को ०-०-१४-० जग्गा खरिद गरेको हो भनी निजले जिकिर गर्दै तायदातीमा समेत उल्लेख गरेको देखियो। निजले भारतमा जग्गा बिक्री गरेको प्रमाणसमेत पेस गरेको देखियो। दिने सध्या मिश्र लिने रितादेवी भएको र.नं. ४७१८ मिति २०५९।६।२५ को पारित राजीनामाको लिखत हेर्दा, कि.नं २८७ बाट कित्ताकाट गरी कि.नं ३०० को जग्गा राजीनामा पारित भएको देखियो। सो लिखतको कैफियत महलमा धनीको दाइजोको रकमबाट खरिद गरिएको भन्ने बेहोरा उल्लेख भएको पाइन्छ। उक्त लिखतमा वादीका पिता शनिचर यादवसमेत साक्षी बसेको देखिन्छ। साक्षी बस्दा निज धनीको जेठाजु शनिचर यादव भनी जनाइएको समेत देखियो। सोलाई वादी र अन्य प्रतिवादीहरूसमेतले अन्यथा प्रमाणित गर्न सकेको देखिएन। उल्लिखित जग्गाहरू सगोलको सम्पत्तिबाट खरिद गरेको भए यो यस्तो सम्पत्तिबाट खरिद गरिएको हो भनी वादी र अन्य प्रतिवादीहरूले समेत पुष्टि गर्न सक्नु पर्दथ्यो। तर वादी र अन्य प्रतिवादीहरूले समेत सो पुष्टि गर्न सकेको नपाइने।

प्रतिवादी मुनेश्वर यादवले लामो अवधिसम्म निरन्तर रूपमा नोकरी गरी निजी ज्ञान सीप र आर्जनबाट प्राप्त गरेको रकमसमेत बाट उक्त कि.नं ३६ को जग्गा र मिति २०५३/७/२३ एवं मिति २०५३/७/२८ मा खरिद गरेको गाउँ ब्लकको जग्गासमेत खरिद गरेको पुष्टि भएको छ। त्यसैगरी प्रतिवादी रितादेवीले दाइजोबाट प्राप्त गरेको रकमसमेत बाट उक्त कि.नं. ३०० को जग्गा खरिद गरेको भन्ने पुष्टि भएको छ। उल्लिखित तथ्य प्रमाण र अंश बन्डाको महलको १८ नं को कानूनी व्यवस्थाबमोजिम उक्त कि.नं ३६ एवं २ वटा गाउँ ब्लकको जग्गा र कि.नं. ३०० को जग्गासमेत निजी आर्जनको भई सबै अंशियारबिच बन्डा लगाउन कर लाग्ने देखिन नआउने।

तर कि.नं.२५१ को जग्गा पनि दाइजो र निजी आर्जनकै रकमबाट खरिद गरेको भनी जिकिर गर्दै प्रतिवादीहरू मुनेश्वर यादव र रितादेवीले तायदातीमा उल्लेख गरेको देखिए पनि सोको प्रमाण निज प्रतिवादीहरूले पेस दाखिला गर्न सकेको देखिँदैन। दाइजो, पेवा वा निजी आर्जनको सम्पत्तिबाट सो जग्गा खरिद गरेको भए सो कुरा सबुद प्रमाणबाट पुष्टि गर्नुपर्दछ। दिने रामनारायण यादव लिने रितादेवी भएको र.नं. ४४७६ मिति २०५३।१०।७ को पारित राजीनामाको लिखत हेर्दा, कि.नं.२१६ बाट कित्ताकाट गरी रू.२,२७,०००।- मा उक्त कि.नं २५१ को १-१२-६१/२ जग्गा राजीनामा पारित गरी खरिद गरेको भन्ने देखिन्छ। सो जग्गा दाइजो, पेवा वा निजी आर्जनको सम्पत्तिबाट निज प्रतिवादीहरूले खरिद गरेको भए सो बेहोरा लिखतमा उल्लेख गरेको हुनु पर्दथ्यो। सो लिखतको कैफियत महलमा दाइजो, पेवा वा निजी आर्जनको सम्पत्तिबाट खरिद गरेको भन्नेसमेतका कुनै कुरा उल्लेख गरेको पाइँदैन। त्यसैले उक्त जग्गा प्रतिवादीहरूले दाइजो, पेवा वा निजी आर्जनको सम्पत्तिबाट खरिद गरेको भन्ने पुष्टि नभएकोले सो जग्गा सबै अंशियारहरूको बिचमा अंशबन्डा लाग्ने नै देखिने।

अतः कि.नं. ३६ एवं २ वटा गाउँ ब्लकको जग्गा र कि.नं.३०० को जग्गाबाहेक वादी प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारीमा उल्लेख भएका सम्पत्तिलाई २ भाग लगाई सो २ भागको १ भागलाई

पुनः २ भाग लगाई उक्त २ भागको एक भागमध्येबाट पुनः दुई भाग लगाई सो २ भागको १ भाग अंश यी वादीले अंशबापत पाउने र उक्त जग्गा वादीका नाममा दर्तासमेत हुने ठहर्छ भनी पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।३।२७ मा भएको फैसला मिलेकै देखिन आयो। पुनरावेदक वादी र प्रतिवादीको पुनरावेदन जिकिर तथा यस अदालतबाट प्रत्यर्थी झिकाउने गरी भएको आदेशसमेतसँग सहमत हुन नसकिने।

तसर्थः उपर्युक्त विवेचित आधार कारण र प्रमाणहरूसमेतबाट सुरू सिरहा जिल्ला अदालतबाट मिति २०६६।७।९ मा भएको फैसलालाई केही उल्टी गरी कि.नं.३०० को जग्गामा बन्डा लाग्न नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालत राजविराजको मिति २०६८।३।२७ को फैसला मनासिब नै देखिएकोले सदर हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई
कम्प्युटर: देबिमाया खतिवडा (देविना)
इति संवत् २०७६ साल माघ ८ गते रोज ४ शुभम्।

## इजलास नं. ५

२७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४–WO-०५४६, उत्प्रेषण, धनश्याम आचार्य वि. स्वास्थ्य मन्त्रालयसमेत

निवेदक सहकारी लि. र प्रत्यर्थीमध्येका नारायणी उप-क्षेत्रीय अस्पताल विकास समितिबिच मिति २०५१/११/१७ मा भएको सम्झौताबमोजिम अस्पतालले उपलब्ध गराएको ६८० वर्ग फिट जग्गामा निवेदक संस्थाले भवन निर्माण र आवश्यक संरचनाहरूको जडान गरी फार्मेसी सञ्चालन गर्दै आएको देखिन्छ। निवेदक संस्थालाई कुनै पनि सर्त र बहानामा सो एरियाको स्थानबाट हटाउन सकिने प्रावधान करारनामामा उल्लेख भएको देखिँदैन। निवेदक सहकारी संस्था एक अति संवेदनशील चिकित्साजन्य सेवा प्रदायक नेपाल सरकारको पचास प्रतिशतभन्दा बढी लगानी भएको संस्था भई सेवा सञ्चालन गर्दै आइरहेको अवस्थामा स्वास्थ मन्त्रालयको पत्र त्यस पत्रको आधारमा घरपसल खाली गराउने बेहोराको विपक्षी विकास समितिको पत्र र सिलबन्दी गर्नेलगायतका कार्यहरू न्यायोचित देखिन आएन। उल्लिखित आधार कारणबाट निवेदकले प्रयोग गर्दै आएको घर जग्गा र सो घर जग्गामा सञ्चालित औषधी पसल सिलबन्दी गर्नेलगायतका कार्यहरू यसै प्रकृतिको यिनै निवेदक विपक्षी भएको ०७२-WO-०३०६ को उत्प्रेषण / परमादेश मुद्दामा निवेदकले निर्माण गरेको घर पसल खाली गर्नु नपर्ने गरी आदेश जारी भएको अवस्था हुँदा र प्रस्तुत निवेदन पनि उक्त निवेदनसँग अन्तरप्रभावी देखिएकोले सर्वसाधारणको स्वास्थ्य सेवा अवरूद्ध हुने गरी निवेदक संस्थालाई सरकारी अस्पतालको भोगाधिकारभित्र रहेको जग्गा, भवन सञ्चालन गर्न नदिन र सञ्चालन भएको भए तत्काल हटाउने भनी स्वास्थ्य मन्त्रालयको मिति २०७४।३।१९, च.न.२/३६१४ को पत्र र उक्त पत्रको आधारमा निवेदकलाई भवन खाली गराउनु भन्ने बेहोराले प्रेषित विपक्षी नारायणी उप-क्षेत्रीय अस्पतालको मिति २०७४।४।३१ को पत्र र उल्लिखित पत्रहरूको आधारमा प्रत्यर्थीहरूले साझा स्वास्थ्य सेवाको सम्पति भोग बिक्री गर्न नपाउने गरी मिति २०७४।९।२८ मा गरेको सिलबन्दीसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

साथै निवेदक साझा स्वास्थ्य सेवा सहकारीलाई हाल सञ्चालन गरिरहेकै अवस्थामा

फार्मेसी सञ्चालन गर्न दिनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: राजेन्द्र वाग्ले / बिना गौतम

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल पौष २४ गते रोज ५ शुभम् ।

२८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-CR-०५८१, ठगी, नेपाल सरकार वि. विरू तामाङसमेत

प्रमाणमा रहेको वादी होली मिसन नेपाल प्रतिवादी चन्द्र कुमार राई भएको ०७०-CP-००४९ को दर्ताफारी मुद्दामा ललितपुर जिल्ला अदालतबाट मिति २०७०।१०।८ मा "फिराद दाबीबमोजिम विवादको ल.पु.जि.नगर वडा नं. ६/क कि.नं.६० को क्षेत्रफल २-३-०-० जग्गा र सोमा बनेको घर टहरा समेतबाट नरम गरम मिलाई वादी संस्थाले प्रतिवादीबाट ३ भागको २ भाग दर्ता फुटाई छुट्याई चलनसमेत चलाइपाउने ठहर्छ" भनी फैसला भएको देखियो । सो फैसलाउपर पुनरावेदन नपरी सुरू अदालतको फैसला नै अन्तिम भएको पाइयो । सो फैसला बदरसमेतको दाबी भएको वादी नेपाल ख्रिष्टियन गोस्पेल चर्च र प्रतिवादी होली मिसन नेपालसमेत भएको ०७२-CP-०४६९ को ललितपुर जिल्ला अदालतमा परेको मुद्दामा मिति २०७३।२।२३ गते दाबीको जग्गामा वादीको हकदैया नभएको भनी मुद्दा खारेज गर्ने गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।१०।११ मा फैसला भएको देखिन्छ । यसरी दर्ताफारी मुद्दाबाट होली मिसन नेपालले विवादित कि.नं.६० को जग्गामध्ये ३ भागको २ भाग दर्ता फुटाई छुट्याई लिन पाउने ठहर भएबाट उल्लिखित फैसलाको प्रतिकूल हुने गरी विवादित कि.नं. ६० को जग्गा NCGC को हकको जग्गा रहेछ भनी मान्न नमिल्ने ।

विवादित जग्गाका दर्तावाला विरू तामाङ र लोक घर्ती मगरसमेत रहेको तथ्यमा कुनै विवाद छैन । कानूनबमोजिमको आधिकारिक अभिलेखबाट निजहरू जग्गाका वास्तविक स्वामित्ववाला व्यक्ति होइनन् भन्ने देखिन आएको पाइएन । यस अवस्थामा ३ भागको २ भाग हिस्सेदार जग्गा दर्तावालाले आफ्नो भाग हिस्साको जग्गा होली मिसन नेपाललाई लिखत पारित गरी दिन पाउने नै देखिन्छ । यसपछि अदालतको अन्तिम फैसलाअनुसार नै विवादित कि.नं.६० को जग्गाबाट होली मिसन नेपालले ३ भागको २ भाग दर्ता फुटाई छुट्याई लिएको देखिएको छ । यस प्रकार देवानी प्रकृतिको कारोबार र दायित्वको विषयलाई लिएर ठगीको कसुर कायम गर्नु तर्कसङ्गत र न्यायोचित देखिँदैन । ठगीको कसुर भएको कुरा विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले दाबी प्रमाणित गर्न सकेको देखिँदैन । जाहेरवाला र प्रतिवादीहरूका बिच अमुक प्रकारको व्यवहार भएको होला भन्ने कुराको अनुमान गरी आधिकारिक रूपमा रहेका जग्गाको दर्ता स्रेस्ता र अदालतको फैसला प्रतिकूल ठगीको कसुर ठहर गर्न मिल्ने नदेखिने ।

प्रतिवादीहरू विरू तामाङ र लोक घर्तीमगरलाई ठगीको कसुर ठहर गरी भएको सुरू ललितपुर जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको मिति २०७४।१०।११ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल जेठ ७ गते रोज ४ शुभम् ।

२९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-CR-०८५३, खोटा चलन,

नेपाल सरकार वि. विकास भन्ने विषबहादुर गुरूङ

प्रतिवादी विषबहादुरले मेलामा ५४ वटा नक्कली नोट प्रचलन गराएको भनी निवेदनसाथ प्रहरी कार्यालयमा दाखिल भएका र १४ वटा नोट निजले फालेको भनिएको झोलाबाट बरामद भएकासमेत जम्मा ६८ वटा १०००।- रूपैयाँ दरका नोटहरू बरामद भएको देखिन्छ । बरामद भएका नोटहरू परीक्षण हुँदा नक्कली भन्ने प्रतिवेदन बेहोरा रहेको पाइयो । ती नोटहरू यिनै प्रतिवादीले बहिडा छापी प्रचलनमा ल्याएको भन्ने देखिँदैन । प्रतिवादीको मौकामा भएको बयानमा ती नोटहरू काठमाडौंतर्फ घर बताउने एकजना मानिसले दिएका र उक्त नोटहरू कटाउन सकेमा आधा आधा बाड्ने भनी आश्वासन दिएकाले ६८ थान नोट प्रचलनमा ल्याउन बोकी गएकोमा मेलामा ५४ वटा नोटहरू प्रचलनमा ल्याई बाँकी १४ वटा झोलामा नै रहेकोमा मलाई पक्राउ गर्न प्रहरी आएकाले सो झोला बाटोमै छाडी भागेको भनी उनाउ व्यक्तिले प्रचलनमा ल्याउन भनी दिएका नोटहरू बोकी लगेको कुरामा सम्म मौकामा प्रतिवादी साबित रहेको देखिन्छ । नोट छाप्ने कार्य निज प्रतिवादी विषबहादुर गुरूङले गरेको भन्ने देखिँदैन । प्रतिवादी आफैँले नक्कली नोट छापी प्रचलनमा ल्याउने कार्य गरेको नभई अन्य व्यक्तिबाट प्राप्त बरामद भएका नक्कली नोटहरू प्रचलनमा ल्याउनेसम्म कसुर गरेको मिसिल प्रमाणबाट देखिएको छ । यस अवस्थामा निज प्रतिवादीलाई मुलुकी ऐन, खोटा चलनको महलको ४(१) नं. बमोजिम कसुर ठहर गर्न मिल्ने नदेखिने ।

प्रतिवादी विकास भन्ने विषबहादुर गुरूङलाई मुलुकी ऐन, खोटा चलनको ४(१) नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरी सुरू गोरखा जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादीलाई सोही महलको १८ नं. बमोजिम रू. १००।- जरिवाना हुने ठहर्‍याएको उच्च अदालत पोखराको मिति २०७५।१।२ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल जेठ ७ गते रोज ४ शुभम् ।

३०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-CR-१०३४, कर्तव्य ज्यान, नेपाल सरकार वि. यमबहादुर विष्टसमेत

प्रत्यक्ष साक्षीको सर्वथा अभाव रहेको देखिन्छ । वादी पक्षका साक्षीहरू मीना सार्की, पदमबहादुर सार्की, बिस्ना सार्की तथा जाहेरवालाको बकपत्रमा प्रतिवादीले मृतकलाई मारेका हुन् भन्ने शंकासम्म गरिएको छ । तर घटना आफैँले देखेर लेखाएको भन्न र यी प्रतिवादीको यस्तो चोट प्रहारले मृत्यु भएको भनी भन्न सकेको छैन । मृतक र प्रतिवादीहरू फुटवल हेर्नेदेखि लिएर रातिसम्म सँगसाथ रहेका भनिएको छ । सो अवधिमा मृतकले रक्सी सेवन गरेको र अर्को दिन बिहान एकैचोटि मृतकको लास फेला परेको देखिन्छ । यस अवस्थामा प्रतिवादीले सञ्चालन गरेको होटलनजिक लास फेला परेको जस्ता परिस्थितिजन्य प्रमाणको आधारमा मात्र प्रतिवादीहरू यमबहादुर विष्ट र भक्तबहादुर खड्कालाई कसुरदार ठहर गर्न सकिने अवस्था नदेखिने ।

प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिन्छ । अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा इन्कार रही निर्दोषिताको जिकिर गरेको देखियो । कुनै पनि प्रत्यक्ष देख्ने साक्षी वा प्रत्यक्ष प्रमाण पेस हुन आएको देखिँदैन । मृत्युको कारणसमेत हत्या हो वा मादक पदार्थ सेवन गरेको कारणबाट कुनै प्रकारको भवितव्य परी वा दुर्घटना भई मृत्यु भएको हो भनी यकिन रूपमा भन्न सकिने अवस्था देखिएन । यस अवस्थामा मृतकका केही आफन्तहरूले शंकासम्म व्यक्त गरेको

आधारमा प्रतिवादीहरूलाई दोषी ठहर गर्नु न्यायोचित देखिन नआउने।

प्रतिवादीहरूउपर केही व्यक्तिले शंकासम्म व्यक्त गरेको भए पनि केवल शंकाको भरमा दोषी ठहर गर्न नमिल्ने, शंकाको सुविधा अभियुक्तले पाउने भएको र अभियोजन पक्षले भरपर्दो प्रमाण पेस गरी अभियोग दाबी प्रमाणित गर्न सकेको नदेखिएको हुँदा प्रतिवादीहरूलाई सफाइ दिने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।२।२१ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द निरौला
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७७ साल जेठ ७ गते रोज ४ शुभम्।

## इजलास नं.६

### ३१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-०५३७, लिखत बदर दर्ता बदर दर्ता कायम, विष्णुप्रसाद गुप्ता वि. शंकरकुमार यादव

साबिक मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं मा साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैंतिस दिनभित्र उजुर गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । प्रस्तुत कानूनी व्यवस्थाअनुसार प्रत्यर्थी वादी शंकरकुमार यादवले आफ्नो बाबु खुसीलाल यादव र पुनरावेदक विष्णुप्रसाद गुप्ताबिच मिति २०५५।३।१६ मा कि.नं. ३१९ को ५-९-१२ जग्गामध्येबाट कि.नं. ४०२ को ०-०-११ जग्गा र.नं.८८१४ मार्फत राजीनामा गरिदिएको विषयमा चित्त नबुझेको भए थाहा पाएको मिति अर्थात् बकसपत्रको मिति २०५६।५।७ को ३५ दिनभित्रमा नालेस गर्नुपर्नेमा मिति २०६५।२।१० मा मात्र फिराद दायर गरेको देखिँदा उक्त फिराद पत्र हदम्यादभित्र दायर भएको नभई हदम्याद नाघी दायर भएको रहेछ भन्ने नै देखिने।

जहाँसम्म दूषित व्यवहार भयो भन्ने प्रश्न छ सो सम्बन्धमा वादी प्रतिवादीहरूबिचमा अंशसम्बन्धी विषयमा अदालतमा मुद्दा परी मुद्दा चलिरहेको अवस्थामै दुवै पक्षले तारिख छाडेबाट अंश मुद्दा तामेलीमा रहेको अवस्थामा कि.नं.३१९ बाट ०-०-११ जग्गा हस्तान्तरण गरी बाँकी रहेको जग्गामध्येबाट बाबु खुसीलालले प्रत्यर्थी / वादी शंकरकुमारलाई नै बकसपत्रबाट हस्तान्तरण गरेको देखिँदा दूषित कारबाही भयो भन्न मिलेन। दूषित कारबाही / व्यवहार नभएको अवस्थामा कारोबार भएकै मितिबाट मुद्दा गर्नुपर्ने हुँदा यी प्रत्यर्थी / वादी शंकरकुमार यादवबाट हदम्याद नाघी दायर गरेको सुरू फिराद पत्र हदम्यादको आधारमा खारेज गर्ने गरी भएको सुरू सप्तरी जिल्ला अदालतको फैसलालाई नै सदर गर्नुपर्नेमा वादी दाबीबमोजिम मिति २०५५।३।१६ मा भएको राजीनामाको लिखत वादीको हकसम्म बदर गरी कि.नं. ४०७ को जग्गाको दक्षिणतर्फबाट ०-०-५१/२ जग्गा वादीकै नाउँमा दर्ता कायमसमेत हुने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७०।७।११ को फैसला मिलेको देखिन नआउने।

तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।०७।११ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू फिराद पत्रसमेत खारेज हुने ठहऱ्याई सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६६।०९।०६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७७ साल माघ २८ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७१-CR-०५०९, जालसाज, विष्णुप्रसाद गुप्ता वि. शंकरकुमार यादव भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७६-WH-०३६६, बन्दीप्रत्यक्षीकरण, लक्ष्मी खड्काको हकमा बलराम काफ्ले वि. उच्च अदालत पाटनसमेत

निवेदिकाले खास गरी उच्च अदालत पाटनको वाणिज्य इजलासबाट बैंकिङ कसुर मुद्दामा मागेको धरौटी रकम बढी भएको र सोही कारणले आफू थुनामा रहनुपरेको हुँदा उक्त मिति २०७७।१।१४ को आदेश बदर गरिपाउँ भन्ने मुख्य निवेदन जिकिर लिएको पाइन्छ । उच्च अदालत पाटनको वाणिज्य इजलासबाट प्रज्ञान सुवेदीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी निवेदीका भएको बैंकिङ कसुर मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ मा उल्लिखित प्रावधानलाई समेत विचार गरी मुद्दाको तथ्य, सबुद प्रमाण तथा कसुरको प्रकृति र गाम्भीर्यसमेतका आधारमा तथा निवेदिका लक्ष्मी खड्काले अदालतमा बयान गर्दा जाहेरवालाको नाममा काटिएको चेक आफैँले जारी गरेको हो र उक्त चेकमा भएको सही र बेहोरा आफ्नै हो भनी बयान गरेको एवम् नेपाल बंगलादेश बैंक लिमिटेडको मिति २०७६/१२/०२ को पत्रमा खातामा चेकलाई खाम्ने रकम मौज्दात नरहेकोले चेक भुक्तानी गर्न नसकेको भनी उल्लेख भएको पत्रसमेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी निर्दोष रहेछन् भन्न सकिने अवस्था विद्यमान नदेखिएको भनी निजसँग रू.४४,००,०००/- धरौटी माग गर्ने गरी मिति २०७७/०१/१४ मा उच्च अदालत पाटनबाट आदेश भएको देखिन्छ । यसरी उच्च अदालतबाट मागिएको धरौटी रकम दाखिला गर्न नसकेको कारणले मात्र निज थुनामा रहेको देखिन्छ। उच्च अदालत पाटनबाट मिति २०७७।१।१४ मा धरौटी माग गर्ने सम्बन्धमा चित्त नबुझ्ने पक्षले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम यस अदालतको साधारण क्षेत्राधिकारअन्तर्गत निवेदन दिई सो सम्बन्धमा उपचार पाउन सक्ने अवस्था कानूनत: विद्यमान रहेको देखिन्छ । निवेदाकाले ०७६-AP-०५५२ को निवेदन यस अदालतमा दर्ता गरेको पाइएको र सोही निवेदन यस अदालतको साधारण क्षेत्राधिकारअन्तर्गत नियमित प्रक्रियाबाट उपचार पाउन सक्ने अवस्था विद्यमान हुदाँहुदै धरौटी माग गरेको विषयलाई लिएर असाधारण क्षेत्राधिकारअन्तर्गत बन्दीप्रत्यक्षीकरणको निवेदन लिई आएको कानूनत: मिलेको समेत नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिन नआउने।

कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रता हनन गर्न पाइँदैन। व्यक्तिलाई उसको यस्तो मौलिक अधिकारबाट बन्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्य रूपमा पालना गर्नुपर्छ । यदि कुनै पनि व्यक्तिलाई गैरकानूनी रूपमा कानूनको उचित प्रक्रियाविना वैयक्तिक स्वतन्त्रताको उपयोग गर्नबाट वञ्चित गर्ने गरी नियन्त्रणमा राखिएको छ भने त्यस्तो अवस्थामा मात्र बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिनु अदालतको कर्तव्य हुने गर्दछ । तर, कानूनबमोजिमका नियमित अदातलबाट कानूनले तोकेबमोजिमका प्रक्रिया पूरा गरी भएका आदेशलाई बदर गर्न संविधानले विशिष्ट अवस्थामा मात्र प्रयोग गर्ने गरी उच्चतम अदालतलाई प्रदान गरेको असाधारण अधिकार क्षेत्रको प्रयोग गर्न मिल्ने हुँदैन । असाधारण क्षेत्राधिकार सामान्य क्षेत्राधिकारको पुनरावेदकीय

क्षेत्राधिकार पनि होइन । असाधारण क्षेत्राधिकारलाई साधारण क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकारको रूपमा लिने हो भने साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकारको अन्तर नै मेटिन पुग्दछ र साधारण क्षेत्राधिकारको औचित्य समाप्त हुन जाने अवस्था हुन्छ । रिट निवेदनबमोजिमको बैंकिङ कसुर मुद्दामा अदालतबाट माग भएको धरौटी रकम दाखिला गर्न नसकी पुर्पक्षको लागि नियमबमोजिम थुनामा बसेको अवस्थालाई गैरकानूनी थुना भनी यस अदालतको असाधारण अधिकारक्षेत्रमार्फत बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने ।

अतः तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी निर्दोष रहेछन् भन्न सकिने अवस्थाको विद्यमानता नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी बैंकिङ कसुरमा मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७७।१।१४ मा प्रतिवादी लक्ष्मी खड्कासँग रू.४४,००,०००/- धरौटी माग गरेकोमा सो आदेशबमोजिमको रकम दाखिला गर्न नसकी थुनामा बसेकोलाई गैरकानूनी थुना भनी मान्न र सोउपर ०७६-AP-०५५२ को निवेदन यसै अदालतमा विचाराधीन भई त्यसमार्फत धरौट मागेको मिलेको छ वा छैन हेर्न सकिने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: तेजप्रसाद पौडेल
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७७ साल असार ३ गते रोज ४ शुभम् ।

## इजलास नं.८

### ३३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७६-RC-००४४, कर्तव्य ज्यान र जबरजस्ती चोरी, नेपाल सरकार वि. गोरका भन्ने गोरख महतो मुरीयारी

प्रतिवादी गोरख महतोले मेरो काका रामदेव राय यादवलाई पैसाको लोभमा परी गम्छाले घाँटी कसी मारेर फालेको हो भनी यी प्रतिवादीउपर किटानी जाहेरी परेको देखिएको र सो जाहेरी बेहोरालाई समर्थन गरी जाहेरवालाले अदालतसमक्ष बकपत्र गरिदिएको पाइन्छ । प्रतिवादी गोरख महतोले जुवा खेलेको ठाउँबाट आफू र मृतक रामदेव राय यादव सँगै घरतर्फ जाने क्रममा पैसाको लोभ लागी मैले निजलाई पछाडिबाट लडाई निजले नै घाँटीमा राखेको गम्छाले घाँटी कसी कर्तव्य गरी मारी निजको साथमा भएको रू.२०,०००।- (बिस हजार) खोसी बाँसघारीमा जमेको जलकुम्भी भएको पानीमा फाली दिएको भन्नेसमेत बेहोराको अधिकारप्राप्त अनुसन्धान अधिकारीसमक्ष बयान गरी अदालतसमक्ष समेत कसुरमा साबित भई बयान गरेको देखिने ।

मृतकको घाँटीमा गम्छाले कसेको भन्ने घटनास्थल लासजाँच प्रकृति मुचुल्कामा देखिन आएको छ । यी प्रतिवादीको पत्नीले वारदातस्थलबाट बरामद भएका एकजोर चप्पलसमेत आफ्नो पतिको रहेको हेरी चिनी सनाखत गरिदिएको छ । त्यस्तै मृतकको मृत्यु Strangulation भएर भएको भन्ने पोष्टमार्टम रिपोर्टमा उल्लेख रहेको पाइन्छ । यसप्रकार उल्लिखित सबुत एवं प्रमाणको आधारमा यी प्रतिवादी गोरख महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसुर र ऐ.को चोरीको महलको १ नं. र ४ नं. अन्तर्गतको कसुरसमेतमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र मुलुकी ऐनको चोरीको १ नं. र ४ नं. विपरीतको कसुरमा ऐ.को १४(२) नं. बमोजिम ४ महिना कैद र बिगोबमोजिम जरिवानासमेत हुने ठहऱ्याई सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसलालाई

सदर गरेको पुनरावेदन अदालत जनकपुरको फैसलालाई अन्यथा भन्न मिलेन । तर प्रस्तुत मुद्दामा प्रतिवादी गोरख महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू सर्लाही जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुरको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि "मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी गोरख महतोलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ, निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृत: गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७७ साल कार्तिक २८ गते रोज ६ शुभम्।

३४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७६-RC-०१६२, कर्तव्य ज्यान, नेपाल सरकार वि. रेणुकुमार चौधरी

प्रतिवादीले अदालतमा आरोपित कसुरलाई इन्कार गरी बयान गरेको देखिए पनि सो इन्कारी बयान अन्यथा हो भनी निजले प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । यस्तो स्थितिमा प्रतिवादीउपर यिनै जाहेरवालीले यसै वारदातका सम्बन्धमा ज्यान मार्ने उद्योगअन्तर्गत जाहेरी दिएकोमा अनुसन्धानको क्रममा प्रतिवादीले गरेको बयान तथा सङ्कलित प्रमाण कागजहरूलाई समेत प्रमाणको रूपमा विचार गर्नुपर्ने देखिन्छ । जाहेरवालीको ससुरा टिकाराम चौधरीले सालको काठ बोकी ल्याउँदै गरेको अवस्थामा यी प्रतिवादीले बाटो छेकी काठ कहाँबाट ल्याएको हो भनी सोधपुछ गर्दा विवाद भएको अवस्थामा यी प्रतिवादीले निज टिकारामलाई कुटपिट गरी घाइते बनाएको र विभिन्न अस्पतालमा उपचार गर्न लग्दा निको हुन नसकी सोही चोटको कारणबाट डेढ महिनापछि मृत्यु भएको भन्ने जाहेरी बेहोरा र यसै वारदातको सम्बन्धमा प्रमाणमा आएको ज्यान मार्ने उद्योग मुद्दामा प्रतिवादीले मृतक टिकाराम चौधरीलाई बक्सिङले हिर्काएको र उसले बोकी ल्याएको काठले २/४ पटक हिर्काएको हुँ भनी गरेको साबिती बयान परस्परमा मेल खाइरहेको देखिएबाट प्रतिवादीले आरोपित कसुर गरेको भन्ने पुष्टि हुन आउने ।

अत: सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०७२।०२।२४ मा प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी फैसला भएकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) तथा केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को प्रतिबन्धात्मक वाक्यांशको आधारमा सर्वस्व गरेको हदसम्म फैसला उल्टी गरी प्रतिवादीलाई जन्मकैद हुने ठहऱ्याई उच्च अदालत विराटनगर, अस्थायी इजलास

ओखलढुंगाबाट मिति २०७६।१।१६ मा भएको मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतद्वय: मानबहादुर विष्ट र गगनदेव महतो

कम्प्युटरः सुप्रभा अर्याल

इति संवत् २०७७ साल कार्तिक २८ गते रोज ६ शुभम् ।

३५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा. न्या. श्री हरिप्रसाद फुयाल,** ०७६-RC-०१५४, कर्तव्य ज्यान, नेपाल सरकार वि. एकबहादुर वि.क.

प्रतिवादीउपर किटानी जाहेरी रहेको, प्रतिवादीले आफूले प्रहार गरेको दाउराको चोटपीडाबाट नै मृतक श्रीमतीको मृत्यु भएको हो भनी अधिकार प्राप्त अधिकारी तथा अदालतसमक्ष कसुरमा साबित भई बयान गरेको, मृतकको मृत्युको कारणमा Blunt force injury to head and chest भन्ने बेहोरा शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको र सो शव परीक्षण प्रतिवेदनको पुष्टि हुने गरी चिकित्सक डा. मदनप्रसाद बरालले अदालतसमक्ष बकपत्र गरिदिएको, जाहेरवाली तथा घटना विवरण कागज गर्ने मानिसहरूले समेत मौकाको आफ्नो कागजलाई पुष्टि हुने गरी बकपत्र गरेको, अभियोग पत्रसाथ पेस भएको दशीमा लागेको रगत मानिसको रगत हो भनी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिएकोसमेतका मिसिल संलग्न आधार प्रमाणबाट यी प्रतिवादीले प्रहार गरेको चिर्पट दाउराको चोट पीडाको कारणबाट नै गौमाया वि.क.को मृत्यु भएको तथ्य पुष्टि हुन आएकोले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ.१३(३) नं.को कसुरमा ऐ.महलको १३(३) नं. ले सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई गरेको सुरू जिल्ला अदालतको फैसलामा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व नगरी जन्मकैद मात्र हुने ठहऱ्याएको उच्च अदालत पोखराको मिति २०७६।०३।१९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः मानबहादुर बिष्ट

कम्प्युटर अपरेटरः मन्जिता ढुंगाना

इति संवत् २०७७ साल साउन १५ गते रोज ५ शुभम् ।

३६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा. न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७६-CR-००१८, कर्तव्य ज्यान, नेपाल सरकार वि. नरेश पुन ०७६-RC-०१७१, नेपाल सरकार वि. हिरा बलामी मगर

अनुसन्धानमा सिता नेपालीले वारदातको दिन साँझ प्रतिवादी हिरा बलामी मगर र गिता नेपाली पुलनजिकै सँगै बसी रक्सी खाई कुराकानी गरी बसेका र आफूले गिता नेपालीलाई घर जाउँ भन्दा तिमी केही पर गई बस भनेकाले म पर गई बसेँ तर गिता नेपाली नआएपछि फोन गर्दा फोन बन्द थियो भन्ने बेहोराको कागज गरी अदालतमा सोही बेहोराको बकपत्र गरेबाट हिरा बलामी मगरको कर्तव्यबाट नै गिता नेपालीको मृत्यु भएको तथ्य पुष्टि हुन आएको देखिन्छ । प्रतिवादीले अदालतमा कसुरमा इन्कार रही बयान गरे तापनि निज प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान कागजको बेहोरा खण्डित हुने कुनै आधार प्रमाण पेस गर्न नसकेको अवस्थामा निज प्रतिवादीको मौकाको साबिती बयानलाई अन्यथा मान्नुपर्ने हो कि भन्ने अवस्थाको विद्यमानता नदेखिने ।

प्रतिवादी हिरा बलामी मगर अभियोग दाबीअनुसारको कसुरमा मौकामा साबित रहेको र सो तथ्यलाई घटना विवरण कागज गर्ने मानिसहरूले मौकामा तथा अदालतमा लेखाएको बेहोरा एवं मृतकको शव परीक्षण प्रतिवेदन पेस गर्ने विशेषज्ञले

गरेको बकपत्रसमेतबाट पुष्टि भएको हुँदा प्रतिवादी हिरा बलामी मगरले गिता नेपालीलाई लब्धी (न्वारा) खोलाको निर्माणाधीन पक्की पुलको छेउबाट खोलामा खसाली कर्तव्य गरी मारी खोलामा बगाइदिएको देखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. तथा १३(१) नं. विपरीतको कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू बागलुङ जिल्ला अदालतबाट भएको फैसलालाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा भएको कानूनी व्यवस्थाबमोजिम सर्वस्व गर्न नमिल्ने सन्दर्भमा निज प्रतिवादी हिरा बलामी मगरलाई सर्वस्व नगरी जन्मकैदको सजाय मात्र हुने ठहऱ्याएको उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएको फैसला कानूनसम्मत मिलेकै देखिने।

तसर्थ, प्रतिवादी हिरा बलामी मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू बागलुङ जिल्ला अदालतको फैसलामा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व नहुने कानूनी व्यवस्था रहेबाट निज प्रतिवादी हिरा बलामी मगरलाई जन्मकैदको सजाय हुने र अर्का प्रतिवादी केशव थापा भन्ने नरेश पुनलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू बागलुङ जिल्ला अदालतको फैसलालाई उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७५।१२।१० मा सदर हुने ठहऱ्याएको फैसला कानूनसम्मत मिलेकै देखिँदा प्रतिवादी हिरा बलामी मगरको हकमा साधकको रोहबाट हेर्दासमेत सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०७७ साल फागुन २ गते रोज १ शुभम्।

## इजलास नं.९

३७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा. न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१८०३, जबरजस्ती करणी, नेपाल सरकार वि. अब्दुल मिया भन्ने अब्दुल अहमद मोस्लीमसमेत

पीडितले दिएको किटानी जाहेरी, पीडित स्वयंले अदालतसमक्ष आई गरेको बकपत्र र पीडितको घाँटी छेउ, छाती, कुमलगायत कुहिना, हात नाडीसमेतमा खोस्रिएका घाउचोट जस्ता संघर्षका चिह्नहरू (Signs of Struggle) हुनु, पीडितको कपडा पेटीकोटमा वीर्य दाग लागेको भेटिनु र पीडितको स्वास्थ्य परीक्षणसमेतका मिसिल संलग्न प्रमाणहरूबाट पीडितउपर जबरजस्ती करणीको वारदात भएको कुरा स्थापित हुनआएको देखिने।

प्रतिवादीहरू मन्जुर मिया अंसारीसमेतले अदालतमा गरेको बयानमा इन्कारी गरेको देखिन्छ । साथै प्रतिवादीहरूका साक्षीहरू अमिन अंसारी, इसराइस मियालगायत अवास मिया, नथुनी अंसारीले घटना घटेको छैन भनी बकपत्र गरेको पाइन्छ भने घटना विवरण कागजमा बुझिएका मानिसहरू महमद अंसारीलगायत इदीस अंसारी, नजुबुल अंसारीसमेतले रिसइवी भएकाले प्रतिवादीहरूलाई फसाउनको लागि मोहीचन मियाले पूर्वयोजनाअनुसार जाहेरवालीलाई जाहेरी दिन लगाएको हो, जबरजस्ती करणी गरेका हैन भनी कागज गरेको भए तापनि प्रतिवादीहरूको इन्कारीसँगै जाहेरवालीले प्रतिवादीहरूलाई जबरजस्ती करणी जस्तो कसुरमा झुट्टा आरोप लगाउनुपर्नेसम्मको पूर्व रिसइवी भएको भन्ने मिसिल संलग्न प्रमाणमा समेत समावेश भएको नदेखिनुका साथै नारी अस्मितामा

आघात पुग्ने गरी आफ्नो सतीत्वमा पूर्णरूपले आजीवन दाग लाग्ने गरी झुट्ठा आरोप लगाउनुपर्नेसम्मको अन्य कारण केही देखिँदैन भने प्रतिवादीहरूले समेत यो यस कारणबाट झुट्ठा आरोप लगाएका भनी आधारसमेत खुलाउन सकेको पाइँदैन । यसै सम्बन्धमा, प्रतिवादीको अदालतको इन्कारी बयानको विरूद्धमा प्रमाण यथेष्ट मौजुद रहेको अवस्थामा अदालतको इन्कारी बयान मात्र निर्दोषिता साबित हुने एकमात्र आधार हुन नसक्ने भनी पुनरावेदक / वादी नेपाल सरकार विरूद्ध विपक्षी / प्रतिवादी चन्द्रप्रसाद तिवारी भन्ने चन्द्रबहादुर तिवारी भएको जबरजस्ती करणी मुद्दामा (ने.का.प. २०६९, अङ्क ८, नि.नं. ८८७८) यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादित भएको देखिन्छ । जसअनुसार प्रतिवादीले कसुर गरेकोमा निजको इन्कारी मात्रले कसुरदार कायम नहुने आधार बन्न सक्दैन । प्रमाण ऐन, २०३१ को दफा २७ तथा दफा २८ अनुसार आफू निर्दोष भएको जिकिर लिएकोमा आफ्नो जिकिरलाई तथ्यगत वस्तुनिष्ठ आधार पेस गरी निर्दोषिता प्रमाणित गराउनसकेको देखिँदैन । मिसिल संलग्न किटानी जाहेरी, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितले गरिदिएको बकपत्र, वादी नेपाल सरकारबाट प्रत्यक्षदर्शी भनिएका व्यक्तिहरूले गरिदिएको बकपत्रसमेतका तथ्यगत प्रमाणहरू तथा परिस्थितिजन्य प्रमाणहरूबाट समेत प्रतिवादीहरूमध्येका अब्दुल अहमद र सफि महमदको कसुर स्थापित हुन आई दुवै प्रतिवादीहरूले पीडितमाथि जबरजस्ती करणीको वारदात गरेको देखिन आएकोले यी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत जनकपुरको फैसला न्यायको रोहमा मिलेको नदेखिँदा उल्टी हुने ।

तसर्थ, अभियोग मागदाबीबमोजिम प्रत्यर्थी प्रतिवादीहरू अब्दुल अहमद र सफि महमदले जाहेरवालीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको नं. १ अनुसार कसुर गरेको ठहर्छ । अन्य प्रतिवादीहरू युनिस अंसारी, मन्जुर मिया अन्सुरी, लक्ष्मी अंसारी र कलम अंसारीले जबरजस्ती करणीको कसुर गर्न सहयोग गरेको हुनाले निजहरूले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. अनुसार कसुर गरेको ठहर्छ । प्रतिवादीहरू अब्दुल अहमद र सफि महमदलाई ऐ. महलको ३(५) अनुसार जनही पाँच वर्ष कैद सजाय हुने साथै ऐ. महलको ३क. नं. बमोजिम "कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेको वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्थाबमोजिम प्रतिवादीहरू अब्दुल अहमद र सफि महमदलाई थप पाँच वर्ष कैद सजाय हुने ठहर्छ र अन्य प्रतिवादीहरू युनिस अंसारी, मन्जुर मिया अन्सुरी, लक्ष्मी अंसारी र कलम अंसारीको हकमा जबरजस्ती करणी गर्न घेराउ गरी सो काममा मद्दत गरेकाले ऐ. महलको ४ नं. बमोजिम "जबरजस्ती करणी गर्ने भएको कुरा जानी थाहा पाई गरी सँग लागि जाने समाउने र सो काममा मद्दत दिनेलाई जनही तीन वर्षसम्म कैद गर्नुपर्छ ..." भन्ने प्रस्ट कानूनी व्यवस्थाबमोजिम जनही ६ महिना कैद सजाय हुने एवम् ऐ. महलको १०ग. नं. बमोजिम प्रतिवादीहरू अब्दुल अहमद र सफि महमदबाट पीडितलाई जनही रू.५०,०००।– (अक्षरूपी पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने भनी ठहर गर्नुपर्नेमा सो नगरी जबरजस्ती करणीको अभियोगदाबीबाट प्रतिवादीहरूले सफाइ पाउने ठहऱ्याएको सुरू सर्लाही जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।०३।०४ फैसला उल्टी भई प्रतिवादीहरू अब्दुल अहमद र सफि महमदलाई जनही १० वर्ष कैद र अन्य प्रतिवादीहरू

युनिस मिया अंसारी, मन्जुर मिया अंसारी, लक्ष्मी अंसारी र कलम अंसारीलाई जनही ६ महिना कैद र प्रतिवादी अब्दुल अहमद र सफि महमदबाट पीडितलाई जनही रू. ५०,०००।– (अक्षरूपी पचाँस हजार रुपैयाँ) रकम क्षतिपूर्ति भराइदिने।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी

फैसला लेखनमा सहयोग गर्ने : (शाखा अधिकृत) योमा मुलपती

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०७६ साल माघ १० गतेरोज ६ शुभम्।

३८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CR-१४२३, कर्तव्य ज्यान, नेपाल सरकार वि. सन्तबहादुर थापामगरसमेत

जनकबहादुर थापालाई मार्नका लागि प्रतिवादीहरू टंकबहादुर र सन्तबहादुरले आफूलाई केही रकम दिई बाँकी काम सम्पन्न भएपछि दिने भनेकोले वारदात मिति र स्थानमा म तथा श्याम राई मिली ढुङ्गाले टाउको र शरीरमा हिर्काई कर्तव्य गरी निजलाई मारेको हो भनी मुख्य प्रतिवादी कृष्णबहादुर क्याप्छाकी मगरले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा कसुर गरेको कुरामा साबित रहेको देखिएको छ । दाजुभाइको सल्लाहअनुसार कृष्णबहादुर क्याप्छाकीलाई रकम दिई झारफुकको लागि मिति २०६५/०६/१३ देखि नै घरमा ल्याएको, प्रतिवादी श्याम राई पनि कृष्णबहादुरसँगै घरमा आएको भनी प्रतिवादीहरू टंकबहादुर र सन्तबहादुर थापामगरले अनुसन्धानको क्रममा गरेको बयान, प्रतिवादी टंकबहादुर थापाको बाबु होमबहादुर र मृतक जनकबहादुरबिच रिसइबी थियो भनी भीमबहादुरले लेखाइदिएको बेहोराका साथै च्याङबा लामासमेतले कृष्णबहादुर क्याप्छाकीसमेत भई जनकबहादुरलाई मारेका हुन् भनी मौकामा लेखाएको कुरालाई मिसिल संलग्न शवपरीक्षण प्रतिवेदन, लासजाँच र घटनास्थल मुचुल्का जस्ता स्वतन्त्र प्रमाणले समेत पुष्टि गरेको अवस्था छ । यी प्रतिवादी कृष्णबहादुर क्याप्छाकीले अदालतमा आई बयान गर्दा जनकलाई मैले मारेको होइन श्याम राईले हानेकोसम्म थाहा छ भनेबाट वारदातको समयमा आफू घटनास्थलमा नै मौजुद रहेको कुरा अप्रत्यक्ष रूपमा स्वीकार गरेको देखिन्छ भने निजले पोल गरेका प्रतिवादी श्याम राई हाल फरार अवस्थामा रहेका छन् । मानिस मार्ने योजना बनाई, योजनाकारहरूबाट रकमसमेत लिई मृतकको घरनजिकै योजनाकारहरूकै घरमा गई दुई हप्ताभन्दा लामो समयसम्म बसी घटनासमेत घटिसकेको तथा मृतकलाई मार्ने काममा कृष्णबहादुर क्याप्छाकी मगर र श्याम राई भन्ने व्यक्ति सरिक थिए भनी अन्य प्रतिवादीहरूले अदालतमा आई गरेको बयान, शव परीक्षण प्रतिवेदनलगायतका संकलित सबुद प्रमाणहरू र अनुसन्धान प्रतिवेदनहरूले समर्थन गरेको अवस्थामा निजले अदालतमा आई गरेको इन्कारी बयानलाई मात्र आधार लिई निजलाई निर्दोष भन्न सकिने अवस्था देखिएन । निजले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई अन्यथा भन्न नसकेको र निज लामो समयसम्म प्रतिवादीहरूको घर निवासमा बस्नुपर्ने अन्य उचित प्रयोजनसमेत स्वतन्त्र तवरले खुल्न पुष्टि हुन नसकेको अवस्थामा रकम लिई स्वयम् सरिक भई कर्तव्य गरी मानिस मार्ने कार्य गरेको कुरा अनुसन्धानको बयान र कागजातबाट पुष्टि भएकोले यी प्रतिवादी कृष्णबहादुर क्याप्छाकी मगरले अदालतमा गरेको प्रमाणद्वारा असमर्थित इन्कारी बयानलाई मात्र प्रमाणमा लिन सकिने अवस्था देखिएन । अतः निज प्रतिवादी कृष्णबहादुर क्याप्छाकी मगरले मुख्य अभियुक्त भई अभियोगदाबीबमोजिमको कसुर अपराध गरेकै देखिन।

प्रतिवादीमध्येका टंकबहादुर थापामगर,

सन्तबहादुर थापा मगर, भिमबहादुर थापामगर र गोपाल थापामगरले पुनरावेदक नेपाल सरकारको दाबी अनुसारको कसुर गरे नगरेको तथा पुनरावेदक प्रतिवादीहरू टंकबहादुर थापामगर र सन्तबहादुर थापामगरले पुनरावेदनमा लिएको दाबी पुग्ने नपुग्ने सम्बन्धमा हेर्दा निजहरूबाट भए गरेका कार्य कसुर अपराधको कुन हदसम्म स्थापित हुन्छ वा हुँदैन भनी निर्णय गर्नुपूर्व घटना परिस्थिति र पेस भएका प्रमाणहरूको मूल्याङ्कनको आधारमा गर्नुपर्ने हुन्छ । चारैजना प्रतिवादीहरू मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा मुख्य अभियुक्तसरह स्वयम् सरिक भएको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुने अवस्था देखिन आएन। प्रतिवादीमध्येका टंकबहादुर थापामगर र सन्तबहादुर थापामगरको हकमा कर्तव्य गरी मृतकलाई मार्ने कार्यमा सरसल्लाह गरी योजनासमेत बनाई सो घटनाका मुख्य अभियुक्त कृष्णबहादुर क्याप्छाकी मगरसमेतलाई घरमा लगी पालिराखेको, त्यसरी घरमा लगी लामो समयसम्म पाली राख्नुपर्ने कामको समुचित प्रयोजन नखुलेको, मुख्य अभियुक्त रहेका कृष्णबहादुर क्याप्छाकीलाई घर शुद्धिका लागि ल्याएको भनेपनि घरशुद्धिको लागि उनीहरूले के के गरे भनी पुस्ट्याइँ गर्न नसकेको, अन्य तरिकाले यी प्रतिवादी र मुख्य अभियुक्तको नाता सम्बन्धसमेत स्थापित हुन नसकेको अवस्था हुँदा यी दुई प्रतिवादीहरूको संलग्नता उक्त कसुर अपराधका लागि मत सल्लाहमा पसी अरू किसिमको मतलबी रहेको पुष्टि हुन आउँछ । त्यस्तै, प्रतिवादीहरू भिमबहादुर थापा मगर र गोपाल थापा मगरको हकमा विचार गर्दा दुवैजना प्रतिवादीहरू आफैँ कसुरमा संलग्न नभएको, प्रतिवादी भिमबहादुरले मुख्य अभियुक्तलाई रकम दिई मानिस मार्न उक्साएको भने पनि त्यस्तो तथ्य स्वतन्त्र प्रमाणले पुष्टि हुन सकेको अवस्था छैन भने प्रतिवादी गोपाल थापाको हकमा जाहेरीमै नाम उल्लेख नभएको र निजलाई लगाइएको अभियोगदाबी पुष्टि गर्ने स्वतन्त्र प्रमाणको अभावमा यी प्रतिवादीहरू भिमबहादुर थापा र गोपाल थापा यस कसुर वा सोको योजनामा संलग्न रहे भएका थिए भनी ठोकुवा गर्न सक्ने अवस्था नहुँदा ज्यान मर्ने कार्यमा मत सल्लाहमा पसेको भन्ने अवस्था देखिएन। त्यस्तो अवस्था नदेखिएबाट निजहरूलाई केवल अनुमानको भरमा मात्र कसुरदार हुन् भनी ठहर गर्न मिलेन । तसर्थ, यी प्रतिवादीहरू भिमबहादुर थापामगर र गोपाल थापामगरले अभियोगदाबीबाट सफाइ पाउने नै देखियो । कृष्णबहादुर क्याप्छाकीलाई घर सुद्धिको लागि घरमा लगी राखेको भने पनि सोको प्रमाण गुजार्न नसकेको कारणबाट प्रतिवादी टंकबहादुर र सन्तबहादुरको पुनरावेदन जिकिर र निजका कानून व्यवसायीले बहसको क्रममा यी प्रतिवादीहरू निर्दोष छन् भनी गरेको तर्कसँग सहमत हुन सकिएन। त्यस्तै, प्रतिवादीहरू टंकबहादुर, सन्तबहादुर, भिमबहादुर र गोपलबहादुरले कर्तव्य गरी ज्यान मार्ने काममा प्रत्यक्ष सहभागी भई संयोग पार्ने कार्य गरेको नदेखिएबाट निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (४) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्थापित हुन सक्तैन। प्रतिवादीहरू टंकबहादुर र सन्तबहादुरले मुख्य अभियुक्त कृष्णबहादुर क्याप्छाकीलाई घरमा लगी पालिराखेको कारणबाट यस वारदातमा यी दुई प्रतिवादीहरूको अरू किसिमको मतलबी देखिएकोले निजहरूलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय गरेको मिलेकै देखिन्छ। प्रतिवादीहरू भिमबहादुर र गोपालबहादुरलाई हुनुपर्ने सजायको मागदाबी सम्बन्धमा सो कसुर अपराधमा निजहरूको संलग्नता रहेको भनी पुष्टि गर्ने स्वतन्त्र प्रमाणको अभावमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसमेत स्थापित हुनसक्ने देखिएन । अतः प्रतिवादीहरू टंकबहादुर थापामगर र सन्तबहादुर

थापामगरको हकमा निजहरूलाई कसुर अनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) नं. अनुसारको सजाय हुने तथा प्रतिवादीहरू भिमबहादुर थापामगर र गोपाल थापामगरले अभियोगदाबीबाट सफाइ पाउने गरी ठहर भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

यसप्रकार, वर्णित आधार कारणबाट प्रतिवादी कृष्णबहादुर क्याप्छाकी मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा सोहीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने, कर्तव्य गरी मृतकलाई मार्ने मुख्य प्रतिवादी कृष्णबहादुर क्याप्छाकी मगरलाई आफ्नो घरमा लगी पालिराखेकोसमेत आधार प्रमाणबाट प्रतिवादीद्वय सन्तबहादुर थापामगर र टंकबहादुर थापामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिम जनही ३ (तीन) वर्ष कैद सजाय हुने तथा प्रतिवादीहरू भिमबहादुर थापामगर र गोपाल थापामगर मृतकलाई मार्ने कार्यमा संलग्न भएको भन्ने निर्विवाद सबुद प्रमाणबाट नदेखिएकोले निजहरूले अभियोगदाबीबाट सफाइ पाउने ठहर्छ भनी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतले गरेको फैसलालाई पुनरावेदन र साधकको रोहबाट हेरी सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८/११/१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी कृष्णबहादुर क्याप्छाकी मगरको हकमा पुनरावेदन अदालत पाटनबाट पेस भएको साधक फैसलासमेत सदर हुने।

इजलास अधिकृत: ताराप्रसाद डाँगी

इति संवत् २०७६ साल आषाढ २ गते रोज २ शुभम्।

३९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०६९-WO-११९७, उत्प्रेषणयुक्त परमादेश, हमीद अन्सारी, काठमाडौं वि. नेपाल सरकार, परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं

मृतक रेगबहादुर बुढा मगरको परिवारले पाउने बिमा क्षतिपूर्तिको रकम साउदी रियल एक लाखको राजदूतावासको नाममा जारी भएको ६६६४९७४ नं. को चेक राजदूतावासको स्थानीय कर्मचारीले बुझेको र चेक प्राप्त भयो भनी रिट निवेदक स्वयंले सही गरेको उक्त चेक Saudi Investment Bank मा रहेको निज रिट निवेदकको निजी खातामा २१ जुन २०१० मा जम्मा गरेको र निजले एक लाख साउदी रियल ६ जुलाई २०१० मा ००००0१ नं. को चेकमार्फत झिकेको मिसिल संलग्न Bank Statement को प्रतिलिपिबाट देखिन्छ । मिसिल संलग्न राजदूतावासको पत्रको प्रतिलिपिबाट समेत उक्त बेहोरालाई समर्थन गरेको पाइन्छ । यसरी मृतकका परिवारलाई प्राप्त भएको बिमा क्षतिपूर्तिबापतको रकमको चेक राजदूतावासको खातामा जम्मा नगरी गैरकानूनी रूपमा आफ्नो निजी खातामा जम्मा गरी लिने खाने नियतले रकम निकालेको पाइन्छ । मृतकको पिताले क्षतिपूर्तिबापतको रकम नपाएको हुनाले कारबाही गरिपाउँ भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुर गरेपछि आयोगले रिट निवेदकलाई झिकाई अनुसन्धान गर्दा निजले उक्त रकम पीडितको परिवारलाई दिन मन्जुर गरेको र परराष्ट्र मन्त्रालयको खातामा साउदी रियल एक लाख बराबरको नेपाली रूपैयाँ १९,१६,०००।– (उन्नाइस लाख सोह्र हजार) जम्मा गरी भौचर पेस गरेपछि निजको नाममा रहेको उजुरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६८।३।१६ मा तामेलीमा राख्ने निर्णय गरेको देखिन्छ । यसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा आफ्नो राजीखुसीले पीडितका परिवारले पाउनुपर्ने बिमा क्षतिपूर्तिबापतको साउदी रियाल एक लाख बराबरको नेपाली रूपैयाँ

तिर्न बुझाउन मन्जुर छु भनी निवेदन दिएको पाइन्छ । सोहीअनुरूप मृतकको परिवारले पाउने प्रयोजनको लागि परराष्ट्र मन्त्रालयको खातामा जम्मा गरेको र सोही आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निज रिट निवेदकउपरको उजुरी तामेलीमा राखेको अवस्थासमेत हुँदा आफूले गरेको गल्ती स्वीकार गरी मृतकका परिवारले पाउने क्षतिपूर्तिबापतको रकम तिरे बुझाएको देखिन्छ । यसकारण परराष्ट्र मन्त्रालयको खातामा जम्मा गरेको रकम फिर्ता पाउँ भन्ने निवेदन दाबीसँग सहमत हुन नसकिने।

राजदूत जस्तो जिम्मेवार पदमा कार्यरत व्यक्तिले आफूले पूरा गर्नुपर्ने दायित्व समयमा नै पूरा नगरी मृतकका परिवारले पाउने क्षतिपूर्ति तथा बिमाको रकममध्ये एक लाख साउदी रियल आफूले लिने खाने उद्देश्य राखी राजदूतावासको नाममा तयार भएको चेक राजदूतावासको खातामा जम्मा नगरी आफ्नो व्यक्तिगत खातामा जम्मा गरी रकमसमेत निकाल्ने कार्य आफैँमा गैरकानूनी कार्य भएको र मृतकको परिवारले पाउने क्षतिपूर्तिबापतको रकम आफूले लिने खाने मनसाय राखेको कुरा पछि थाहा भएपछि आफूले गरेको गैरकानूनी कार्यबाट बाँच्नको लागि मृतकका परिवारले पाउने क्षतिपूर्ति बिमाबापतको रकम मृतकको परिवारले पाउने गरी परराष्ट्र मन्त्रालयको खातामा जम्मा गरिदिएको र सोही आधारमा निज विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको उजुरीसमेत तामेलीमा रहेको अवस्था मिसिल संलग्न कागज प्रमाणसमेतबाट देखिँदा निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी हुने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सूर्यप्रसाद भण्डारी

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७६ साल कार्तिक १४ गते रोज ५ शुभम्।

४०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७४-WO-०२२५, उत्प्रेषणसमेत, डोलिन्द्रप्रसाद शर्मा वि. नेपाल सरकार, शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं

तेजकुमार शर्मासमेत विरूद्ध साझा प्रकाशन सहकारी संस्था लिमिटेडको अध्यक्ष एवं महाप्रबन्धक डोलिन्द्रप्रसाद शर्मासमेत भएको उत्प्रेषण मुद्दामा साझा प्रकाशन सहकारी संस्था लिमिटेडको विनिमय, २०२१ को नियम ९ बमोजिम साझा प्रकाशनको अध्यक्ष र ३ जना सञ्चालक सदस्य मनोनयन साझा प्रकाशन सहकारी संस्थाबाट हुने व्यवस्था रहेकोमा सो विनियम विपरीत मिति २०७२/३/२३ र २०७२/४/१० मा विपक्षीहरू डोलिन्द्रप्रसाद शर्मालाई अध्यक्ष र प्रदिप नेपाल, दीनानाथ शर्मा र प्रा.डा. कृष्णहरी नेपाललाई शिक्षा मन्त्रालयबाट मनोनयन गरिएको हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रिट निवेदन मागदाबी रहेकोमा पुनरावेदन अदालत पाटनबाट साझा प्रकाशनको विनियम ९ बमोजिम ३ जना सञ्चालक र अध्यक्षको मनोनयन गर्ने अधिकार साझालाई रहेको देखिएकोले शिक्षा मन्त्रालय मन्त्रीस्तरीय मिति २०७२/३/२३ र मिति २०७२/४/१० को निर्णयानुसार विपक्षीहरू डोलिन्द्रप्रसाद शर्मालाई अध्यक्ष र प्रदिप नेपाल, दीनानाथ शर्मा र प्रा.डा. कृष्णहरी नेपाललाई सञ्चालक सदस्यको रूपमा मनोनयन गरेको निर्णय अधिकारविहीन देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ भनी मिति २०७३/१/१५ मा फैसला भएको देखिने।

उपर्युक्त पुनरावेदन अदालत पाटनको फैसलाउपर डोलिन्द्रप्रसाद शर्मासमेतले पुनरावेदन गरी पुनरावेदक साझा प्रकाशन सहकारी संस्था लिमिटेडको अध्यक्ष एवं महाप्रबन्धक डोलिन्द्रप्रसाद शर्मासमेत विरूद्ध प्रत्यर्थी तेजकुमार शर्मासमेत भएको

मुद्दा नं. ०७२-CI-१८१९ को उत्प्रेषण मुद्दामा यस अदालतबाट मिति २०७५।६।७ मा साझा प्रकाशन सहकारी संस्थाको अध्यक्ष र सञ्चालक सदस्यहरूको मनोनयन गर्ने अधिकार साझा प्रकाशन विनियम ९ बमोजिम शिक्षा मन्त्रीलाई हुने भन्ने स्पष्ट रूपमा कानूनी व्यवस्थाले प्रदान नै नगरेको अवस्थामा क्षेत्राधिकारको अभावमा विपक्षीहरू डोलिन्द्रप्रसाद शर्मालाई साझा प्रकाशन सहकारी संस्थाको अध्यक्ष र प्रदिप नेपाल, दीनानाथ शर्मा र प्रा.डा. कृष्णहरी नेपाललाई सञ्चालक सदस्यको रूपमा मनोनयन गर्ने गरी मिति २०७२/३/२१ र मिति २०७४/४/१० मा भएको मन्त्रीस्तर (शिक्षा मन्त्री) को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३/१/१५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी फैसला भएको देखिने।

यसरी प्रस्तुत रिट निवेदनका निवेदक डोलिन्द्रप्रसाद शर्माको साझा प्रकाशनमा अध्यक्षको रूपमा भएको नियुक्तिलाई नै वैधता नदिने गरी मिति पुनरावेदन अदालत पाटनबाट २०७३।१।१५ मा भएको फैसला सदर हुने ठहरी यस अदालतबाट मिति २०७५।६।७ मा भएको फैसलाबमोजिम पदमुक्त भइसकेको देखिँदा रिट निवेदकको मागबमोजिम रिट निवेदन जारी गर्नुको औचित्यता समाप्त भएकोले केही गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः- मतिना शाक्य

इति संवत् २०७६ साल फागुन २० गते रोज ३ शुभम्।

## इजलास नं.१०

४१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** ०७५-CR-०३९६, ०६००, जबरजस्ती करणी, सन्तोषकुमार चौधरी वि. नेपाल सरकार, अमिरकान्त चौधरीसमेत वि. नेपाल सरकार

पीडित महिला कन्चनपुर जीको बकपत्र अदालतमा एकैदिनमा नटुंगिई जिरह छुट्टै दिनमा गरेको पाइन्छ। यी पीडितले अदालतमा गरेको बकपत्रको अग्रभागमा अमिरकान्तसमेतका प्रतिवादीहरूले आफूलाई जबरजस्ती करणी गरेका हुन् भनी बकेको भए पनि जिरहमा अमिरकान्तलाई स्वेच्छाले करणी गर्न दिएको हुँ। अरू केटाहरूले मलाई करणी गरेनन्, समात्न आउँदा अमिरकान्तले मलाई बचाउन नआएकोले उसको नाम जबरजस्ती करणी गर्नेमा लेखाएकी हुँ भनी बोलेको पाइए तापनि निजले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान आफैंले लेखाएको हो भनी स.ज. १७ मा उल्लेख गरेको हुँदा जबरजस्ती करणी भएको होइन भन्ने पीडितको भनाइ नै विरोधाभासपूर्ण भई स्वतः खण्डित हुन पुगेको छ। यी महिलामाथि सो रात यी प्रतिवादीहरूले सामूहिक जबरजस्ती करणी गरेका हुन् भन्ने कुरा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, पीडितको मौकाको कागज, बुझिएका मानिसहरूको बकपत्र, पीडितको स्वास्थ्य परीक्षणसमेतबाट समर्थित भइरहँदा बकपत्र सुरू गरेकै दिनमा नभई अर्कै दिन गरेको जिरहबाट आफूमाथि जबरजस्ती भएको होइन भन्ने आशयको पीडित महिलाको प्रतिकूल बकपत्रलाई केवल संयोग मात्र मान्न सकिने अवस्था छैन। यस्तो विरोधाभासपूर्ण अवस्थामा प्रमाणको मूल्याङ्कन गर्दा घटना, परिस्थिति र अन्य सम्बद्ध प्रमाणहरूलाई कसुर वा बेकसुरको सामीप्यतासँग तुलना गरी न्यायिक निचोडमा पुग्नुपर्ने हुन्छ। रात रहे अग्राख पलाउँछ भन्ने मान्यता राख्ने हाम्रो सामाजिक परिवेशमा बकपत्र अधुरै राखी अदालतबाट बाहिर खुला परिवेसमा गएकी एक पीडित महिलाको उही बकपत्रको आंशिक प्रतिकूलता विभिन्न सामाजिक, पारिवारिक दबाब, प्रभावको उपज होइन भनी विश्वास गर्न सकिने परिस्थिति प्रस्तुत

मुद्दामा विद्यमान रहे भएको देखिन आएन। मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को स्पष्टीकरणको (क) खण्ड हेर्दा डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन भनी उल्लेख भएको पाइन्छ। यसरी यी प्रतिवादीहरूले डर, त्रास देखाई र खिचेको फोटो फेसबुकमा राखिदिने अनुचित प्रभावमा पारी करणी गरेको देखिँदा सो बखत मन्जुरी नै लिएर करणी गरेको भए तापनि त्यस्तो कार्यमा पीडितको मन्जुरी रहेको भनी भन्न सकिने अवस्था नदेखिने।

प्रतिवेदक प्रहरी नायब निरीक्षक उमेशप्रसाद यादव, उद्धारकर्ता उचितलाल मुखिया र शनिचर मुखियाले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी अमिरकान्त चौधरीसमेतका ६ जनाले सामूहिक जबरजस्ती करणी गरेको मानसिक विक्षिप्तताको अवस्थामा आत्महत्या गर्न तम्सेकी यी पीडितलाई मिति २०७२।१।३१ गते अन्दाजी ११:०० बजेको समयमा सप्तकोशीको पुलको ५१ र ५२ नं. को ढोकाको बिचबाट उद्धार गरेका हौँ भनी लेखाएका छन्। यस्तो अवस्थामा यी पीडितले आत्महत्यासम्मको प्रयास गर्नुपर्ने अन्य कुनै परिस्थिति जिम्मेवार थियो भन्ने कुरा अनुसन्धानका क्रममा खुलेको नदेखिँदा आफ्नै प्रेमीसँग स्वेच्छाले यौन सम्पर्क गरेकी महिलाले आत्महत्या गर्नेसम्मको घोर निराशापूर्ण र अत्यन्त कठोर निर्णय लिइन् होला भनी विश्वास गर्न सकिने परिस्थितिसमेत रहे भएको देखिन आएन। पीडितले अदालतमा बकपत्र गर्दै गर्दाको अवस्थामा अर्को दिन जिरहको जवाफमा प्रतिवादीलाई निजहरूले आफूउपर गरेको जबरजस्ती करणीको कसुरबाट उन्मुक्ति दिने गरी बकपत्र गरेको पाइन्छ। प्रतिवादीहरूको घर गाउँ एकै ठाउँमा रहेको छ। जाति, नाता आदिले प्रतिवादी र पीडितबिच छोएको र घेरेको पनि हुन्छ। प्रतिवादीहरू कारागारबाट छुटेर आएपछि त्यही घर गाउँ समाजमा नै बस्ने हुन्छ। यस स्थितिमा पीडितले प्रतिवादीबाट असुरक्षा महसुस गरेका हुन्छन् भने यही पृष्ठभूमिमा गरिबी, आर्थिक अवस्था र पीडित महिलाको भविष्य र अस्मिताको कारणले पनि घर गाउँमा नातागोता इष्टमित्रबाट दबाब परी पीडितले विपरीत अर्थात् प्रतिवादीको पक्षमा बकपत्र गरिदिने गरेको पाइन्छ। यस्तो बकपत्रलाई प्रमाणको कुन स्तरमा कसरी लिने भन्ने सम्बन्धमा उही फेरि मिसिलकै अन्य तथ्यमा पुग्नुपर्ने हुन्छ। प्रतिवादी रहेका अमिरकान्त चौधरीले मौकामा कसुरप्रति आफू साबित रही अन्य प्रतिवादीसमेतलाई पोल गरेका छन्। पीडितले मौकामा प्रतिवादीहरू विरूद्ध किटानी जाहेरी दिई बकपत्र पनि गरिदिएकी छिन्। यहाँसम्म कि अदालतमा सुरूको दिनमा पनि कसुरलाई पुष्टि गर्ने गरी बकपत्र गरिदिएकी छिन्। अर्को दिनको जिरहको बकपत्रमा मात्र प्रतिवादी पक्षको दबाब र प्रभावमा परी कसुरबाट प्रतिवादीहरूलाई उन्मुक्ति दिने गरी मात्र जवाफ दिएकी छिन्। पीडितको बकपत्रको यो बेहोरालाई शून्यको अवस्थामा राख्दा पनि पीडितको योनिको कन्याजाली नरहेको अवस्था छ। योनिभित्र पुरूष वीर्य रहेको अवस्था छ। अर्का प्रतिवादीले जबरजस्ती करणीको क्रिया हुँदाको अवस्थामा लिएको फोटो भिडियो सामाजिक सञ्जालमा राखिदिने भनी दिएको धम्कीपूर्ण दबाबको कारणले पीडितले आफ्नो अस्मितामाथि आँच आउने भएर सो बेइज्जती सहन नसकी आत्महत्या गर्न कोशी नदीमा हाम फालेको अवस्था छ। प्रतिवादीले पीडितलाई विवाह गर्छु भनी बोलाई आफू र अन्य साथीहरूसमेत मिली सामूहिक रूपमा करणी गरेको कार्यलाई मन्जुरीबाट मात्र करणी गरेको भन्न नमिली अनुचित प्रभाव र झुक्यानमा पारी करणी गरेको मानिन्छ। यस्तो पृष्ठभूमिबाट गरेको करणीको क्रिया जबरजस्ती करणीको दायराभित्र नै पर्न आउँछ। साथै, पीडितले प्रतिवादीको हितमा

प्रतिकूल बकपत्र गरिदिएकै अवस्था र परिस्थिति पीडितको योनि परीक्षण प्रतिवेदन जस्ता भौतिक प्रमाणहरूले पीडितउपरको कसुर पुष्टि गरेको अवस्थामा प्रतिवादीहरूलाई कसुरबाट उन्मुक्ति दिन मिल्ने अवस्था हुन नसक्ने।

मौकामा फरार रहेका प्रतिवादी सन्तोषकुमार चौधरी र निरनकुमार चौधरीले सुरू जिल्ला अदालतसमक्ष इन्कारी बयान गरेको भए तापनि मौकामा पक्राउ परेका प्रतिवादी अमिरकान्त चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुरमा साबित भई यी प्रतिवादीहरूलाई पोल गरेको पाइन्छ । पीडिताले घटना विवरण कागज गर्दा र सुरू अदालतसमक्ष गरेको बकपत्रले पनि प्रतिवादीउपरको अभियोगलाई समर्थन गरेको अवस्था छ। प्रतिवादीउपर पीडितले गरेको किटानी बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणमा लिन हुन्छ। करणीको अपराधमा सामान्यतः चश्मदिद गवाहको अभाव नै रहने हुँदा अन्य स्वतन्त्र प्रमाणले समर्थन गरेको अवस्थामा पीडितको मौकाको भनाइलाई मात्र पनि प्रमाणको रूपमा ग्रहण गरी न्याय निरूपण गर्नुपर्ने हुन्छ । अमिरकान्त चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा आफू साबित भई अन्य प्रतिवादीहरूलाई पोल गरी गरेको बयानलाई जाहेरवाला, पीडित, बुझिएका प्रतिवेदक र स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतले पुष्टि गरिरहेको अवस्थामा यी प्रतिवादीहरूउपरको कसुर ठहर हुने गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसलालाई अन्यथा भन्न नसकिने।

अतः प्रतिवादी अमिरकान्त चौधरी, निरनकुमार चौधरी, सन्तोषकुमार चौधरी, सुनिलकुमार चौधरी, अनिलकुमार चौधरी र प्रेम चौधरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ (पाँच) वर्ष कैद र सामूहिक जबरजस्ती करणीतर्फ सोही ऐन, महलको ३(क) नं बमोजिम थप ५ (पाँच) वर्ष कैदसमेत गरी जनही १० (दश) वर्ष कैद सजाय हुने र पीडितको शारीरिक तथा मानसिक अवस्थासमेतलाई विचार गरी सोही ऐन, महलको १०नं. बमोजिम प्रतिवादीहरूबाट रू.५०,०००।- (पचास हजार) पीडितले क्षतिपूर्तिसमेत भराइलिन पाउने ठहर गरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०७३/११/१० मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७४/१०/१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल कार्तिक ५ गते रोज ३ शुभम्।

४२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७३-CR-१४००, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. पारस लोहनीसमेत

प्रतिवादीमध्येका पारस लोहनीले अनुसन्धान अधिकारीसमक्षको बयानमा म्यानपावरमार्फत जाहेरवाला रेशम भुजेलसमेत ३५ जनालाई वैदेशिक रोजगारमा मकाउ मुलुकमा पठाउनका लागि विभिन्न मितिमा सक्कल राहदानी र रिसिप्टबमोजिमको रकम लिएको हुँ, कम्पनीले जाहेरवालाहरूमध्ये कतिपयको भिसा पनि पठाएको थियो, आर्थिक मन्दीले गर्दा सो कम्पनी खारेज भएकोले वैदेशिक रोजगारमा पठाउन नसकेको र जाहेरवालामध्ये धेरैलाई रकम फिर्ता गरिसकेको छु, फिर्ता गर्न बाँकी रकम पनि समय पाएमा फिर्ता गर्न तयार छु, म सूर्य भुजेल, संजय सिंह बस्नेतसमेतले सो प्रा.लि. नामसारी गरी लिएको हो, रकम उठाउनुअघि पूर्वस्वीकृति लिएको तथा रकम

उठाउने कार्यमा सूर्य भुजेल, संजय सिंह बस्नेत संलग्न भई गरेको हो भनी बेहोरा लेखाएको पाइने।

अर्का प्रतिवादी तारा घिमिरेले रेसुङ्गा इन्टरनेसनल प्रा.लि.इ.प.नं.६२१ मा बुझाइदिनु भनी दाइले भनेको हुँदा मेरो दाइबाट रू.३,००,०००।- (तीन लाख रूपैयाँ) रकम बुझिलिई मेनपावरमा बुझाएको अरू कसैबाट पैसा उठाएको छैन भनी र पारस लोहनीले उजुरीकर्ताहरूलाई दिनुपर्ने बिगो, हर्जाना, क्षतिपूर्तिलगायतका रकम वैदेशिक रोजगार विभागको लेखा शाखामा पुर्याइदिनु भनेको हुँदा चिनजानको मानिस भएकोले सामान्य सहयोग गरेको हुँ भनी शंकर खड्काले वैदेशिक रोजगार विभागसमक्ष बयान गरेको पाइने।

प्रतिवादी पारस लोहनीले उक्त रेसुङ्गा इन्टरनेसनल प्रा.लि. कम्पनीको सञ्चालकको रूपमा कम्पनीले पूरा गर्नुपर्ने दायित्व पूरा गरी अधिकांश जाहेरवालाहरूलाई रकमसमेत फरफारक गरिसकेको देखिन आएको हुँदा दर्तावाला व्यक्तिहरू तथा मतियार भनी अन्य प्रतिवादीहरूसमेत उपर लिइएको अभियोग दाबी अस्पष्ट रहेको पाइयो। साथै अधिकांश जाहेरवालाहरूले बिगोसमेत प्राप्त गरी उजुरी नै फिर्ता लिइसकेको परिप्रेक्ष्यमा के कति जाहेरवालाको रकम फिर्ता गर्न बाँकी छ भन्ने स्पष्ट नखुलाई एकमुष्ट बिगो दाबी गरी अभियोगपत्र दायर गरेको देखियो। वादीले आफ्नो अभियोग दाबी प्रमाणित गर्न नसकेको स्थितिमा ठोस र वस्तुनिष्ठ प्रमाणको अभावमा यी प्रतिवादीहरूलाई आरोपित कसुरबमोजिम सजाय गर्न सक्ने अवस्थासमेत देखिएन। साथै प्रस्तुत मुद्दा वैदेशिक रोजगार ऐन, २०६४ को दफा २० र दफा ५१ बमोजिम उठान भएको देखिन्छ, उक्त ऐनमा भएको कानूनी व्यवस्थालाई हेर्दा, इजाजतपत्रवालाले सम्बन्धित मुलुकमा प्रवेश गर्ने अवधि किटान भएकोमा सो अवधिभित्र र अवधि किटान नभएकोमा श्रम स्वीकृति लिएको मितिले तीन महिनाभित्र सम्बन्धित कामदारलाई वैदेशिक रोजगारमा पठाउनुपर्ने छ। (२) उपदफा (१) बमोजिमको म्यादभित्र कामदारलाई वैदेशिक रोजगारमा पठाउन नसकेमा सम्बन्धित इजाजतपत्रवालाले सम्बन्धित कामदारबाट बुझिलिएको रकम र सो रकममा वार्षिक पच्चिस प्रतिशत रकम थप गरीसमेत जोडी तीस दिनभित्र फिर्ता गर्नुपर्ने छ भन्ने र दफा ५१ मा रकम फिर्ता गर्न वा क्षतिपूर्ति दिन इन्कार गरेमा ... इजाजतपत्रवालाले राखेको नगद धरौटीबाट सम्बन्धित कामदारलाई त्यस्तो रकम फिर्ता गराई वा क्षतिपूर्ति भराई एक लाख रूपैयाँ जरिवाना गर्न र इजाजतपत्र रद्द गर्न सक्ने छ। (२) उपदफा (१) बमोजिम रकम फिर्ता गराइएको वा क्षतिपूर्ति भराइएकोमा इजाजतपत्रवालाले दफा ११ बमोजिम राखेको नगद धरौटी रकमबाट सम्बन्धित कामदारलाई रकम फिर्ता गर्दा वा क्षतिपूर्ति भराउँदा नपुग भएमा विभागले त्यस्तो नपुग हुन गएको रकम बुझाउनको लागि इजाजतपत्रवालालाई साठी दिनको म्याद दिने छ र सो म्यादभित्र रकम नबुझाएमा इजाजतपत्रवालाको जायजेथाबाट सो रकम असुलउपर गरिने छ भन्ने व्यवस्था रहेको र सोहीबमोजिम कारबाहीसमेत अगाडि बढाउनुपर्नेमा सोबमोजिम नभएको भनी वैदेशिक रोजगार न्यायाधिकरणबाट अभियोग दाबी खारेज हुने गरी भएको फैसलालाई अन्यथा भन्न सकिएन। प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादीहरूउपरको अभियोग दाबी खारेज हुने ठहर गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।१०।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल

सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: उषा श्रेष्ठ

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७६ साल आश्विन १ गते रोज ४ शुभम् ।

## इजलास नं.१२

४३

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७७-RC-००७३, कर्तव्य ज्यान, नेपाल सरकार वि. चोकट सहनीसमेत

प्रतिवादीमध्येका चोकट सहनीले अदालतमा बयान गर्दा विदेश भारत, पंजाव, हरियाणा गएको थिएँ भनी कसुर गरेकोमा इन्कार रही बयान गरेको भए तापनि वारदात मितिमा वारदात स्थलमा नरहेको भन्ने जिकिरलाई निजले साक्षी प्रमाण प्रस्तुत गरी प्रमाणित गराउन सकेको पाइँदैन । त्यस्तै अर्का प्रतिवादी लखन सहनीले अदालतमा बयान गर्दा उक्त वारदात समयमा गाउँमै धान काटिरहेको थिएँ । खुश्बुदेवीले फाँसी / झुण्डी आत्महत्या गरेको हो । खुश्बुदेवीको लासको सदगत भुतही खोलामा खाल्डो खनी निजको पति रामवली सहनी, ससुरा चोकट सहनी र सासू कोशिला देवीले गरेका हुन् । खुश्बुको दाहसंस्कार भएको कुरा सुनी थाहा पाएको थिएँ । यसमा मेरो कुनै संलग्नता छैन भनी कसुरमा इन्कार रही बयान गरेको भए तापनि आफ्नो इन्कारी बयानलाई पुष्टि गर्ने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रतिवादीहरूउपरको किटानी जाहेरी तथा जाहेरी दरखास्तको बेहोरालाई समर्थन गर्दै प्रतिवादीहरूसमेतले खुश्बुदेवीलाई दाइजोको विषयलाई लिएर कुटपिट गरी कर्तव्य गरी मारी मृतक लास खोलाको बगरमा गाडी बेपत्ता पारेको हो भनी जाहेरवालाले अदालतमा गरेको बकपत्र, घटना विवरण कागज गर्ने लालबाबु सहनीसमेतले खुश्बुदेवीको लास गाडेको ठाउँबाट निकालेको हो, लासको टाउको, खुट्टासमेतमा चोट लागेको थियो भनी गरेको बकपत्र वारदात लगत्तै पक्राउ परेका प्रतिवादी लक्ष्मीनियादेवीले यी प्रतिवादीहरूसमेत भई बुहारी खुश्बुदेवीलाई दाउरा लाठीसमेतले टाउको, हात, गोडासमेतमा प्रहार गरी मारी भुतही खोलामा लगी गाडेको हो भनी मौकामा गरेको बयान, घाँटीमा डोरीले कसिएको जस्तो डाम देखिएको बायाँ खुट्टाको तल्लो भाग तथा शरीरका विभिन्न भागहरूमा घाउ चोटहरू देखिन आएको भन्ने लासजाँच प्रकृति मुचुल्का एवं शव परीक्षण प्रतिवेदनमा Hemorrhage excessive bleeding भनी उल्लेख भएको मृत्युको कारणसमेतबाट खुश्बुदेवीलाई कर्तव्य गरी मार्ने कार्यमा प्रतिवादीहरू चोकट सहनी र लखन सहनीसमेतको संलग्नता रहेको पुष्टि हुन आउँछ । यसरी यी प्रतिवादीहरू चोकट सहनी र लखन सहनीले खुश्बुदेवीलाई निजको घरकोठामा थुनी दाउरा लाठीसमेतले टाउको, हात, गोडासमेतमा कुटपिट गरी कर्तव्य गरी मारेको भन्ने स-प्रमाण पुष्टि भएको हुँदा निज प्रतिवादीहरूले तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम कसुर गरेको ठहऱ्याएको उच्च अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दामा मृतक खुश्बुदेवीले दाइजो नल्याएकै कारण आफ्नो सासू, ससुरा, पतिलगायत परिवारका अन्य सदस्यहरूसमेत भई निज खुश्बुदेवीलाई मार्ने सल्लाह योजना बनाई कुटपिट गरी कर्तव्य गरी मारी खुश्बुदेवीको मृत लाससमेत लुकाई गाडेको अवस्था छ । यसरी उक्त वारदातमा यी प्रतिवादीहरू चोकट सहनी र लखन सहनीको पूर्ण संलग्नता रहेको मिसिल संलग्न कागजातहरूबाट स-प्रमाण पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूलाई जन्मकैदको सजाय गरेको मिलेकै देखिने ।

अत: प्रतिवादीहरू चोकट सहनी र लखन

सहनीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरी सुरू बारा जिल्ला अदालतबाट मिति २०७५।११।१५ मा भएको फैसला सदर गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।११।२१ मा प्रतिवादी चोकट सहनी र लखन सहनीको हकमा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: मञ्जु शर्मा

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७८ साल असार ११ गते रोज ६ शुभम्।

४४

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७५-CR-१७३८, जबरजस्ती करणी, पुजन बल वि. नेपाल सरकार

सुरू मिसिल संलग्न भई खामबन्दी गरी परिचय गोप्य राखिएको निज पीडितको जन्म दर्ता प्रमाणपत्र हेर्दा मिति २०६४।०८।२८ मा निजको जन्म भएको पाइएको र वारदात मिति २०७४।०३।२९ मा निज पीडित १० वर्षभन्दा कम उमेरकी देखिएकोले १० वर्षभन्दा कम उमेरकी नाबालिकालाई वारदातको समयमा १८ वर्ष पूरा भएका यी पुनरावेदक प्रतिवादी पुजन बलले जबरजस्ती करणी गरेको देखिने।

प्रतिवादीले आफ्नो पुनरावेदनपत्रमा पीडितको सुरूवालमा रगत लागेको तर खाटको विस्तरामा रगत लागेको छैन । रगत लागेको भनिएको सुरूवाल परीक्षणमा पठाइएको छैन । पीडित, जाहेरवाली, डाक्टर र घटनास्थल विवरणले एकअर्कालाई समर्थित गरेको छैन। पीडित मामाघरमा बसी आएकोमा मामाघरका सदस्यबाट पीडित भएपछि वा कुनै दुर्घटना भई यी पीडितलाई घाउचोट लागेपछि त्यसको दोष मलाई देखाइएको देखिन्छ । सुरू अदालतले डाक्टरको राय लिने काम भएन । मबाट जबरजस्ती करणी भएको छैन, भएको भए घर्षणका चिह्नहरू हुनुपर्ने भनी लिइएको जिकिरका सम्बन्धमा हेर्दा, प्रतिवादीउपर किटानी जाहेरी परेको, मौकामा र अदालतसमक्षसमेत जाहेरवाली र स्वयं पीडितले किटानी बकपत्र गरेको, तत्काल गरिएको पीडितको स्वास्थ्य परीक्षणबाट पनि जबरजस्ती करणी प्रमाणित भइरहेको, सो कुरालाई समर्थित हुने गरी यी पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष साबिती बयान गरेको अवस्थामा आफ्नो निर्दोषिता पुष्टि गर्ने स्पष्ट प्रमाण प्रतिवादीले देखाउन नसकेकाले निर्दोष छु भन्ने यी पुनरावेदक प्रतिवादीको कथन विश्वसनीय नदेखिने।

वारदातको दिन घरमा पीडित एक्लै बसी टि.भि. हेरिरहेको अवस्थामा, घरमा कोही नभएको मौका छोपी प्रतिवादी पुजन बलले पीडितलाई खाटमा लडाई पीडितको मुख थुनी खुट्टाले थिची भाग्न कराउन नदिई जबरजस्ती करणी गरी कसैलाई भनिस् भने मारिदिन्छु भनी त्यहाँबाट भागी गएको भन्ने किटानीपूर्वक पीडितले मौकामा गरेको कागज तथा अदालतमा गरेको बकपत्र, प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त र जाहेरवालाले अदालतमा गरेको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादीले मौकामा गरेको साबिती बयान, मौकामा गरिदिएको घटना विवरण कागज तथा निजहरूले अदालतमा गरेको किटानी बकपत्रसमेतबाट पुनरावेदक प्रतिवादीले पीडित नाबालिकालाई जबरजस्ती करणी गरेको कसुर पुष्टि हुन आउने।

साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । त्यसैगरी ऐ.

महलको ३(१) नं. मा जबरजस्ती करणी गर्नेलाई दश वर्षभन्दा मुनिकी बालिका भए १० देखि १५ वर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था रहेको छ। सुरू मकवानपुर जिल्ला अदालत र उच्च अदालत पाटन हेटौंडा इजलासबाट निज पुनरावेदकलाई उक्त कानूनमा तोकिएको सजायमा न्यूनतम १० वर्ष कैदको सजाय भएको देखिन्छ। १० वर्षभन्दा मुनिकी बालिकालाई जबरजस्ती करणी गरेको पुष्टि भएको अवस्थामा निज पुनरावेदक प्रतिवादीलाई गरिएको उक्त सजाय मनासिबै देखिने।

अतः प्रतिवादीउपर किटानी जाहेरी परेको, सो जाहेरी बेहोरालाई समर्थन हुने गरी पीडितले मौकामा कागज गरी दिई अदालत समक्षसमेत बकपत्र गरी दिएको, Hymenal tear @ 2 o'clock & 7 o'clock position. Swollen labia majora. भन्नेसमेत उल्लेख भएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, घटना विवरण कागज गर्ने व्यक्तिहरूले वारदात पुष्टि हुने गरी लेखाई दिएको मौकाको कागज तथा निजहरूले अदालतमा गरी दिएको बकपत्र र पीडित बालिकालाई करणी गरेकोमा साबित भई अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी पुजन बलले गरेको बयानसमेतबाट १० वर्षभन्दा कम उमेरकी नाबालिका पीडित परिवर्तित नाम ३१(०७३/७४-८०) लाई घरमा कोही नभएको मौका छोपी यी पुनरावेदक प्रतिवादी पुजन बलले जबरजस्ती करणी गरी कसैलाई भनिस् भने मारिदिन्छु भनी डर धम्कीसमेत दिई वारदातस्थलबाट भागी गएको देखिन आई यी पुनरावेदक प्रतिवादीउपरको अभियोग दाबी पुष्टि भइरहेको देखिँदा यी पुनरावेदक प्रतिवादी पुजन बललाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम कैद वर्ष १० (दश) सजाय हुने र सोही महलको १० नं.बमोजिम प्रतिवादीबाट पीडितलाई रू.२,००,०००।- (दुई लाख) क्षतिपूर्ति भराइदिने ठहर गरी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७४।११।८ मा भएको सुरू फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७५।५।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी पुजन बलको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः कृति बहादुर बस्नेत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल भदौ २९ गते रोज ३ शुभम्।